भन्सार कार्यविधिहरूको सरलीकरण तथा सामञ्जस्यीकरण
सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

# संशोधन गर्ने प्रोटोकल



WORLD CUSTOMS ORGANIZATION

भन्सार सहयोग परिषद्
(विश्व भन्सार संगठन)

२६ जनवरी, २०१५

रुई दु मार्क्से ३०
वि - १२१० (ब्रसेल्स)

यो नेपाली भाषामा अनुवाद विश्व भन्सार संगठनबाट प्रकाशित आधिकारिक अंग्रेजी प्रतिमा आधारित छ । यस अनुवादमा कुनै अस्पष्टता भएमा विश्व भन्सार संगठनबाट प्रकाशित अंग्रेजी प्रति नै आधिकारिक हुनेछ ।

**भन्सार विभाग**

This work was supported by the Asian Developmnent Bank through the project, JFPR 8442 supporting participation in the South Asia Sub-Regional Economic Cooperation Trade Facilitation Program in Nepal.

**Department of Customs**

# भन्सार कार्यविधिहरूको सरलीकरण तथा सामन्जस्यीकरण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि

# संशोधन गर्ने प्रोटोकल

भन्सार सहयोग परिषद्
(विश्व भन्सार संगठन)

रुई दु मार्क्से ३०
वि–१२१० (ब्रसेल्स)

नेपाल सरकार
अर्थ मन्त्रालय
# भन्सार विभाग

फोन नं. ४-२५९७९३, ४-२५९७९१, ४-२५९९१५, ४-२५९७६३
एक्सचेन्ज : ४-२५९९४२
फ्याक्स नं. : ४-२५९८०८
त्रिपुरेश्वर
काठमाडौं, नेपाल ।



## मन्तव्य

विश्व भन्सार संगठनबाट प्रतिपादित "**भन्सार कार्यविधिहरुको सरलीकरण तथा सामञ्जस्यीकरण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संशोधन गर्ने प्रोटोकल**" लाई नेपालीमा अनुवाद गरी ६३औं अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा प्रकाशित गर्न पाउँदा मलाई हर्ष लागेको छ। संशोधित क्योटो महासन्धिका रुपमा चिनिने यो महासन्धिमा विश्व भन्सार संगठनका ९८ सदस्य मुलुक तथा आर्थिक संघहरुले आफ्नो सम्मिलन जनाइसकेका छन्। दक्षिण एशियाका पाँचवटा मुलुकहरु (भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र भुटान) यस सूचीमा पर्दछन्। नेपाल सरकारले यो महासन्धि र यसका सामान्य प्रावधानमा नेपाल सम्मिलन हुनका लागि व्यवस्थापिका–संसदमा प्रस्ताव पेश गर्न स्वीकृती प्रदान गरिसकेको छ।

विश्वव्यापीरुपमा संशोधित क्योटो महासन्धिलाई भन्सार सुधारको मार्गचित्रका रुपमा लिइन्छ। यसका सामान्य तथा विशेष अनुसूचीहरुका मापदण्डहरुमा कर महसुल संकलन, भन्सार नियन्त्रण, सूचना प्रविधिको प्रयोग, भन्सार जाँचपासका प्रक्रिया आदि समेटिएका छन्। नेपालको भन्सार सम्बन्धी ऐन कानूनहरुमा यसका सामान्य अनुसूचीका अधिकांश मापदण्डहरुलाई समावेश गरिसकिएको छ। समावेश गर्न बाँकी केही मापदण्डहरुलाई भन्सार सम्बन्धी ऐन कानूनमा क्रमशः समावेश गर्दै जानुपर्ने अवस्था रहेको छ।

संशोधित क्योटो महासन्धिका प्रावधान अनुरुप भन्सारका ऐन कानूनलाई समयसापेक्ष सुधार गर्न, भन्सार प्रशासनको दक्षता र प्रभावकारितामा अभिवृद्धि गर्न, पूर्वानुमान र पारदर्शी भन्सारका कार्यविधिहरुको कार्यान्वयन गरी व्यापार सहजीकरण गर्न संशोधित क्योटो महासन्धिलाई नेपाली भाषामा अनुवाद गरिएको हो। यो प्रकाशन आधुनिक भन्सार प्रशासनले अवलम्बन गर्नुपर्ने उत्तम पद्दती र मापदण्डहरुका विषयमा नीति निर्माता, भन्सार प्रशासनमा कार्यरत कर्मचारी, उद्योगी, व्यवसायी, अध्ययनकर्ता र सरोकारवालाहरुलाई उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

अन्तमा, यो पुस्तक अनुवाद एवं प्रकाशन गर्न एशियाली विकास बैंकले प्रदान गरेको प्राविधिक सहयोग प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु। साथै, नेपाली भाषाको प्रति परिमार्जन गर्न सहयोग गर्नु हुने भन्सार विभागका निर्देशक श्री अच्युतप्रसाद शिवाकोटी, शाखा अधिकृतद्वय श्री गोपालप्रसाद भट्टराई र श्री अनन्तप्रसाद तिम्सिना र एशियाली विकास बैंकका राष्ट्रिय व्यापार विशेषज्ञ श्री श्यामप्रसाद दाहाललाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु।

शिशिरकुमार ढुङ्गाना
महानिर्देशक
भन्सार विभाग

२०७१ माघ १२

E-mail : it@customs.gov.np
Website : www.customs.gov.np

# विषयसुची[i]


**परिशिष्ट १ भन्सार कार्यविधिहरूको सरलीकरण तथा सामञ्जस्यीकरण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संशोधन गर्ने प्रोटोकल** **१**

**परिच्छेद १ परिभाषा** **३**

**परिच्छेद २ क्षेत्र तथा संरचना** **५**

**परिच्छेद ३ महासन्धिको व्यवस्थापन** **७**

**परिच्छेद ४ संविदाकारी पक्ष** **१०**

**परिच्छेद ५ अन्तिम व्यवस्थाहरु** **१७**

**परिशिष्ट २ सामान्य अनुसूची** **१९**

**परिच्छेद १ सामान्य सिद्धान्त** **२०**

**परिच्छेद २ परिभाषा** **२१**

**परिच्छेद ३ जाँचपास तथा अन्य भन्सार प्रक्रिया** **२४**

**परिच्छेद ४ महसुल र कर** **३४**

(क) महसुल र कर निर्धारण, संकलन र दाखिला ३४

(ख) महसुल र करको पछि हुने भुक्तानी ३६

(ग) महसुल र कर पुनः भुक्तानी ३६

**परिच्छेद ५ सुरक्षण** **३८**

**परिच्छेद ६ भन्सार नियन्त्रण** **३९**

**परिच्छेद ७ सूचना प्रविधिको प्रयोग** **४१**

**परिच्छेद ८ भन्सार र तेस्रो पक्ष बीचको सम्बन्ध** **४२**

**परिच्छेद ९ भन्सारको जानकारी, निर्णय र आदेश** **४३**

(क) सामान्य प्रयोगका जानकारी ४३

(ख) विशेष प्रकृतिका जानकारी ४३

(ग) निर्णय र आदेश ४४

**परिच्छेद १० भन्सार सम्बन्धी पुनरावेदन** **४५**

(क) पुनरावेदनको अधिकार ४५

(ख) पुनरावेदनको ढाँचा र आधार ४६

(ग) पुनरावेदनमा कारबाही ४६

**परिशिष्ट ३ विशेष अनुसूची** **४७**

**अनुसूची क भन्सार क्षेत्रमा मालवस्तुको प्रवेश** **४९**

परिच्छेद १ मालवस्तु घोषणा पेस गर्नुपूर्वका प्रक्रियाहरू ४९

परिच्छेद २ मालवस्तुको अस्थायी भण्डारण ५४

**अनुसूची ख पैठारी** **५७**

परिच्छेद १ आन्तरिक उपयोगका लागि जाँचपास ५७

परिच्छेद २ उही अवस्थामा पुनः पैठारी ५८

परिच्छेद ३ पैठारी महसुल र करबाट राहत ६२

**अनुसूची ग निकासी** **६५**

परिच्छेद १ सीधा निकासी ६५

**अनुसूची घ भन्सार गोदाम र निःशुल्क क्षेत्र** **६६**

परिच्छेद १ भन्सार गोदाम ६६

परिच्छेद २ निःशुल्क क्षेत्र ७०

**अनुसूची ङ पारवहन** **७४**

परिच्छेद १ भन्सार पारवहन ७४

परिच्छेद २ स्थानान्तरण ८२

परिच्छेद ३ मालवस्तुको तटवर्तीय परिवहन ८४

**अनुसूची च प्रशोधन** **८८**

परिच्छेद १ आन्तरिक प्रशोधन ८८

परिच्छेद २ बाह्य प्रशोधन ९३

परिच्छेद ३ फिर्ता ९७

परिच्छेद ४ आन्तरिक उपयोगका लागि मालवस्तुको प्रशोधन ९९

**अनुसूची छ अस्थायी पैठारी** **१०१**

परिच्छेद १ अस्थायी पैठारी १०१

**अनुसूची ज कसूर** **१०६**

परिच्छेद- १ भन्सारसम्बन्धी कसूर १०६

**अनुसूची झ विशेष प्रक्रिया** **११२**

परिच्छेद १ यात्रु ११२

परिच्छेद २ हुलाक आवागमन १२१

परिच्छेद ३ व्यावसायिक प्रयोगको ढुवानीको साधन १२४

परिच्छेद ४ भण्डार १२८

परिच्छेद ५ राहत खेप १३३

**अनुसूची ञ उत्पत्ति** **१३५**

परिच्छेद १ उत्पत्तिको नियम १३५

परिच्छेद २ उत्पत्तिको लिखित प्रमाण १३९

परिच्छेद ३ उत्पत्तिको लिखित प्रमाणको नियन्त्रण १४७

---

[i] त्वरित् सन्दर्भका लागि विषयसूची समावेश गरिएको ।

# परिशिष्ट १
# भन्सार कार्यविधिहरूको सरलीकरण तथा सामञ्जस्यीकरण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संशोधन गर्ने प्रोटोकल

**प्रस्तावना**

भन्सार सहयोग परिषद्को तत्वावधानमा ग्रहण गरिएको प्रस्तुत महासन्धिका संविदाकारी पक्षहरू, अन्तर्राष्ट्रिय व्यापार तथा अन्य अन्तर्राष्ट्रिय विनिमयमा अवरोध पुऱ्याउन सक्ने संविदाकारी पक्षका भन्सारसम्बन्धी कार्यविधि र अभ्यासहरूबीचको भिन्नतालाई निराकरण गर्ने **प्रयत्न गर्दै**,

भन्सार कार्यविधि र अभ्यासहरूलाई सरलीकरण र सामञ्जस्यीकरण गरी तथा अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गरी यस्तो व्यापार तथा विनिमयको विकासमा प्रभावकारी रूपले योगदान दिन **इच्छुक हुँदै**,

भन्सार नियन्त्रणका उपयुक्त मापदण्डहरूमा सम्झौता नगरीकनै अन्तर्राष्ट्रिय व्यापारको सहजीकरणका महत्वपूर्ण फाइदा हासिल गर्न सकिन्छ भन्ने कुरा **उल्लेख गर्दै**,

खासगरी देहायका सिद्धान्तहरू अवलम्बन गरी यस्तो सरलीकरण तथा सामञ्जस्यीकरण हासिल गर्न सकिन्छ भन्ने कुरालाई **स्वीकार गर्दै**,

- भन्सार कार्यविधि तथा अभ्यासहरूलाई निरन्तर रूपले आधुनिकीकरण गर्ने एवं अन्ततोगत्वा दक्षता र प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्य भएका कार्यक्रमहरूको कार्यान्वयन,

- पूर्वानुमानयोग्य, समान र पारदर्शी रूपले भन्सार कार्यविधि तथा अभ्यासहरूको प्रयोग,

- इच्छुक पक्षहरूलाई भन्सारसम्बन्धी कानुन, नियमावली, प्रशासनिक मार्गनिर्देशिका, कार्यविधि र अभ्यासहरूबारे आवश्यक जानकारी उपलब्ध गराउने व्यवस्था,

- जोखिम व्यवस्थापन र लेखापरीक्षणमा आधारित नियन्त्रण जस्ता आधुनिक प्रविधिको अवलम्बन तथा सूचना प्रविधिको अधिकाधिक व्यवहारिक प्रयोग,

- अन्य राष्ट्रिय अधिकारीहरू, अन्य भन्सार प्रशासन र व्यापारिक समुदायसँगको उपयुक्त सहकार्य,

- सम्बद्ध अन्तर्राष्ट्रिय मापदण्डहरूको कार्यान्वयन,

- प्रभावित पक्षहरूलाई प्रशासनिक र न्यायिक पुनरावलोकनका प्रक्रियाहरूमा सहज पहुँचको व्यवस्था,

संविदाकारी पक्षहरूले लागू गर्ने प्रतिज्ञा गरेका माथि उल्लिखित उद्देश्य तथा सिद्धान्तहरू समाविष्ट गरिएको अन्तर्राष्ट्रिय लिखतले भन्सार सहयोग परिषद्को मौलिक उद्देश्यको रूपमा रहेको भन्सार कार्यविधि तथा अभ्यासहरूको उच्च तहको सरलीकरण र सामञ्जस्यतातर्फ निर्देशित गर्न सक्दछ र अन्तर्राष्ट्रिय व्यापारको सहजीकरणमा मुख्य योगदान दिन्छ भन्ने कुरामा **विश्वस्त भई**,

देहायबमोजिम गर्न सहमत भएका छन् :

## परिच्छेद १

## परिभाषा

### धारा १

यस महासन्धिको प्रयोजनका लागि :

(क) **"मापदण्ड"** भन्नाले भन्सार कार्यविधि तथा अभ्यासहरूको सरलीकरण तथा सामञ्जस्यताको काम सम्पन्न गर्नका लागि कार्यान्वयन गर्न आवश्यक भएको भनी स्वीकृत गरिएको व्यवस्था सम्झनु पर्छ;

(ख) **"संक्रमणकालीन मापदण्ड"** भन्नाले कार्यान्वयन गर्नका लागि केही लामो अवधि स्वीकृत गरिएको सामान्य अनुसूचीमा उल्लिखित मापदण्ड सम्झनु पर्छ;

(ग) **"सिफारिस गरिएको अभ्यास"** भन्नाले भन्सार कार्यविधि तथा अभ्यासहरूको सरलीकरण र सामञ्जस्यताको दिशामा प्रगतिको रूपमा स्वीकार गरिएको र व्यापक सम्भाव्य प्रयोगलाई वाञ्छनीय मानिएको विशेष अनुसूचीमा उल्लिखित व्यवस्था सम्झनु पर्छ;

(घ) **"राष्ट्रिय कानुन"** भन्नाले संविदाकारी पक्षको अधिकारप्राप्त निकायबाट जारी गरिएको र सम्बन्धित संविदाकारी पक्षको भौगोलिक क्षेत्रभरि लागू हुने ऐन, नियमावली र अन्य उपायहरू वा सोपक्षको हकमा लागू हुने प्रचलित सन्धिहरू सम्झनु पर्छ;

(ङ) **"सामान्य अनुसूची"** भन्नाले यस महासन्धिमा उल्लेख भएका सबै भन्सार कार्यविधि तथा अभ्यासहरूका हकमा लागू हुने व्यवस्थाहरूको समूह सम्झनु पर्छ;

(च) **"विशेष अनुसूची"** भन्नाले यस महासन्धिमा उल्लेख भएका एक वा एकभन्दा बढी भन्सार कार्यविधि तथा अभ्यासहरूका हकमा लागू हुने व्यवस्थाहरूको समूह सम्झनु पर्छ;

(छ) **"मार्गनिर्देशन"** भन्नाले मापदण्ड, संक्रमणकालीन मापदण्ड तथा सिफारिस गरिएका अभ्यासको प्रयोग गर्दा र खासगरी असल अभ्यासको वर्णन गर्दा तथा उच्चतर सुविधाका उदाहरणहरू सिफारिस गर्दा अपनाउनुपर्ने केही सम्भाव्य कामकारबाहीका बारेमा संकेत गर्ने सामान्य अनुसूची, विशेष अनुसूची र परिच्छेदका व्यवस्थाका व्याख्याहरू सम्झनु पर्छ;

(ज) **"स्थायी प्राविधिक समिति"** भन्नाले परिषद्को स्थायी प्राविधिक समिति सम्झनु पर्छ;

(झ) **"परिषद्"** भन्नाले १५ डिसेम्बर १९५० मा ब्रसेल्समा सम्पन्न भन्सार सहयोग परिषद् स्थापना गर्ने महासन्धिबाट स्थापित संगठन सम्झनु पर्छ;

(ट) **"भन्सार वा आर्थिक संघ"** भन्नाले यस महासन्धिबाट नियमित विषयहरूका सम्बन्धमा राष्ट्रहरूलाई बन्धनकारी हुने गरी आफ्नो नियमावली ग्रहण गर्ने सक्षमता तथा आफ्नो आन्तरिक कार्यविधिबमोजिम यो महासन्धि हस्ताक्षर, अनुमोदनवा सम्मिलन गर्ने निर्णय गर्ने सक्षमता भएको त्यस्ता राष्ट्रहरूबाट गठित वा त्यस्ता राष्ट्रहरू सम्मिलित संघ सम्झनु पर्छ ।

## परिच्छेद २

### क्षेत्र तथा संरचना

### महासन्धिको क्षेत्र

### धारा २

प्रत्येक संविदाकारी पक्षले भन्सार कार्यविधिको सरलीकरण तथा सामञ्जस्यताको प्रवर्द्धन गर्ने र सो उद्देश्यका लागि, यस महासन्धिका व्यवस्थाहरू अनुसार, यस महासन्धिको अनुसूचीमा उल्लिखित मापदण्ड, संक्रमणकालीन मापदण्ड र सिफारिस गरिएका पद्धतिहरू अनुकूल व्यवस्था गर्ने कबुल गर्दछन् । तथापि कुनै पनि संविदाकारी पक्षलाई तिनमा व्यवस्था भएका भन्दा बढी, उच्चतर सुविधा स्वीकार्न कुनै पनि कुराले रोक लगाउने छैन र प्रत्येक संविदाकारी पक्षलाई सम्भव भएसम्म व्यापक रूपमा त्यस्ता उच्चतर सुविधा स्वीकार्न सिफारिस गरिन्छ ।

### धारा ३

यस महासन्धिका व्यवस्थाहरूले भन्सार नियन्त्रणको अधीनमा रहेका वस्तुहरूमा कुनै पनि रोक वा प्रतिबन्ध लगाउने सम्बन्धमा राष्ट्रिय कानुनको प्रयोग गर्न रोक लगाउने छैनन् ।

### महासन्धिको संरचना

### धारा ४

१. यस महासन्धिमा मुख्य भाग, सामान्य अनुसूची र विशेष अनुसूचीहरू संलग्न रहेका छन् ।

२. यस महासन्धिका सामान्य अनुसूची र प्रत्येक विशेष अनुसूचीमा, सिद्धान्ततः परिच्छेद समावेश हुन्छ जसमा अनुसूचीलाई थप उपविभाजन र देहायका विषयहरू समेटिएका छन्:

   (क) परिभाषा; र

   (ख) मापदण्डहरू, सामान्य अनुसूचीमा उल्लिखित केही मापदण्ड संक्रमणकालीन मापदण्ड हुन् ।

३. प्रत्येक विशेष अनुसूचीमा सिफारिस गरिएका अभ्यासहरू पनि समावेश छन् ।

४. प्रत्येक अनुसूचीसँगै मार्गनिर्देशनको व्यवस्था गरिएको छ र तिनका पाठहरू संविदाकारी पक्षहरूलाई बाध्यात्मक हुँदैनन् ।

## धारा ५

यस महासन्धिको प्रयोजनका लागि, कुनै संविदाकारी पक्षको हकमा बाध्यात्मक हुने कुनै विशेष अनुसूची वा परिच्छेदलाई यस महासन्धिको अभिन्न अंगको रूपमा रहने गरी व्याख्या गरिनेछ र सो संविदाकारी पक्षका सम्बन्धमा यस महासन्धिको कुनै पनि सन्दर्भले त्यस्ता अनुसूची वा परिच्छेदसमेत समावेश गरेको मानिनेछ ।

## परिच्छेद ३

### महासन्धिको व्यवस्थापन

### व्यवस्थापन समिति

### धारा ६

१. यस महासन्धिको कार्यान्वयन, महासन्धिको व्याख्या र प्रयोगमा एकरूपता भएको सुनिश्चित गर्न आवश्यक उपाय र तिनमा प्रस्ताव गरिएका संशोधनका सम्बन्धमा विचार गर्न एउटा व्यवस्थापन समिति स्थापना गरिनेछ।

२. संविदाकारी पक्षहरू व्यवस्थापन समितिका सदस्य हुनेछन्।

३. धारा ८ को व्यवस्था अन्तर्गत यस महासन्धिको संविदाकारी पक्ष बन्नयोग्य कुनै पनि निकायको सक्षम प्रशासन वा विश्व व्यापार संगठनको कुनै पनि सदस्यले व्यवस्थापन समितिको अधिवेशनमा पर्यवेक्षकका रूपमा भाग लिन पाउनेछ। त्यस्ता पर्यवेक्षकको हैसियत तथा अधिकारको निर्धारण परिषद्को निर्णयबाट हुनेछ। सो निर्णय लागू नभएसम्म उक्त अधिकारको प्रयोग गर्न सकिने छैन।

४. व्यवस्थापन समितिले अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संगठनका प्रतिनिधिलाई व्यवस्थापन समितिको अधिवेशनमा पर्यवेक्षकका रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

५. व्यवस्थापन समितिले:

(क) संविदाकारी पक्षहरूलाई देहायका विषयहरूमा सिफारिस गर्नेछ:

(१) यस महासन्धिको मुख्य भागमा संशोधन गर्ने विषय;

(२) सामान्य अनुसूची, विशेष अनुसूची र परिच्छेदहरूमा संशोधन र सामान्य अनुसूचीमा नयाँ परिच्छेदहरू समाविष्ट गर्ने विषय; र

(३) नयाँ विशेष अनुसूचीहरू र विशेष अनुसूचीहरूमा नयाँ परिच्छेदहरू समाविष्ट गर्ने विषय;

(ख) धारा- १६ अनुसार सिफारिस गरिएका अभ्यासहरूमा संशोधन गर्न वा विशेष अनुसूची वा परिच्छेदहरूमा सिफारिस गरिएका नयाँ पद्धतिहरू समाविष्ट गर्ने निर्णय गर्न सक्नेछ;

(ग) धारा- १३, प्रकरण ४ अनुसार यस महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनका सम्बन्धमा विचार गर्नेछ;

(घ) मार्गनिर्देशनहरूलाई पुनरावलोकन गर्ने र अद्यावधिक बनाउनेछ;

(ङ) समितिमा पठाइएका यस महासन्धिसँग सम्बन्धित अन्य कुनै पनि सान्दर्भिक विषयमाथि विचार विमर्श गर्नेछ;

(च) स्थायी प्राविधिक समिति र परिषद्लाई समितिका निर्णयहरूको जानकारी दिनेछ ।

६. संविदाकारी पक्षका सक्षम प्रशासनले परिषद्का महासचिव समक्ष यस धाराको प्रकरण ५(क), (ख), (ग) वा (घ) अन्तर्गतका प्रस्ताव र सोको कारण एवं व्यवस्थापन समितिको अधिवेशनको कार्यसूचीमा कुनै विषय समावेश गर्नका लागि अनुरोध भए सोसमेतको जानकारी पठाउने छन् । परिषद्का महासचिवले त्यस्ता प्रस्तावलाई यस धाराको प्रकरण २, ३ र ४ बमोजिमका संविदाकारी पक्षका सक्षम प्रशासन र पर्यवेक्षकहरूको जानकारीमा ल्याउने छन् ।

७. व्यवस्थापन समितिको बैठक कम्तीमा वर्षको एकपटक बस्नेछ । यसले प्रत्येक वर्ष अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नेछ । परिषद्का महासचिवले यस धाराको प्रकरण २, ३ र ४ बमोजिमका संविदाकारी पक्षका सक्षम प्रशासन र पर्यवेक्षकहरूलाई निमन्त्रणा-पत्र र मस्यौदा कार्यसूची व्यवस्थापन समितिको बैठक बस्नुभन्दा कम्तिमा ६ हप्ताअगाडि नै पठाउने छन् ।

८. व्यवस्थापन समितिमा प्रस्तुत भएको कुनै विषयमा सर्वसम्मतिबाट निर्णयमा पुग्न नसकिएमा, व्यवस्थापन समितिमा उपस्थित भएका संविदाकारी पक्षहरूको मतदानबाट सो विषयमा निर्णय गरिनेछ । यस धाराको प्रकरण ५ (क), (ख) वा (ग) अन्तर्गतका प्रस्तावहरू खसेको मतको दुई तिहाइ बहुमतबाट स्वीकृत हुनेछन् । अन्य सबै विषयहरूमा व्यवस्थापन समितिले खसेको मतको बहुमतका आधारमा निर्णय गर्नेछ ।

९. यस महासन्धिको धारा- ८ को प्रकरण ५ लागू हुने अवस्थामा, संविदाकारी पक्ष भएका भन्सार वा आर्थिक परिषद्ले मतदान हुँदा संविदाकारी पक्ष भएका तिनका सदस्यहरूलाई वितरण गरिएको कुल मत संख्या बराबरको संख्यामा मात्रै मतदान गर्न पाउनेछन् ।

१०. अधिवेशन समापन हुनुअगावै व्यवस्थापन समितिले अधिवेशनको प्रतिवेदन ग्रहण गर्नेछ । यो प्रतिवेदन परिषद् र प्रकरण २, ३ र ४ मा उल्लिखित संविदाकारी पक्ष र पर्यवेक्षकहरूलाई पठाइनेछ ।

११. यस धारामा व्यवस्था नगरिएको विषयमा व्यवस्थापन समितिले अन्यथा निर्णय गरेकोमा बाहेक परिषद्का कार्यविधिका नियमहरू लागू हुनेछन् ।

## धारा ७

व्यवस्थापन समितिमा मतदान गर्ने प्रयोजनको लागि, प्रत्येक विशेष अनुसूचीमाथि र विशेष अनुसूचीको प्रत्येक परिच्छेदमाथि छुट्टा-छुट्टै मतदान हुनेछ ।

(क) प्रत्येक संविदाकारी पक्षले महासन्धिको मुख्य भाग र सामान्य अनुसूचीको व्याख्या, प्रयोग वा संशोधनसँग सम्बन्धित विषयमा मतदान गर्न पाउनेछन् ।

(ख) लागू भइसकेका विशेष अनुसूची वा विशेष अनुसूचीको परिच्छेदसम्बन्धी विषयमा विशेष अनुसूची वा विशेष अनुसूचीको परिच्छेद स्वीकार गरेका संविदाकारी पक्षहरूलाई मात्र मतदान गर्ने अधिकार हुनेछ ।

(ग) प्रत्येक संविदाकारी पक्षले नयाँ विशेष अनुसूची वा विशेष अनुसूचीका नयाँ परिच्छेदका मस्यौदाहरूमा मतदान गर्न पाउनेछ ।

## परिच्छेद ४

## संविदाकारी पक्ष

### महासन्धिको अनुमोदन

### धारा ८

१. परिषद्को कुनै पनि सदस्य र संयुक्त राष्ट्रसंघको वा सोको विशिष्टीकृत निकायको कुनै पनि सदस्य देहाय अनुसार यस महासन्धिको संविदाकारी पक्ष हुन सक्नेछ

(क) अनुमोदनको आरक्षण नहुने गरी महासन्धिमा हस्ताक्षर गरेर;

(ख) अनुमोदन गर्नुपर्ने गरी महासन्धिमा हस्ताक्षर गरी अनुमोदनको लिखत दाखिला गरेर;

(ग) महासन्धिलाई सम्मिलन गरेर ।

२. यो महासन्धि यस धाराको प्रकरण १ बमोजिमका सदस्यहरूबाट हस्ताक्षरका लागि परिषद्को प्रधान कार्यालय ब्रसेल्समा ३० जुन १९७४ सम्म खुला रहनेछ । त्यसपछि यो महासन्धि त्यस्ता सदस्यहरूबाट सम्मिलनका लागि खुला रहनेछ ।

३. यस महासन्धिमा हस्ताक्षर, यसको अनुमोदन वा सम्मिलन गर्दाका वखत कुनै पनि संविदाकारी पक्षले आफूले कुन विशेष अनुसूची वा विशेष अनुसूचीको कुन परिच्छेद-स्वीकार गर्ने हो सो उल्लेख गर्नेछ । संविदाकारी पक्षले तत्पश्चात् कुनै एक वा बढी विशेष अनुसूची वा विशेष अनुसूचीको परिच्छेद स्वीकार गरेको सूचना अभिलेख अधिकारीलाई दिन सक्नेछ ।

४. कुनै नयाँ विशेष अनुसूची वा विशेष अनुसूचीको कुनै नयाँ परिच्छेद स्वीकार गर्ने संविदाकारी पक्षले अभिलेख अधिकारीलाई यस धाराको प्रकरण ३ बमोजिम सूचना दिनेछ ।

५. (क) कुनै भन्सार वा आर्थिक संघ यस धाराको प्रकरण १, २ र ३ बमोजिम यस महासन्धिको संविदाकारी पक्ष बन्न सक्नेछ । त्यस्तो भन्सार वा आर्थिक संघले यस महासन्धिबाट नियमित विषयका सम्बन्धमा आफ्नो सक्षमताको सूचना अभिलेख अधिकारीलाई दिनेछ । त्यस्तो भन्सार वा आर्थिक संघले आफ्नो सक्षमताको दायरामा कुनै आधारभूत संशोधन नभएमा सोको सूचनासमेत अभिलेख अधिकारीलाई दिनेछ ।

(ख) यस महासन्धिको संविदाकारी पक्ष भएको भन्सार वा आर्थिक संघले आफ्नो सक्षमता भित्रका विषयका हकमा यस महासन्धिका संविदाकारी पक्ष रहेका त्यस्ता संघका सदस्यहरूलाई यस महासन्धिबाट प्रदत्त अधिकार र जिम्मेवारी आफ्नै नाममा प्रयोग र पूरा गर्नेछ । यस्तो अवस्थामा त्यस्ता संघका सदस्यहरूले मतदान गर्न पाउने अधिकार लगायतका त्यस्ता अधिकारहरू व्यक्तिगत रूपमा प्रयोग गर्न पाउने छैन ।

## धारा ९

१. यो महासन्धिको अनुमोदन वा सम्मिलन गरेको कुनै पनि संविदाकारी पक्षले अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिमा लागू रहेका सामान्य अनुसूची लगायत यो महासन्धिमा हुने कुनै पनि संशोधनबाट त्यस्तो संविदाकारी पक्ष बन्धित हुनेछ ।

२. विशेष अनुसूची वा विशेष अनुसूचीको परिच्छेदलाई स्वीकार गर्ने कुनै पनि संविदाकारी पक्षले स्वीकृतिको सूचना अभिलेख अधिकारीलाई दिएको मितिमा लागू रहेका सो विशेष अनुसूची वा परिच्छेदमा उल्लिखित मापदण्डमा हुने कुनै पनि संशोधनबाट त्यस्तो संविदाकारी पक्ष बन्धित हुनेछ । विशेष अनुसूची वा विशेष अनुसूचीको परिच्छेदलाई स्वीकार गर्ने कुनै पनि संविदाकारी पक्षले यस महासन्धिको धारा १२ बमोजिम त्यस्ता एक वा बढी सिफारिस गरिएका अभ्यासमा आरक्षण नराखेको भए त्यस्तो संविदाकारी पक्षले स्वीकृतिको सूचना अभिलेख अधिकारीलाई दिएको मितिमा लागू रहेका तिनमा उल्लिखित सिफारिस गरिएका अभ्यासहरूमा हुने कुनै पनि संशोधनबाट त्यस्तो संविदाकारी पक्ष बन्धित हुनेछ ।

## महासन्धिको प्रयोग

## धारा १०

१. कुनै पनि संविदाकारी पक्षले अनुमोदनको सर्तबिना नै यस महासन्धिमा हस्ताक्षर गर्दा वा अनुमोदन वा सम्मिलनको लिखत दाखिला गर्दाका बखत वा त्यसपछि कुनै पनि बखत अभिलेख अधिकारीलाई सूचना दिएर जुन इलाकाको अन्तर्राष्ट्रिय सम्बन्धका लागि आफू जिम्मेवार छ, सो इलाकाको सबै वा कुनै भागका हकमा यो महासन्धि विस्तार भएको घोषणा गर्न सक्नेछ । त्यस्तो सूचना अभिलेख अधिकारीले प्राप्त गरेको मितिले तीन महिनाको अवधिपश्चात् लागू हुनेछ । तर सम्बन्धित संविदाकारी पक्षका हकमा यो महासन्धि लागू हुनुअगावै सो सूचनामा उल्लिखित इलाकाको हकमा यो महासन्धि लागू हुने छैन ।

२. अन्तर्राष्ट्रिय सम्बन्धका लागि आफू जिम्मेवार भएको कुनै इलाकाका हकमा यो महासन्धि विस्तार हुने कुराको सूचना यस धाराको प्रकरण १ अन्तर्गत दिएको कुनै पनि संविदाकारी

पक्षले यस महासन्धिको धारा १९ को कार्यविधि अन्तर्गत त्यस्तो इलाकाले अब यो महासन्धि लागू नगर्ने कुराको जानकारी अभिलेख अधिकारीलाई दिन सक्नेछ ।

## धारा ११

यस महासन्धिको प्रयोगका लागि, संविदाकारी पक्ष भएको भन्सार वा आर्थिक संघले भन्सार वा आर्थिक संघ बनेका इलाकाहरूको जानकारी परिषद्‌को महासचिवलाई दिनेछ र यी इलाकाहरूलाई एउटै इलाकाका रूपमा लिनुपर्नेछ ।

## व्यवस्था र आरक्षणको स्वीकृति

## धारा १२

१. सबै संविदाकारी पक्षहरू सामान्य अनुसूचीबाट बन्धित छन् ।

२. संविदाकारी पक्षले एक वा बढी विशेष अनुसूचीहरू वातिनमा रहेका एक वा बढी परिच्छेदहरू स्वीकार गर्न सक्नेछ । विशेष अनुसूची वा त्यसमा रहेको परिच्छेद स्वीकार गर्ने संविदाकारी पक्ष त्यसमा भएका सबै मापदण्डबाट बन्धित हुनेछ। विशेष अनुसूची वा तिनमा रहेको परिच्छेद स्वीकार गर्ने संविदाकारी पक्षले आफ्नो राष्ट्रिय कानुनका व्यवस्था र सम्बन्धित सिफारिस गरिएका अभ्यासबीच विद्यमान भिन्नता उल्लेख गरी स्वीकृतिको समयमा वा त्यसपछि कुनै पनि समयमा सिफारिस गरिएका अभ्यासहरूका सम्बन्धमा कुनै सर्त नराखेको भएमा त्यस्तो संविदाकारी पक्ष त्यस्तो अनुसूची र परिच्छेदमा उल्लिखित सिफारिस गरिएका सबै अभ्यासहरूबाट बन्धित हुनेछ। सर्त राखेको कुनै पनि संविदाकारी पक्षले सर्त फिर्ता लागू हुने मिति उल्लेख गरिएको सूचना अभिलेख अधिकारीलाई दिएर कुनै पनि समयमा त्यस्तो आरक्षण पूर्ण वा आंशिक रूपमा फिर्ता लिन सक्नेछ ।

३. विशेष अनुसूची वा त्यसमा रहेका परिच्छेदबाट बन्धित प्रत्येक संविदाकारी पक्षले प्रकरण २ अन्तर्गतका सर्तहरूका अधीनमा रही सिफारिस गरिएका अभ्यासहरूमा राखिएका कुनै पनि सर्त फिर्ता लिने सम्भावनाको बारेमा विचार गर्नेछ र यो महासन्धि सो संविदाकारी पक्षका हकमा लागू भएको मितिबाट प्रत्येक तीन वर्षको अवधिको अन्त्यमा सो पक्षको विचारमा आरक्षणको फिर्तासँग प्रतिकूल देखिएमा आफ्ना राष्ट्रिय कानुनका व्यवस्थाहरू उल्लेख गरी त्यस्तो पुरावलोकनको नतिजाको सूचना परिषद्‌को महासचिवलाई दिनेछ ।

## व्यवस्थाहरूको कार्यान्वयन

## धारा १३

१. प्रत्येक संविदाकारी पक्षले आफूले स्वीकार गरेको सामान्य अनुसूची तथा विशेष अनुसूची वा तिनका परिच्छेद आफ्नो हकमा लागू भएको ३६ महिनाभित्र सामान्य अनुसूचीमा तथा विशेष अनुसूची वा त्यसमा रहेका परिच्छेदमा उल्लिखित मापदण्डहरू कार्यान्वयन गर्नेछ ।

२. प्रत्येक संविदाकारी पक्षले सामान्य अनुसूची आफ्नो हकमा लागू भएको मितिले ६० महिनाभित्र सामान्य अनुसूचीमा उल्लिखित संक्रमणकालीन मापदण्डहरू कार्यान्वयन गर्नेछ ।

३. प्रत्येक संविदाकारी पक्षले आफूले स्वीकार गरेको विशेष अनुसूची वा तिनका परिच्छेदमा उल्लिखित सिफारिस गरिएका अभ्यासहरूमध्ये कुनै एक वा बढी अभ्यासहरूमा आरक्षण राखेकोमा बाहेक त्यस्ता अभ्यासहरू आफ्नो हकमा लागू भएको ३६ महिनाभित्र कार्यान्वयन गर्नेछ ।

४. (क) कुनै संविदाकारी पक्षलाई सामान्य अनुसूचीका व्यवस्था कार्यान्वयन गर्न यस धाराको प्रकरण १ वा २ मा व्यवस्था गरिएको समयावधि अपर्याप्त भएमा त्यस्तो संविदाकारी पक्षले यस धाराको प्रकरण १ वा २ बमोजिमको अवधि समाप्त हुनु अगावै व्यवस्थापन समिति समक्ष सो अवधि थप गर्न अनुरोध गर्न सक्नेछ। त्यसरी अनुरोध गर्दा, सो संविदाकारी पक्षले सामान्य अनुसूचीको कुन व्यवस्थाका सम्बन्धमा सो अवधि थप गर्न आवश्यक परेको हो, सो व्यवस्था र त्यस्तो अनुरोधको कारण उल्लेख गर्नेछ ।

(ख) असाधारण परिस्थितिमा, व्यवस्थापन समितिले त्यस्तो अवधि थप गर्ने निर्णय गर्न सक्नेछ । त्यस्तो अवधि थप गर्ने व्यवस्थापन समितिको कुनै पनि निर्णयमा सो निर्णयलाई पुष्टि गर्ने असाधारण परिस्थिति उल्लेख गरिनेछ र त्यस्तो थप अवधि कुनै पनि अवस्थामा एक वर्षभन्दा बढी हुने छैन । थप गरिएको अवधि समाप्त भएपछि संविदाकारी पक्षले अभिलेख अधिकारीलाई जुन व्यवस्थाका सम्बन्धमा अवधि थप गरिएको हो, सो व्यवस्था कार्यान्वयनको सूचना दिनेछ ।

## विवादको समाधान

## धारा १४

१. यस महासन्धिको व्याख्या वा प्रयोगका सम्बन्धमा कुनै दुई वा दुईभन्दा बढी संविदाकारी पक्षहरूबीच कुनै विवाद उत्पन्न भएमा सम्भव भएसम्म त्यस्ता पक्षहरूबीचको वार्ताबाट त्यस्तो विवादको समाधान गरिनेछ ।

२. विवादमा रहेका संविदाकारी पक्षहरूले वार्ताबाट समाधान हुन नसकेको कुनै पनि विवाद व्यवस्थापन समितिमा पेस गर्नेछन् र त्यसरी विवाद पेस भएकोमा व्यवस्थापन समितिले सो विवादका सम्बन्धमा विचार गरी सोको समाधानका लागि सिफारिस गर्नेछ ।

३. विवादमा रहेका संविदाकारी पक्षहरूले व्यवस्थापन समितिका सिफारिसहरू बाध्यात्मक हुने भनी अग्रिम रूपमा सहमत हुन सक्नेछन् ।

## महासन्धिमा संशोधन

## धारा १५

१. परिषद्का महासचिवले संविदाकारी पक्षहरूलाई व्यवस्थापन समितिबाट धारा ६ को प्रकरण ५ (क) (१) र (२) अनुसार सिफारिस गरिएका संशोधनको पाठ सबै संविदाकारी पक्षहरू र संविदाकारी पक्ष नभएका परिषद्का सदस्यहरूलाई सम्प्रेषण गर्नेछ ।

२. महासन्धिको मुख्य भागमा गरिएको संशोधनको सूचना संप्रेषणको मितिले बाह्र महिनाको अवधिभित्र कुनै पनि संविदाकारी पक्षले विरोध दर्ता नगराएको अवस्थामा संशोधनको सिफारिस गरिएको व्यवस्थापन समितिको अधिवेशनमा उपस्थित संविदाकारी पक्षहरूले स्वीकृतिको लिखत दाखिला गरेको बाह्र महिनापछि त्यस्तो संशोधन सबै संविदाकारी पक्षहरूका हकमा लागू हुनेछ ।

३. सामान्य अनुसूची वा विशेष अनुसूची वा तिनका परिच्छेदहरूमा सिफारिस गरिएको कुनै पनि संशोधन देहायको अवस्थामा वाहेक संविदाकारी पक्षहरूलाई सिफारिस गरिएको संशोधनको सूचना संप्रेषण गरिएको मितिले ६ महिनापछि स्वीकार गरिएको मानिनेछ;

(क) कुनै संविदाकारी पक्षले वाकुनै विशेष अनुसूची वा परिच्छेदको हकमा सो विशेष अनुसूची वा परिच्छेदबाट बन्धित संविदाकारी पक्षले विरोध जनाएको; वा

(ख) कुनै संविदाकारी पक्षले परिषद्का महासचिवलाई प्रस्ताव गरिएको संशोधन स्वीकार गर्न आफूले चाहे पनि त्यस्तो स्वीकृतिका लागि आवश्यक सर्तहरू अझै पूरा भइनसकेको भनी सूचित गरेको ।

४. कुनै संविदाकारी पक्षले यस धाराको प्रकरण ३ (ख) मा व्यवस्था भएबमोजिमको सूचना परिषद्का महासचिवलाई पठाएको अवस्थामा सो संविदाकारी पक्षले परिषद्का महासचिवलाई सिफारिस गरिएको संशोधन स्वीकार गरेको सूचना नदिएसम्म यस धाराको प्रकरण ३ बमोजिमको ६ महिनाको अवधि समाप्त भएको मितिले अठार महिनाको अवधिभित्र सो संशोधनमाथि विरोध पेस गर्न सक्नेछ ।

५. यस धाराको प्रकरण ३ (क) वा ४ का सर्तहरू अनुसार सिफारिस गरिएको संशोधनको सूचना दिइएको अवस्थामा सो संशोधन स्वीकार नगरिएको मानिनेछ र त्यसको कुनै असर हुने छैन ।

६. कुनै संविदाकारी पक्षले यस धाराको प्रकरण ३ (ख) अनुसार सूचना पठाएको अवस्थामा सो संशोधन देहायका दुइटा मितिमध्ये जुन अघिल्लो हुन्छ, सो मितिबाट स्वीकार गरिएको मानिनेछ:

(क) त्यस्ता सूचना पठाएका सबै संविदाकारी पक्षहरूले परिषद्का महासचिवलाई सिफारिस गरिएको संशोधनको स्वीकृतिको सूचना दिइसकेको मिति;

तर यस धाराको प्रकरण ३ बमोजिमको ६ महिनाको अवधि समाप्त हुनुअगावै सबै स्वीकृतिहरूको सूचना दिइएको भएमा सो मितिलाई उक्त ६ महिनाको अवधि समाप्त भएको मिति मानिनेछ;

(ख) यस धाराको प्रकरण ४ बमोजिमको १८ महिनाको अवधि समाप्त भएको मिति ।

७. सामान्य अनुसूची वा विशेष अनुसूचीहरू वा तिनका परिच्छेदहरूमा भएका स्वीकार गरिएको मानिने कुनै पनि संशोधन सो संशोधन स्वीकार गरिएको मानिएको मितिले ६ महिनापछि वा सिफारिस गरिएको संशोधनमा कुनै भिन्न अवधि तोकिएकोमा जुन मितिमा सो संशोधन स्वीकार गरिएको मानिएको थियो सो मिति समाप्त भए पछि लागू हुनेछ ।

८. परिषद्का महासचिवले यस धाराको प्रकरण ३ (क) अनुसार सिफारिस गरिएको संशोधनमा गरिएको विरोध र प्रकरण ३ (ख) अनुसार प्राप्त गरिएको सूचनाको जानकारी यथाशीघ्र यस महासन्धिका संविदाकारी पक्षहरूलाई दिनेछ । त्यसपछि, परिषद्का महासचिवले त्यस्तो सूचना पठाएका संविदाकारी पक्ष वा पक्षहरूले सिफारिस गरिएको संशोधनको विरोध गरेको वा सो संशोधन स्वीकार गरेको कुराको जानकारी संविदाकारी पक्षहरूलाई दिनेछ ।

## धारा १६

१. यस महासन्धिको धारा १५ मा संशोधन सम्बन्धी कार्यविधिका सम्बन्धमा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि, व्यवस्थापन समितिले धारा ६ बमोजिम कुनै पनि सिफारिस गरिएको अभ्यास संशोधन गर्ने वा कुनै पनि विशेष अनुसूची वा सोको परिच्छेदमा नयाँ सिफारिस गरिएका अभ्यासहरू समाविष्ट गर्ने निर्णय गर्न सक्नेछ । परिषद्का महासचिवले व्यवस्थापन समितिको छलफलमा सहभागी हुनका लागि प्रत्येक संविदाकारी पक्षलाई आमन्त्रण गर्नेछ। परिषद्का महासचिवले त्यसरी निर्णय गरिएका त्यस्तो कुनै संशोधन वा नयाँ सिफारिस गरिएको अभ्यासको पाठ संविदाकारी पक्षहरू र यस महासन्धिका संविदाकारी पक्ष नभएका परिषद्का सदस्यहरूलाई सम्प्रेषण गर्नेछ ।

२. यस धाराको प्रकरण १ अन्तर्गत निर्णय गरिएको कुनै संशोधन वा नयाँ सिफारिस गरिएका अभ्यासहरूको समाविष्टि परिषद्का महासचिवले सोको सूचना सम्प्रेषण गरेको ६ महिनापछि लागू हुनेछ। त्यस्तो संशोधन वा नयाँ सिफारिस गरिएका अभ्यासहरूको समाविष्टको विषयवस्तु बनेका विशेष अनुसूची वा सोको परिच्छेदबाट बन्धित प्रत्येक संविदाकारी पक्षले यस महासन्धिको धारा १२ को कार्यविधिअन्तर्गत आरक्षण दाखिला नगरेको भएमा त्यस्ता संशोधन वा नयाँ सिफारिस गरिएका अभ्यासहरू स्वीकार गरेको मानिनेछ ।

## सम्मिलनको अवधि

## धारा १७

१. यो महासन्धिको अवधि असीमित छ। तर कुनै पनि संविदाकारी पक्षले यस महासन्धिको धारा १८ अन्तर्गत महासन्धि लागू भएको मितिपछि कुनै पनि समयमा महासन्धि परित्याग गर्न सक्नेछ।

२. त्यस्तो परित्यागको सूचना लिखित रूपमा दिइने र परित्यागको लिखत अभिलेख अधिकारी समक्ष दाखिला गरिनेछ।

३. अभिलेख अधिकारीले परित्यागको लिखत प्राप्त गरेको ६ महिनापछि त्यस्तो परित्याग प्रभावकारी हुनेछ।

४. कुनै संविदाकारी पक्षले लागू भएको मितिपछि कुनै पनि समयमा विशेष अनुसूचीहरू वा तिनका परिच्छेदहरूका हकमा आफ्नो स्वीकृति फिर्ता लिएको भएमा, यस धाराको प्रकरण २ र ३ का व्यवस्थाहरू त्यस्ता अनुसूची वा परिच्छेदहरूको हकमा समेत लागू हुनेछन्।

५. सामान्य अनुसूचीको स्वीकृति फिर्ता लिने कुनै पनि संविदाकारी पक्षले यो महासन्धि नै परित्याग गरेको मानिनेछ। यस अवस्थामा प्रकरण २ र ३ का व्यवस्थाहरूसमेत लागू हुन्छन्।

# परिच्छेद ५

## अन्तिम व्यवस्थाहरू

### महासन्धि लागू हुने

### धारा १८

१. यस महासन्धिको धारा ८ को प्रकरण १ र ५ बमोजिमका निकायहरूमध्ये ५ वटा निकायहरूले अनुमोदनको आरक्षणबिना महासन्धिमा हस्ताक्षर गरेको वा अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको तीन महिनापछि यो महासन्धि लागू हुनेछ ।

२. कुनै पनि संविदाकारी पक्षको हकमा धारा ८ को व्यवस्था बमोजिम संविदाकारी पक्ष बनेको तीन महिनापछि यो महासन्धि लागू हुनेछ ।

३. यस महासन्धिको कुनै पनि विशेष अनुसूची वा सोको परिच्छेद पाँचवटा संविदाकारी पक्षहरूले त्यस्तो अनुसूची वा परिच्छेद स्वीकार गरेको तीन महिनापछि लागू हुनेछ ।

४. यस धाराको प्रकरण ३ बमोजिम कुनै विशेष अनुसूची वा सोको परिच्छेद लागू भइसकेपछि त्यस्तो विशेष अनुसूची वा परिच्छेद स्वीकार गरेको सूचना दिने कुनै पनि संविदाकारी पक्षको हकमा त्यसरी सूचना दिएको तीन महिनापछि लागू हुनेछ । तर कुनै संविदाकारी पक्षको हकमा यो महासन्धि लागू हुनअगावै सो संविदाकारी पक्षका हकमा कुनै पनि विशेष अनुसूची वा सोको परिच्छेद लागू हुने छैन ।

### महासन्धिको अभिलेख अधिकारी

### धारा १९

१. यो महासन्धि, अनुमोदनको आरक्षण सहित वा रहितका सबै हस्ताक्षर र अनुमोदन वा सम्मिलनका सबै लिखतहरू परिषद्का महासचिव समक्ष दाखिला गरिनेछन् ।

२. अभिलेख अधिकारीले:

(क) यस महासन्धिका सक्कल पाठहरू प्राप्त गर्ने र आफ्नो जिम्मामा राख्नेछ;

(ख) यस महासन्धिका सक्कल पाठका प्रामाणिक प्रतिहरू तयार पार्ने र ती प्रतिहरू संविदाकारी पक्ष र संविदाकारी पक्ष नभएका परिषद्का सदस्यहरू र संयुक्त राष्ट्रसंघको महासचिवलाई सम्प्रेषण गर्नेछ;

(ग) यस महासन्धिको अनुमोदनको आरक्षणसहित वा रहितको कुनै पनि हस्ताक्षर, अनुमोदन वा सम्मिलन प्राप्त गर्ने र कुनै पनि लिखत, सूचना र सोसँग सम्बन्धित जानकारी प्राप्त गरी आफ्नो जिम्मामा राख्नेछ;

(घ) यस महासन्धिसँग सम्बन्धित हस्ताक्षर वा कुनै लिखत, सूचना वा जानकारी सही र उचित रूपमा भएनभएको जाँच गर्नेछ र आवश्यक भएमा त्यस्तो विषय सम्बन्धित संविदाकारी पक्षको जानकारीमा ल्याउनेछ;

(ङ) संविदाकारी पक्षहरू, संविदाकारी पक्ष नभएका परिषद्का सदस्यहरू र संयुक्त राष्ट्रसंघका महासचिवलाई देहायका कुराहरूको सूचना दिनेछः

- यस महासन्धिको धारा ८ अन्तर्गत अनुसूची र परिच्छेदहरूको हस्ताक्षर, अनुमोदन, सम्मिलन र स्वीकृति;
- व्यवस्थापन समितिले यस महासन्धिमा समाविष्ट गर्न सिफारिस गर्ने निर्णय गरेका सामान्य अनुसूचीका नयाँ परिच्छेदहरू र नयाँ विशेष अनुसूचीहरू वा तिनका परिच्छेदहरू;
- यस महासन्धिको धारा १८ अनुसार यो महासन्धि, सामान्य अनुसूची र प्रत्येक विशेष अनुसूची वा त्यसको परिच्छेद- लागू भएको मिति;
- यस महासन्धिको धारा ८, १०, ११, १२ र १३ अनुसार उपलब्ध सूचना;
- संविदाकारी पक्षहरूबाट अनुसूची, परिच्छेदको स्वीकृति फिर्ता लिइएको विषय;
- यस महासन्धिको धारा १७ अन्तर्गतको परित्याग; तथा
- यस महासन्धिको धारा १५अनुसार स्वीकार गरिएको संशोधन र सो संशोधन लागू भएको मिति ।

३. कुनै संविदाकारी पक्ष र अभिलेख अधिकारीबीच अभिलेख अधिकारीको कार्यसम्पादनका सम्बन्धमा कुनै मतभिन्नता देखिएको अवस्थामा, अभिलेख अधिकारी वा संविदाकारी पक्षले त्यस्तो प्रश्न अन्य संविदाकारी पक्ष र हस्ताक्षरकारीहरू वा अवस्था अनुसार व्यवस्थापन समिति वा परिषद्को जानकारीमा ल्याउनेछ ।

## दर्ता र आधिकारिक प्रतिहरू

## धारा २०

संयुक्त राष्ट्रसंघको बडापत्रको धारा १०२ अनुसार यो महासन्धि परिषद्का महासचिवको अनुरोधमा संयुक्त राष्ट्रसंघको सचिवालयमा दर्ता गरिनेछ ।

जसको प्रमाणस्वरूप विधिवत रूपमा अख्तियारी पाएका देहायका हस्ताक्षरकारीले यस महासन्धिमा हस्ताक्षर गरेका छन् ।

सन् १९७३ मे १८ का दिन क्योटोमा अंग्रेजी र फ्रान्सेली भाषामा दुवै पाठहरू समान रूपमा प्रामाणिक हुने गरी एउटा सक्कल प्रतिमा सम्पन्न भयो । सो सक्कल प्रति परिषद्का महासचिव समक्ष दाखिला गरिनेछ र निजले प्रमाणित प्रतिहरू यस महासन्धिको धारा ८ को प्रकरण १ बमोजिमका निकायहरूलाई सम्प्रेषण गर्नेछ ।

# परिशिष्ट २

## सामान्य अनुसूची

## विषय सूची

**परिच्छेद १ सामान्य सिद्धान्त**

**परिच्छेद २ परिभाषा**

**परिच्छेद ३ जाँचपास तथा अन्य भन्सार प्रक्रिया**

**परिच्छेद ४ महसुल र कर**

(क) महसुल र कर निर्धारण, संकलन र दाखिला

(ख) महसुल र करको पछि हुने भुक्तानी

(ग) महसुल र कर पुनः भुक्तानी

**परिच्छेद ५ सुरक्षण**

**परिच्छेद ६ भन्सार नियन्त्रण**

**परिच्छेद ७ सूचना प्रविधिको प्रयोग**

**परिच्छेद ८ भन्सार र तेस्रो पक्ष बीचको सम्बन्ध**

**परिच्छेद ९ भन्सारको जानकारी, निर्णय र आदेश**

(क) सामान्य प्रयोगका जानकारी

(ख) विशेष प्रकृतिका जानकारी

(ग) निर्णय र आदेश

**परिच्छेद १० भन्सार सम्बन्धी पुनरावेदन**

(क) पुनरावेदनको अधिकार

(ख) पुनरावेदनको ढाँचा र आधार

(ग) पुनरावेदनमा कारबाही

# परिच्छेद १

## सामान्य सिद्धान्त

### १.१ मापदण्ड

यस अनुसूचीमा उल्लिखित परिभाषा, मापदण्ड र संक्रमणकालीन मापदण्डहरू यस अनुसूचीमा उल्लिखित भन्सार कार्यविधि र अभ्यासहरूमा र, लागू हुनसक्ने हदसम्म, विशेष अनुसूचीमा उल्लिखित कार्यविधि र अभ्यासहरूमा लागू हुनेछ ।

### १.२ मापदण्ड

यस अनुसूचीमा र विशेष अनुसूचीहरूमा उल्लिखित कार्यविधि र अभ्यासहरूका लागि परिपालना गर्नुपर्ने सर्तहरू र पूरा गर्नुपर्ने भन्सार प्रक्रियाहरूको व्यवस्था राष्ट्रिय कानुनमा गरिनेछ र त्यस्ता सर्त तथा प्रक्रियाहरू यथासम्भव सरल हुनुपर्नेछ ।

### १.३ मापदण्ड

राष्ट्रिय व्यवस्था र अन्तर्राष्ट्रिय सम्झौताहरू अनुरूप हुने गरी सहयोग अभिवृद्धि गर्ने तथा कार्यसम्पादनको अत्यन्त प्रभावकारी विधि स्थापना गर्न सहभागिता सहजीकरण गर्ने उद्देश्यले भन्सारले व्यापारसँगको औपचारिक परामर्श दातृ सम्बन्ध स्थापना र कायम गर्नेछ ।

# परिच्छेद २

## परिभाषा

यस महासन्धिका अनुसूचीहरूको प्रयोजनका लागिः

ई१/एफ२३. **"पुनरावेदन"** भन्नाले भन्सारको निर्णयबाट वा भन्सारले कुनै कार्य नगरेकोबाट प्रत्यक्ष रूपमा प्रभावित भएको र त्यसबाट आफू पीडित भएको महसुस गर्ने कुनै व्यक्तिले सक्षम निकाय समक्ष उपचार खोज्न गरेको कार्य सम्झनु पर्छ;

ई२/एफ१९. **"महसुल र कर निर्धारण"** भन्नाले तिर्नुपर्ने महसुल र कर रकमको निर्धारण सम्झनु पर्छ;

ई३/एफ४. **"परीक्षणमा आधारित नियन्त्रण"** भन्नाले सम्बन्धित व्यक्तिबाट राखिएका सम्बद्ध बहिखाता, अभिलेख, व्यापारिक प्रणाली र व्यावसायिक तथ्यांकको परीक्षणको माध्यमबाट घोषणाको यथार्थ र सत्यताका सम्बन्धमा आफू सन्तुष्ट हुनका लागि भन्सारबाट अपनाइएका उपायहरू सम्झनु पर्छ;

ई४/एफ१५. **"मालवस्तु घोषणाको जाँच"** भन्नाले मालवस्तुको घोषणा सही रूपमा गरिएको र पुष्ट्याइँ गर्ने आवश्यक कागजातबाट तोकिएका सर्तहरू पूरा भएकोमा आफू सन्तुष्ट हुनका लागि भन्सारबाट गरिएका कामकारबाही सम्झनु पर्छ;

ई५/एफ९. **"जाँचपास"** भन्नाले आन्तरिक उपयोगका लागि मालवस्तु छुटाउन, मालवस्तु निकासी गर्न वा अन्य भन्सार कार्यविधि अन्तर्गत राख्न अनुमति दिनका लागि आवश्यक भन्सार प्रक्रियाहरू पूरा भएको सम्झनु पर्छ;

ई६/एफ१०. **"भन्सार"** भन्नाले भन्सार सम्बन्धी कानुनको प्रशासन र महसुल तथा कर संकलनका लागि जिम्मेवार रहेको तथा मालवस्तुको पैठारी, निकासी, आवागमन वा भण्डारणसँग सम्बन्धित अन्य कानुन र नियमावलीको प्रयोग गर्ने जिम्मेवारी समेत भएको सरकारी सेवा सम्झनु पर्छ;

ई७/एफ३. **"भन्सार नियन्त्रण"** भन्नाले भन्सार सम्बन्धी कानुनको परिपालना सुनिश्चित गर्न अपनाइएका उपायहरू सम्झनु पर्छ;

ई८/एफ११. **"भन्सार महसुल"** भन्नाले भन्सार क्षेत्रमा प्रवेश गर्ने वा भन्सार क्षेत्रबाट बाहिर जाने मालवस्तुमा लाग्ने भन्सार महसुल दरबन्दीमा उल्लेख भएको महसुल सम्झनु पर्छ;

ई९/एफ१६. **"भन्सार प्रक्रिया"** भन्नाले भन्सार कानुनको परिपालना गर्न सम्बन्धित व्यक्ति तथा भन्सारले गर्नुपर्ने सबै कामकारबाही सम्झनु पर्छ;

ई१०/एफ१८.**"भन्सार कानुन"** भन्नाले प्रशासन र कार्यान्वयनको जिम्मेवारी विशेष रूपमा भन्सारलाई दिइएका मालवस्तुको पैठारी, निकासी, अवागमन वा भण्डारणसँग सम्बन्धित कानुनी र नियमनकारी व्यवस्थाहरू तथा कानुनले दिएको अधिकार प्रयोग गरी भन्सारले बनाएको नियमहरू सम्झनु पर्छ;

ई११/एफ२. **"भन्सार कार्यालय"** भन्नाले भन्सार प्रक्रिया सम्पन्न गर्न सक्षम भन्सार प्रशासनिक एकाइ र सो उद्देश्यका लागि सक्षम निकायबाट स्वीकृत परिसर वा अन्य क्षेत्र सम्झनु पर्छ;

ई१२/एफ२५. **"भन्सार क्षेत्र"** भन्नाले संविदाकारी पक्षको भन्सार कानुन लागू हुने क्षेत्र सम्झनु पर्छ;

ई१३/एफ६. **"निर्णय"** भन्नाले भन्सार कानुनसँग सम्बन्धित कुनै विषयमा भन्सारले निर्णय गर्न गरिने व्यक्तिगत कार्य सम्झनु पर्छ;

ई१४/एफ७. **"घोषणाकर्ता"** मालवस्तुको घोषणा गर्ने व्यक्ति वा जसको नाममा त्यस्तो घोषणा गरिन्छ सो व्यक्ति सम्झनु पर्छ;

ई१५/एफ५. **"भुक्तानीको म्याद"** भन्नाले महसुल र कर भुक्तानी गर्नुपर्ने अन्तिम मिति सम्झनु पर्छ;

ई१६/एफ१२. **"महसुल र कर"** भन्नाले पैठारी महसुल र कर तथा निकासी महसुल र कर सम्झनु पर्छ;

ई१७/एफ२७. **"मालवस्तुको जाँच"** भन्नाले मालवस्तुको प्रकृति, उत्पत्ति, अवस्था, परिमाण र मूल्य मालवस्तुको घोषणामा उल्लिखित विवरण बमोजिम छ, छैन भनी यकिन गर्न भन्सारबाट गरिने मालवस्तुको भौतिक निरीक्षण सम्झनु पर्छ;

ई१८/एफ१३. **"निकासी महसुल र कर"** भन्नाले उपलब्ध गराइएको सेवाको अनुमानित मूल्यसम्मको कुनै पनि शुल्क वा अन्य राष्ट्रिय निकायको तर्फबाट भन्सारले संकलन गरेको कुनै पनि शुल्कबाहेक, निकासी गरिने मालवस्तुमा वा सो सम्बन्धमा संकलन गरिने भन्सार महसुल र अन्य सबै महसुल, कर वा शुल्क सम्झनु पर्छ;

ई१९/एफ८. **"मालवस्तुको घोषणा"** भन्नाले भन्सारबाट तोकिएको तरिका अनुसार सम्बन्धित व्यक्तिले मालवस्तुमा लागू हुने भन्सार कार्यविधि संकेत गर्ने गरी घोषणा गर्ने र

भन्सारमा दिइने निवेदनमा उल्लेख गर्नुपर्ने भनी भन्सारबाट तोकिए बमोजिमका विवरण उल्लेख गर्ने कार्य सम्झनु पर्छ;

ई२०/एफ१४. **"पैठारी महसुल र कर"** भन्नाले उपलब्ध गराइएको सेवाको अनुमानित मूल्यसम्मको कुनै पनि शुल्क वा अन्य राष्ट्रिय निकायको तर्फबाट भन्सारले संकलन गरेको कुनै पनि शुल्कबाहेक पैठारी गरिने मालवस्तु वा सो सम्बन्धमा संकलन गरिने भन्सार महसुल र अन्य सबै महसुल, कर वा शुल्क सम्झनु पर्छ;

ई२१/एफ१. **"पारस्परिक प्रशासनिक सहायता"** भन्नाले भन्सार कानुनको समुचित प्रयोगका लागि तथा भन्सार सम्बन्धी अपराधको रोकथाम, अनुसन्धान र दमनका लागि एउटा भन्सार प्रशासनले अर्को भन्सार प्रशासनको तर्फबाट वा अर्को भन्सार प्रशासनसँगको सहकार्यमा गरेको कामकारबाही सम्झनु पर्छ;

ई२२/एफ२१. **"भूलचुक"** भन्नाले भन्सार समक्ष रीतपूर्वक पेस गरिएका कुनै विषयमा मनासिव समयभित्र भन्सार कानुन बमोजिम गर्नुपर्ने कुनै काम वा निर्णय गर्न नसकेको भन्ने सम्झनु पर्छ;

ई२३/एफ२२. **"व्यक्ति"** भन्नाले प्रसंगले अर्को अर्थ नलागेमा प्राकृतिक र कानुनी दुवै व्यक्ति सम्झनु पर्छ;

ई२४/एफ२०. **"मालवस्तु छोडिदिने"** भन्नाले भन्सारले जाँचपास भइरहेको मालवस्तुलाई सम्बन्धित व्यक्तिको नियन्त्रणमा जान अनुमति दिने कामकारबाही सम्झनु पर्छ;

ई२५/एफ२४. **"पुनः भुक्तानी"** भन्नाले मालवस्तुका सम्बन्धमा बुझाइएको महसुल र कर पूर्ण वा आंशिक रूपमा फिर्ता दिने र भुक्तानी गरी नसकेकोमा महसुल र कर पूर्ण वा आंशिक रूपमा मिनाहा (छुट) दिने कार्य सम्झनु पर्छ;

ई२६/एफ१७. **"सुरक्षण"** भन्नाले भन्सारप्रतिको दायित्व पूरा हुनेछ भनी भन्सार सन्तुष्ट हुने गरी दिइने प्रत्याभूति सम्झनु पर्छ। सुरक्षणले विभिन्न कार्यबाट उत्पन्न हुने दायित्वहरू पूरा हुनेछन् भनी प्रत्याभूति दिएकोमा त्यस्तो सुरक्षणलाई "सामान्य" सुरक्षण भनिन्छ;

ई२७/एफ२६. **"तेस्रो पक्ष"** भन्नाले मालवस्तुको पैठारी, निकासी, आवागमन वा भण्डारणका सम्बन्धमा अन्य व्यक्तिका हकमा र निजको तर्फबाट भन्सारसँग प्रत्यक्षरूपमा कामकारबाही गर्ने व्यक्ति सम्झनु पर्छ।

# परिच्छेद ३

## जाँचपास तथा अन्य भन्सार प्रक्रिया

## सक्षम भन्सार कार्यालय

### ३.१ मापदण्ड

भन्सारले मालवस्तु पेस गर्न वा छुटाउन भन्सार कार्यालयहरू तोक्नेछ । यस्ता कार्यालयहरूको सक्षमता र स्थान तथा कार्यालय वा काम गर्ने समय निर्धारण गर्दा ध्यान दिनुपर्ने विषयहरूमा विशेषतः व्यापारका आवश्यकताहरू समेत समावेश हुनेछन् ।

### ३.२ मापदण्ड

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले उचित ठानेकोमा, भन्सारले स्रोतहरूको उपलब्धताको अधीनमा रही भन्सार कार्यविधि तथा अभ्यासको प्रयोजनका लागि तय भएका कार्यहरू तोकिएको कार्यालय वा काम गर्ने समयभन्दा बाहिर वा भन्सार कार्यालयभन्दा टाढा रहेर पनि सम्पादन गर्नेछन् । भन्सारले सेवा वापत संकलन गर्ने रकम उपलब्ध गराइएको सेवाको अनुमानित मूल्यमा सीमित हुनेछ ।

### ३.३ मापदण्ड

साझा सीमापार भएका स्थानमा भन्सार कार्यालयहरू अवस्थित भएकोमा सम्बन्धित भन्सार प्रशासनहरूले कार्यालय वा काम गर्ने समय र ती कार्यालयहरूको सक्षमता मिलान गर्नेछन् ।

### ३.४ संक्रमणकालीन मापदण्ड

साझा सीमापारमा, सम्बन्धित भन्सार प्रशासनहरूले सम्भव भएसम्म संयुक्त नियन्त्रण कार्य सञ्चालन गर्नेछन् ।

### ३.५ संक्रमणकालीन मापदण्ड

साझा सीमापारका भन्सारले नयाँ भन्सार कार्यालय स्थापना गर्ने वा विद्यमान भन्सार कार्यालयलाई रूपान्तरण गर्ने भएमा, संयुक्त नियन्त्रण सहजीकरणका लागि सान्निध्य भन्सार कार्यालय स्थापना गर्न ती भन्सारले सम्भव भएसम्म छिमेकी भन्सारसँग सहकार्य गर्नेछन् ।

## घोषणाकर्ता

### *(क) घोषणाकर्ताको रूपमा कार्य गर्न सक्ने व्यक्ति*

**३.६. मापदण्ड**

कुनै पनि व्यक्तिले घोषणाकर्ताको रूपमा कार्य गर्न पाउने सर्तहरू राष्ट्रिय कानुनबाट निर्धारित हुनेछन् ।

**३.७. मापदण्ड**

मालवस्तु बेचबिखन गर्नसक्ने अधिकार भएको कुनै पनि व्यक्तिले घोषणाकर्ताको रूपमा कार्य गर्न सक्नेछ ।

### *(ख) घोषणाकर्ताको जिम्मेवारी*

**३.८ मापदण्ड**

मालवस्तुको घोषणामा उपलब्ध गराइएको विवरणको सत्यता तथा महसुल र करको भुक्तानीका लागि घोषणाकर्ता भन्सारप्रति उत्तरदायी हुनेछ ।

### *(ग) घोषणाकर्ताको अधिकार*

**३.९. मापदण्ड**

मालवस्तुको घोषणा दर्ता गर्नुअगाडि घोषणाकर्ताले भन्सारले तय गरेका सर्तहरूको अधीनमा रही देहायको कार्य गर्न अनुमति पाउन सक्नेछ;

(क) मालवस्तुको निरीक्षण गर्न; र

ख) नमुना संकलन गर्न ।

**३.१०. मापदण्ड**

भन्सार सुपरिवेक्षणका लागि संकलन गर्न सकिने नमुनाहरूका सम्बन्धमा छुट्टै मालवस्तुको घोषणा गर्नुपर्ने गरी भन्सारले व्यवस्था गर्ने छैन । तर त्यस्ता नमुनाहरू सम्बद्ध मालवस्तुको घोषणामा समावेश भएको हुनुपर्नेछ ।

## मालवस्तुको घोषणा

### *(क) मालवस्तु घोषणाको ढाँचा र विवरण*

**३.११. मापदण्ड**

भन्सारले मालवस्तु घोषणा गर्दा खुलाउनुपर्ने विवरणहरू तोक्नेछ। मालवस्तु घोषणाको कागजी ढाँचा संयुक्त राष्ट्रसंघ लेआउट अनुरूप हुनेछ।

स्वचालित भन्सार जाँचपास प्रक्रियाका लागि, विद्युतीय रूपमा पेस गरिएको मालवस्तुको घोषणाको ढाँचा सूचना प्रविधिसम्बन्धी भन्सार सहयोग परिषद्को सिफारिसमा तोकिए बमोजिमका विद्युतीय सूचना आदानप्रदानको अन्तर्राष्ट्रिय मापदण्डमा आधारित हुनेछ।

**३.१२. मापदण्ड**

भन्सारले मालवस्तु घोषणामा उल्लेख गर्नुपर्ने तथ्यांकलाई महसुल र कर निर्धारण तथा संकलन, तथ्यांक संग्रह र भन्सारसम्बन्धी कानुन कार्यान्वयनका लागि आवश्यक पर्ने विवरणहरूमा मात्र सीमित गर्नेछ।

**३.१३. मापदण्ड**

घोषणाकर्तासँग मालवस्तु घोषणा गर्न आवश्यक सबै सूचना नभएमा र त्यसो हुनुको कारण भन्सारलाई मनासिब लागेमा भन्सारले अन्तरिम वा अपूर्ण मालवस्तु घोषणा पेस गर्न अनुमति दिनेछ। तर त्यस्तो घोषणामा भन्सारले आवश्यक देखेका विवरणहरू समावेश भएको र घोषणाकर्ताले तोकिएको समयभित्र घोषणालाई पूर्ण बनाउन कबुल गरेको हुनुपर्नेछ।

**३.१४. मापदण्ड**

भन्सारले अन्तरिम वा अपूर्ण मालवस्तु घोषणा दर्ता गरेमा, मालवस्तुमा लाग्ने महसुल दर, पहिलो पटकमै पूर्ण र सही मालवस्तुको घोषणा पेस गरिएको भए सोमा लाग्ने महसुल दरभन्दा फरक हुने छैन।

लाग्ने महसुल र कर संकलन सुनिश्चित गर्न आवश्यक सुरक्षण उपलब्ध गराइएको अवस्थामा मालवस्तु छोड्न ढिलाइ गरिने छैन।

**३.१५. मापदण्ड**

भन्सारले मालवस्तुको मूल घोषणा र न्यूनतम संख्यामा आवश्यक प्रतिहरू मात्र पेस गर्नुपर्ने व्यवस्था गर्नेछ।

*(ख)	मालवस्तु घोषणालाई पुष्टि गर्ने कागजातहरू*

**३.१६. मापदण्ड**

मालवस्तु घोषणाको पुष्टिका लागि भन्सारले कामकारबाही नियन्त्रण गर्न र भन्सारसम्बन्धी कानुनको प्रयोगसम्बन्धी सबै सर्तहरू परिपालना भएको सुनिश्चित गर्न आवश्यक पर्ने कागजातहरू मात्रै पेस गनुपर्ने गरी व्यवस्था गर्नेछ ।

**३.१७. मापदण्ड**

भन्सारले कारण उचित देखेकोमा मालवस्तुको घोषणासँगै त्यस्तो घोषणालाई पुष्टि गर्ने कुनै कागजात प्रस्तुत गर्न नसकिएमा भन्सारले त्यस्तो कागजात निश्चित समयभित्र पेस गर्न अनुमति दिनेछ ।

**३.१८. संक्रमणकालीन मापदण्ड**

भन्सारले घोषणालाई पुष्टि गर्ने कागजातहरू विद्युतीय माध्यमबाट पेस गर्न अनुमति दिनेछ ।

**३.१९. मापदण्ड**

मालवस्तु घोषणाको कारबाहीका लागि आवश्यक भएकोमा बाहेक भन्सारले घोषणालाई पुष्टि गर्ने कागजातका विवरणहरूको अनुवाद पेस गर्नुपर्ने व्यवस्था गर्ने छैन ।

## मालवस्तु घोषणा प्रस्तुति, दर्ता र जाँच

**३.२०. मापदण्ड**

भन्सारले कुनै पनि तोकिएको भन्सार कार्यालयमा मालवस्तु घोषणा प्रस्तुत गर्न अनुमति दिनेछ ।

**३.२१. संक्रमणकालीन मापदण्ड**

भन्सारले मालवस्तुको घोषणा विद्युतीय माध्यमबाट प्रस्तुत गर्न अनुमति दिनेछ ।

**३.२२. मापदण्ड**

भन्सारले तोकेको समयमा मालवस्तु घोषणा प्रस्तुत गरिनेछ ।

### ३.२३. मापदण्ड

राष्ट्रिय कानुनमा मालवस्तु घोषणा प्रस्तुत गर्ने म्याद तोकिएकोमा, दिइएको समय घोषणाकर्ताले मालवस्तु घोषणा पूरा गर्न र पुष्टि गर्ने आवश्यक कागजात प्राप्त गर्नसक्ने गरी पर्याप्त हुनेछ ।

### ३.२४. मापदण्ड

घोषणाकर्ताको अनुरोधमा र भन्सारले कारण उचित देखेकोमा भन्सारले मालवस्तु घोषणा गर्न तोकिएको म्याद थप गर्नेछ ।

### ३.२५. मापदण्ड

राष्ट्रिय कानुनले मालवस्तुको आगमन अगावै मालवस्तुको घोषणा र पुष्टि गर्ने कागजातहरू प्रस्तुत गर्ने र दर्ता वा जाँच गर्ने व्यवस्था गर्नेछ ।

### ३.२६. मापदण्ड

भन्सारले मालवस्तु घोषणा दर्ता गर्न नसक्ने भएमा सोको कारण खुलाई घोषणाकर्तालाई जानकारी दिनेछ ।

### ३.२७. मापदण्ड

भन्सारले मालवस्तुको घोषणा जाँच वा मालवस्तु निरीक्षण सुरु गरिनसकेको अवस्थामा अनुरोध प्राप्त भएमा घोषणाकर्तालाई पेस भइसकेको मालवस्तुको घोषणामा संशोधन गर्न अनुमति दिनेछ ।

### ३.२८. संक्रमणकालीन मापदण्ड

भन्सारले मालवस्तु निरीक्षण सुरु गरिसकेको अवस्थामा अनुरोध प्राप्त भएमा, घोषणाकर्ताले दिएको कारण भन्सारलाई उचित लागेमा मात्र पेस भइसकेको मालवस्तुको घोषणामा संशोधन गर्न अनुमति दिनेछ ।

### ३.२९. संक्रमणकालीन मापदण्ड

घोषणाकर्तालाई पेस गरेको मालवस्तुको घोषणा फिर्ता लिई अन्य अर्को भन्सार प्रक्रियाका लागि निवेदन दिन अनुमति दिइनेछ । तर त्यसरी घोषणा फिर्ता लिन र निवेदन दिन मालवस्तु छुटाउनुपूर्व भन्सारलाई अनुरोध गरिएको र अनुरोध गरेको कारण भन्सारलाई उचित लागेको हुनु पर्दछ ।

### ३.३०. मापदण्ड

मालवस्तु घोषणाको जाँच गर्ने कार्य मालवस्तु घोषणा सँगसँगै वा मालवस्तु घोषणा दर्ता भएपछि यथासम्भव छिटो प्रारम्भ हुनेछ ।

### ३.३१. मापदण्ड

मालवस्तु घोषणाको जाँच गर्ने प्रयोजनका लागि भन्सारले भन्सार कानुनको परिपालना सुनिश्चित गर्न अत्यावश्यक देखिएका कारबाही मात्र गर्नेछ ।

## अधिकृत व्यक्तिका लागि विशेष कार्यविधि

### ३.३२. संक्रमणलाकीन मापदण्ड

भन्सारसम्बन्धी सर्तहरू परिपालनाको उपयुक्त अभिलेख राख्ने र आफ्नो व्यावसायिक अभिलेख व्यवस्थापन गर्न सन्तोषजनक प्रणाली अवलम्बन गर्ने एवं भन्सारबाट तोकिएको मापदण्ड पूरा गर्ने अधिकृत व्यक्तिहरूका लागि भन्सारले देहायको व्यवस्था गर्नेछः

- मालवस्तुको पहिचान गर्न र त्यसपछिको अन्तिम मालवस्तु घोषणा पूरा गर्ने अनुमति दिन आवश्यक न्यूनतम जानकारी उपलब्ध गराएपछि मालवस्तु छोड्ने;
- घोषणाकर्ताको परिसरमा वा भन्सारले स्वीकृति दिएको अन्य स्थानमा मालवस्तु जाँचपास गर्ने;

  तथा, यसका अतिरिक्त यथासम्भव देहायका जस्तै अन्य विशेष कार्यविधिको व्यवस्था गर्ने;
- एउटै व्यक्तिले बारम्बार मालवस्तु पैठारी वा निकासी गर्ने गरेकोमा तोकिएको अवधिमा गरिएका मालवस्तुका सबै पैठारी वा निकासीका लागि एकल मालवस्तु घोषणा गर्न अनुमति दिने;
- उनीहरूको महसुल र कर दायित्वको स्वयं निर्धारण गर्न तथा उपयुक्त भएकोमा भन्सारका अन्य सर्तहरूको परिपालना सुनिश्चित गर्न अधिकृत व्यक्तिहरूको व्यावसायिक अभिलेखको प्रयोग गर्ने;
- पूरक मालवस्तुको घोषणाबाट पछि समर्थन हुने गरी अधिकृत व्यक्तिको अभिलेखमा गरिने प्रविष्टिको माध्यमबाट मालवस्तुको घोषणा प्रस्तुत गर्न अनुमति दिने ।

## मालवस्तुको जाँच

### *(क) मालवस्तुको जाँच गर्न लाग्ने समय*

**३.३३. मापदण्ड**

भन्सारले घोषणा गरिएको मालवस्तु जाँच गर्ने भनी निर्णय गरेमा, मालवस्तुको घोषणा दर्ता भए पछि यथासम्भव छिटो जाँच गरिनेछ ।

**३.३४. मापदण्ड**

मालवस्तुको जाँचको तालिका तयार गर्दा जीवित जनावर, छिटो नाश हुनसक्ने वस्तुहरू र भन्सारले तत्कालै जाँच गर्न आवश्यक देखेका अन्य वस्तुहरूलाई प्राथमिकता दिइनेछ ।

**३.३५. संक्रमणकालीन मापदण्ड**

अन्य सक्षम निकायबाट मालवस्तु जाँच गर्नुपर्नेमा र भन्सारले पनि जाँचको तालिका तयार गरेकोमा भन्सारले त्यस्ता जाँचहरूबीच समन्वय भएको र सम्भव भएसम्म एकै समयमा गरिएको सुनिश्चित गर्नेछ ।

### *(ख) मालवस्तुको जाँच गर्दा घोषणाकर्ताको उपस्थिति*

**३.३६. मापदण्ड**

भन्सारले मालवस्तुको जाँच गर्दा आफू उपस्थित हुन वा प्रतिनिधि पठाउनका लागि घोषणाकर्ताबाट गरिएको अनुरोधलाई विचार गर्नेछ । असाधारण परिस्थितिमा बाहेक त्यस्तो अनुरोधलाई स्वीकार गरिनेछ ।

**३.३७. मापदण्ड**

भन्सारले उपयोगी ठानेमा मालवस्तुको जाँच सहजीकरण गर्न आवश्यक सहयोगका लागि भन्सारले मालवस्तुको जाँच गर्दाका बखत उपस्थित हुन वा प्रतिनिधि पठाउन घोषणाकर्तालाई आदेश दिनेछ ।

### *(ग) भन्सारले नमूना संकलन गर्ने*

**३.३८. मापदण्ड**

भन्सारले घोषित मालवस्तुको महसुल दर र/वा मूल्य स्थापित गर्न वा राष्ट्रिय कानुनका अन्य व्यवस्थाको प्रयोग सुनिश्चित गर्न आवश्यक देखेको अवस्थामा मात्र नमुना संकलन गर्नेछ । त्यस्ता नमुनाको मात्रा सम्भव भएसम्म कम हुनेछ ।

## त्रुटि

### ३.३९. मापदण्ड

कुनै त्रुटि भूलवश भएको र जालसाँजीपूर्ण मनसायबाट वा चरम लापरबाहीको कारणबाट त्यस्तो त्रुटि नभएको कुरामा भन्सार सन्तुष्ट भएमा भन्सारले त्यस्तो त्रुटिका लागि उल्लेखनीय दण्ड जरिवाना गर्ने छैन । त्यस्ता त्रुटि दोहोऱ्याउन निरुत्साहित गर्न आवश्यक देखिएमा भन्सारले दण्ड जरिवाना तोक्न सक्नेछ । तर त्यस्तो दण्ड जरिवाना यस उद्देश्यका लागि आवश्यक भएभन्दा बढी हुने छैन ।

## मालवस्तु छाडिदिने

### ३.४०. मापदण्ड

देहायको अवस्थामा भन्सारले जाँच गर्नेबित्तिकै वा जाँच नगर्ने निर्णय गर्नेबित्तिकै घोषणा गरेको मालवस्तु छाडिदिनेछः

- कुनै कसुर भएगरेको नदेखिएको;
- पैठारी वा निकासीको अनुमतिपत्र वा अन्य आवश्यक कागजात प्राप्त गरिएको;
- सम्बन्धित कार्यविधिसँग सम्बन्धित सबै अनुमतिपत्रहरू प्राप्त गरिएको;
- महसुल र कर चुक्ता गरिएको वा महसुल र करको संकलन सुनिश्चित गर्न उपयुक्त कारबाही गरिएको ।

### ३.४१. मापदण्ड

घोषणाकर्ताले जाँचपासको सम्बन्धमा पछि सबै प्रक्रियाहरू पूरा गर्नेछ भन्नेमा भन्सार सन्तुष्ट भएमा भन्सारले मालवस्तु छोड्न सक्नेछ। तर घोषणाकर्ताले सम्बन्धित खेप (कन्सायन्मेन्ट) को मुख्य मुख्य विवरण उल्लेख गरिएको र भन्सारलाई स्वीकार्य व्यापारिक वा औपचारिक कागजात पेस गरेको र आवश्यक भएकोमा लाग्ने महसुल र कर संकलन सुनिश्चित गर्न सुरक्षण पेस गरिएको हुनु पर्नेछ ।

### ३.४२. मापदण्ड

भन्सारले नमुनाको प्रयोगशाला विश्लेषण, विस्तृत प्राविधिक दस्तावेज वा विज्ञको सल्लाह आवश्यक पर्ने भनी निर्णय गरेमा, भन्सारले त्यस्तो परीक्षणको नतिजा प्राप्त हुनुपूर्व मालवस्तु

छोड्नेछ । तर आवश्यक सुरक्षण पेस गरिएको र मालवस्तु निषेधित वा प्रतिबन्धित नभएकोमा भन्सार सन्तुष्ट हुनु पर्नेछ ।

**३.४३. मापदण्ड**

कुनै कसुर भएगरेको पत्ता लागेको अवस्थामा कब्जा वा जफत हुनसक्ने मालवस्तु नभएमा वा पछिल्लो कुनै चरणमा त्यस्तो मालवस्तु प्रमाणको रूपमा आवश्यक पर्ने नभएमा र घोषणाकर्ताले कर र महसुल भुक्तानी गरेमा तथा कुनै अतिरिक्त महसुल र कर तथा लाग्न सक्ने दण्ड जरिवाना संकलनको सुनिश्चितता गर्ने सुरक्षण पेस गरेमा भन्सारले मालवस्तु छोड्नुपूर्व पूरा गर्नुपर्ने प्रशासनिक वा कानुनी कारबाही पूरा गर्न ढिलाइ गर्ने छैन ।

## मालवस्तुको परित्याग वा नष्ट

**३.४४. मापदण्ड**

आन्तरिक प्रयोजनका लागि मालवस्तु छुटाई नसकिएको वा सो मालवस्तु अन्य भन्सार कार्यविधि अन्तर्गत राखिएको र कुनै कसुर भएगरेको पत्ता नलागेकोमा सम्बन्धित व्यक्तिले देहायको अवस्थामा महसुल र कर भुक्तानी गर्नुपर्ने छैन वा सोको पुनः भुक्तानी पाउनेछ:

- त्यस्तो व्यक्तिको अनुरोधमा भन्सारले निर्णय गरेबमोजिम त्यस्तो मालवस्तु राजस्वमा दाखिला हुने गरी परित्याग गरिएको वा भन्सारको नियन्त्रणमा नष्ट गरिएको वा व्यापारिक रूपमा मूल्यहीन बनाइएको । सम्बन्धित व्यक्तिले यस सम्बन्धमा लाग्ने सबै खर्च व्यहोर्नु पर्नेछ;

- दुर्घटना वा काबु बाहिरको परिस्थिति परी त्यस्तो मालवस्तु नष्ट भएको वा अपूरणीय रूपमा नोक्सान भएको र मालवस्तु त्यसरी नष्ट वा नोक्सान भएको तथ्य विधिवत् स्थापित भएको कुरामा भन्सार सन्तुष्ट भएको;

- मालवस्तुको प्रकृतिको कारणले मालवस्तु कम भएकोमा मालवस्तु त्यसरी कम भएको तथ्य विधिवत् स्थापित भएको कुरामा भन्सार सन्तुष्ट भएको ।

मालवस्तु नष्ट भई वांकी रहेको कुनै रद्दी वा पत्रु आन्तरिक उपभोग लागि लगिएमा वा निकासी गरिएमा त्यस्तो रद्दी वा पत्रुमा त्यस्तै रद्दी वा पत्रु पैठारी वा निकासी गर्दा सोही अवस्थाको मालवस्तुमा लाग्नेसरहको महसुल र कर लाग्नेछ ।

## ३.४५. संक्रमणकालीन मापदण्ड

कुनै कसुर भएगरेको पत्ता नलागेको भए पनि, तोकिएको समयभित्र घोषणा नगरिएको वा छुटाउन नसकिएको मालवस्तु भन्सारले बिक्री गरेकोमा त्यस्तो बिक्रीबाट प्राप्त भएको रकमबाट महसुल र कर तथा लागेको अन्य सबै शुल्क र खर्च कटाई बाँकी रहेको रकम त्यस्तो रकम पाउने हक भएका व्यक्तिलाई दिइनेछ वा सो सम्भव नभएमा त्यस्तो रकम ती व्यक्तिले पाउन सक्ने गरी तोकिएको समयसम्म राखिनेछ ।

# परिच्छेद ४

## महसुल र कर

### (क) महसुल र कर निर्धारण, संकलन र दाखिला

**४.१. मापदण्ड**

राष्ट्रिय कानुनले महसुल र करको दायित्व सिर्जना हुने अवस्था परिभाषित गर्नेछ ।

**४.२. मापदण्ड**

कति समयभित्र लाग्ने महसुल र कर निर्धारण गरिने हो, सो कुरा राष्ट्रिय कानुनमा उल्लेख गरिनेछ । मालवस्तुको घोषणा पेस भएपछि वा अन्य किसिमले दायित्व सिर्जना भएपछि यथासम्भव छिटो महसुल र कर निर्धारण गरिनेछ ।

**४.३. मापदण्ड**

महसुल र कर निर्धारणका आधार तत्वहरू तथा सर्तहरू राष्ट्रिय कानुनमा उल्लेख हुनेछन् ।

**४.४. मापदण्ड**

महसुल र करको दर आधिकारिक प्रकाशनमा उल्लेख गरिनेछ ।

**४.५. मापदण्ड**

महसुल र करको दर निर्धारण गर्ने प्रयोजनका लागि विचार गरिने समय राष्ट्रिय कानुनमा उल्लेख गरिनेछ ।

**४.६. मापदण्ड**

महसुल र कर भुक्तानी गर्न प्रयोग हुनसक्ने तरिका राष्ट्रिय कानुनमा उल्लेख गरिनेछ ।

**४.७. मापदण्ड**

महसुल र कर भुक्तानीका लागि जिम्मेवार व्यक्ति राष्ट्रिय कानुनमा तोकिनेछ ।

### ४.८. मापदण्ड

भुक्तानी गर्नुपर्ने म्याद तथा स्थान राष्ट्रिय कानुनले निर्धारण गर्नेछ ।

### ४.९. मापदण्ड

मालवस्तु छुटाएपछि भुक्तानी गर्न सक्ने गरी राष्ट्रिय कानुनले म्याद तोकेको अवस्थामा त्यस्तो म्याद मालवस्तु छुटेको कम्तीमा पनि १० दिनपछिको हुनेछ । मालवस्तु छुटाएको मिति र सो म्यादबीचको अवधिमा कुनै पनि ब्याज लाग्ने छैन ।

### ४.१०. मापदण्ड

म्यादभित्र भुक्तानी नभएका महसुल र कर संकलन गर्न कति अवधिभित्र भन्सारले कानुनी कारबाही गर्न सक्ने हो, सो अवधि राष्ट्रिय कानुनमा तोकिनेछ ।

### ४.११. मापदण्ड

म्यादभित्र भुक्तानी नभएका महसुल र करको रकममा लाग्ने ब्याजको दर र त्यस्तो ब्याजका सम्बन्धमा लागू हुने सर्तहरू राष्ट्रिय कानुनले निर्धारण गर्नेछ ।

### ४.१२. मापदण्ड

महसुल र कर भुक्तानी गरिएकोमा, भुक्तानी प्रमाणित गर्ने अन्य प्रमाण नभएकोमा करदातालाई भुक्तानीको प्रमाण स्वरूप एउटा रसिद दिइनेछ ।

### ४.१३. संक्रमणकालीन मापदण्ड

राष्ट्रिय कानुनमा न्यूनतम मूल्य र/वा महसुल र करको न्यूनतम अंक उल्लेख गरिनेछ र सोभन्दा कम महसुल र कर असुल गरिने छैन ।

### ४.१४. मापदण्ड

भन्सारले मालवस्तु घोषणामा वा महसुल र कर निर्धारणमा हुन गएको त्रुटिको कारणले गर्दा संकलन वा असुलउपर गरिएको वा गरिने महसुल र करको रकम कानुनी रूपमा तिर्नु वुझाउनुपर्ने रकमभन्दा कम भएको वा हुनसक्ने देखेमा भन्सारले त्यस्तो त्रुटि सच्याउने र तिर्न बाँकी रहेको रकम संकलन गर्नेछ । त्यस्तो रकम राष्ट्रिय कानुनमा उल्लेख गरिएको न्यूनतम रकमभन्दा कम भएमा भन्सारले त्यस्तो रकम संकलन वा असुलउपर गर्नेछैन ।

## ख. महसुल र करको पछि हुने भुक्तानी

### ४.१५. मापदण्ड

राष्ट्रिय कानुनले महसुल र करको भुक्तानी पछि गर्न सकिने गरी व्यवस्था गरेकोमा राष्ट्रिय कानुनले त्यस्तो सुविधा पाउन पूरा गर्नुपर्ने सर्तहरू पनि तोक्नेछ।

### ४.१६. मापदण्ड

सम्भव भएसम्म पछि हुने भुक्तानीमा ब्याज नलाग्ने व्यवस्था गरिनेछ।

### ४.१७. मापदण्ड

महसुल र करको पछि हुने भुक्तानीको अवधि कम्तीमा १४ दिनको हुनेछ।

## ग. महसुल र कर पुनः भुक्तानी

### ४.१८. मापदण्ड

महसुल र कर निर्धारणमा त्रुटि भएको कारणले बढी महसुल र कर लगाईएको देखिएमा पुनः भुक्तानी दिईनेछ।

### ४.१९. मापदण्ड

पैठारी वा निकासी गर्दाका बखत त्रुटिपूर्ण भेटिएका वा अन्य किसिमले स्वीकृत विवरण बमोजिम नभएका र आपूर्तिकर्तालाई वा आपूर्तिकर्ताले तोकेको कुनै व्यक्तिलाई फिर्ता दिइएका पैठारी वा निकासी गरिएका मालवस्तुको हकमा देहायका सर्तहरूको अधीनमा रही पुनःभुक्तानी दिइने छः

- पैठारी गरिएको मुलुकमा त्यस्तो मालवस्तुमा काम नगरिएको, मर्मत वा प्रयोग नगरिएको र मुनासिब समयभित्रै पुनः निकासी गरिएको;

- निकासी गरिएको मुलुकमा त्यस्तो मालवस्तुमा काम नगरिएको, मर्मत वा प्रयोग नगरिएको र उचित समयभित्रै पुनः पैठारी गरिएको;

तर मालवस्तुको पुनः पैठारी र पुनः निकासी गराउने त्रुटि वा अन्य परिस्थिति पत्ता लगाउन त्यस्तो मालवस्तुको प्रयोग अपरिहार्य भएकोमा सो मालवस्तुको प्रयोगले पुनः भुक्तानीमा वाधा पार्ने छैन।

पुनः पैठारी वा पुनःनिकासीको विकल्पको रूपमा भन्सारले निर्णय गरेबमोजिम मालवस्तु राजस्वमा दाखिला गर्ने गरी परित्याग गर्न वा भन्सारको नियन्त्रणमा नष्ट गर्न वा व्यावसायिक रूपमा मूल्यहीन बनाउन सकिनेछ । त्यसरी परित्याग वा नष्ट गर्दा राजस्वमा कुनै पनि व्ययभार पर्ने छैन ।

### ४.२०. संक्रमणकालीन मापदण्ड

महसुल र करको भुक्तानीसहित एउटा भन्सार कार्यविधिका लागि सुरुमा घोषणा गरिएको मालवस्तुलाई अर्को भन्सार कार्यविधि अन्तर्गत राख्न भन्सारबाट अनुमति दिइएको अवस्थामा नयाँ भन्सार कार्यविधि अन्तर्गत तिर्नु, बुझाउनुपर्ने रकमभन्दा बढी हुने गरी लिइएको महसुल र कर रकमको पुनः भुक्तानी दिइनेछ ।

### ४.२१. मापदण्ड

पुनः भुक्तानीको मागदाबीमा निर्णय गरी सोको लिखित जानकारी अनुचित विलम्ब नगरी सम्बन्धित व्यक्तिलाई दिइनेछ र बढी लिइएको रकमको पुनः भुक्तानी मागदाबी प्रमाणित भइसकेपछि यथासम्भव छिटो दिइनेछ ।

### ४.२२. मापदण्ड

महसुल र कर निर्धारण गर्दा भन्सारको कारणबाट त्रुटि हुन गई बढी शुल्क लिइएको पुष्टि भएमा प्राथमिकताका साथ पुनः भुक्तानी दिइनेछ ।

### ४.२३. मापदण्ड

पुनः भुक्तानीको मागदाबी गर्ने म्याद तोकिएकोमा त्यस्तो म्याद पुनः भुक्तानी दिन सकिने प्रत्येक किसिमको विषयका फरक-फरक परिस्थितिलाई विचार गर्न पर्याप्त अवधिको हुनेछ ।

### ४.२४. मापदण्ड

पुनः भुक्तानी दिइने रकम राष्ट्रिय कानुनमा तोकिएको न्यूनतम रकमभन्दा कम भएमा पुनः भुक्तानी दिइने छैन ।

## परिच्छेद ५

## सुरक्षण

**५.१. मापदण्ड**

राष्ट्रिय कानुनले कुन अवस्थामा सुरक्षण आवश्यक हुन्छ, सोको व्यवस्था गर्ने र कुन तरिकामा सुरक्षण उपलब्ध गराउनुपर्ने हो, सो कुरा तोक्नेछ ।

**५.२. मापदण्ड**

भन्सारले सुरक्षणको रकम निर्धारण गर्नेछ ।

**५.३. मापदण्ड**

सुरक्षण उपलब्ध गराउने दायित्व भएको कुनै पनि व्यक्तिले भन्सारलाई स्वीकार्य हुने कुनै किसिमको सुरक्षण छनौट गर्न पाउनेछ ।

**५.४. मापदण्ड**

राष्ट्रिय कानुनमा व्यवस्था भएमा भन्सारप्रतिको दायित्व पूरा हुने कुरामा भन्सार सन्तुष्ट भएमा भन्सारले सुरक्षण माग्ने छैन ।

**५.५. मापदण्ड**

भन्सार कार्यविधिबाट उत्पन्न दायित्व पूरा हुने सुनिश्चित गर्न सुरक्षण आवश्यक भएमा भन्सारले खासगरी भन्सार क्षेत्रभित्रका विभिन्न कार्यालयहरूमा नियमित रूपमा मालवस्तु घोषणा गर्ने घोषणाकर्ताहरूबाट सामान्य सुरक्षण स्वीकार गर्नेछ ।

**५.६. मापदण्ड**

सुरक्षण आवश्यक भएकोमा उपलब्ध गराइने सुरक्षणको रकम यथासम्भव कम हुनेछ तथा महसुल र करको भुक्तानीका सम्बन्धमा सुरक्षण सम्भाव्यरूपमा लाग्न सक्ने शुल्कभन्दा बढी हुने छैन ।

**५.७. मापदण्ड**

सुरक्षण दाखिला गरिएको अवस्थामा, जुन दायित्वअन्तर्गत सुरक्षण आवश्यक परेको थियो, सो दायित्व सही रूपमा परिपालन भइसकेकोमा भन्सार सन्तुष्ट भएमा त्यस्तो सुरक्षण यथासम्भव छिटो फुकुवा गरिनेछ ।

## परिच्छेद ६

## भन्सार नियन्त्रण

**६.१. मापदण्ड**

भन्सार क्षेत्रमा प्रवेश गर्ने वा भन्सार क्षेत्रबाट बाहिर जाने ढुवानीका साधन लगायतका सबै मालवस्तुमा महसुल र कर लाग्ने वा नलाग्ने जे भए तापनि त्यस्ता मालवस्तु भन्सार नियन्त्रणको अधीनमा रहनेछन् ।

**६.२. मापदण्ड**

भन्सार कानुनको परिपालना सुनिश्चित गर्न आवश्यक भएको हदसम्म मात्र भन्सार नियन्त्रण सीमित रहनेछ ।

**६.३. मापदण्ड**

भन्सार नियन्त्रणको कार्यान्वयनमा भन्सारले जोखिम व्यवस्थापनको प्रयोग गर्नेछ ।

**६.४. मापदण्ड**

भन्सारले कुन व्यक्ति र ढुवानीको साधनलगायतका के-कस्ता मालवस्तुको जाँच गर्ने र जाँचको हद कति हुने भन्ने कुरा निर्धारण गर्न जोखिम विश्लेषण प्रयोग गर्नेछ ।

**६.५. मापदण्ड**

भन्सारले जोखिम व्यवस्थापनको सहयोगका लागि परिपालना मापन रणनीति ग्रहण गर्नेछ ।

**६.६. मापदण्ड**

भन्सार नियन्त्रण प्रणालीमा परीक्षणमा आधारित नियन्त्रण समावेश हुनेछ ।

**६.७. मापदण्ड**

भन्सारले अन्य भन्सार प्रशासनहरूसँग सहकार्य गर्न तथा भन्सार नियन्त्रण अभिवृद्धि गर्ने उद्देश्यले पारस्परिक प्रशासनिक सहायता सम्झौता सम्पन्न गर्न प्रयत्न गर्नेछ ।

## ६.८. मापदण्ड

भन्सारले व्यापारसँग सहकार्य गर्न तथा भन्सार नियन्त्रण अभिवृद्धि गर्ने उद्देश्यले समझदारी-पत्र सम्पन्न गर्न प्रयत्न गर्नेछ ।

## ६.९. संक्रमणकालीन मापदण्ड

भन्सार नियन्त्रण अभिवृद्धि गर्ने उद्देश्यले भन्सारले उच्चतम सम्भव हदसम्म सूचना प्रविधि र विद्युतीय वाणिज्यको प्रयोग गर्नेछ ।

## ६.१०. मापदण्ड

भन्सारले भन्सारका आवश्यकताहरूको परिपालनाको सुनिश्चित गर्नका लागि भन्सार सञ्चालनमा प्रभाव पार्न सक्ने व्यापारीहरूका व्यावसायिक प्रणालीहरूको मूल्यांकन गर्नेछ ।

# परिच्छेद ७

## सूचना प्रविधिको प्रयोग

**७.१. मापदण्ड**

व्यापारका लागि र भन्सारका लागि सूचना प्रविधि लागत प्रभावकारी (मितव्ययी) र दक्ष हुने भएमा भन्सारले भन्सार सञ्चालनमा सहयोग गर्न त्यस्तो सूचना प्रविधिको प्रयोग गर्नेछ । भन्सारले सूचना प्रविधिको प्रयोगका सर्तहरू तोक्नेछ ।

**७.२. मापदण्ड**

कम्प्युटरको प्रयोगको सुरुआत गर्दा भन्सारले अन्तर्राष्ट्रिय रूपमा स्वीकार्य सान्दर्भिक मापदण्डहरू लागू गर्नेछ ।

**७.३. मापदण्ड**

सूचना प्रविधिको प्रयोग गर्दा उच्चतम सम्भव हदसम्म प्रत्यक्ष रूपमा प्रभावित सबै सम्बन्धित पक्षहरूसँगको परामर्शमा गरिनेछ ।

**७.४. मापदण्ड**

नयाँ वा संशोधित राष्ट्रिय कानुनले देहायको व्यवस्था गर्नेछ:

- कागजमा आधारित लिखतहरू नै पेस गर्नुपर्ने सर्तको विकल्पको रूपमा विद्युतीय वाणिज्य प्रणाली अपनाउन सकिने;

- विद्युतीय एवं कागजमा आाधारित प्रमाणीकरण प्रणाली;

- विद्युतीय वाणिज्य तरिकाको माध्यमबाट आफ्नो प्रयोगका लागि सूचना राख्न; र, उपयुक्तता अनुसार अन्य भन्सार प्रशासन तथा कानुनी रूपमा मान्यताप्राप्त अन्य सबै पक्षहरूसँग त्यस्तो सूचना आदानप्रदान गर्नसक्ने भन्सारको अधिकार ।

# परिच्छेद ८

## भन्सार र तेस्रो पक्षबीचको सम्बन्ध

**८.१. मापदण्ड**

सम्बन्धित व्यक्तिले भन्सारसँग प्रत्यक्ष रूपमा कामकारोबार गर्न वा आफ्नो तर्फबाट काम गर्न तेस्रो पक्ष नियुक्त गरी काम कारोबार गर्ने गरी विकल्प छनोट गर्न सक्नेछ ।

**८.२. मापदण्ड**

राष्ट्रिय कानुनले कुनै व्यक्तिले अर्को पक्षका लागि र अर्को पक्षको तर्फबाट भन्सारसँग कामकारोबार गर्दा पालना गर्नुपर्ने सर्तहरू तोक्ने कार्य तथा महसुल र करका लागि र कुनै अनियमितता भए सोका लागि तेस्रो पक्षको भन्सारप्रतिको दायित्वको व्यवस्था गर्नेछ ।

**८.३. मापदण्ड**

सम्बन्धित व्यक्तिले आफूले नै कारोबार गर्ने भएमा भन्सार कारोबारलाई तेस्रो पक्षले सम्बन्धित व्यक्तिको तर्फबाट गर्ने भन्सार कारोबारभन्दा कम सुविधाजनक हुने गरी व्यवहार गरिने वा त्यस्तो कारोवारभन्दा बढी कठोर सर्तहरूको अधीनमा राखिने छैन ।

**८.४. मापदण्ड**

तेस्रो पक्षको रूपमा नियुक्त भएको व्यक्तिलाई भन्सारसँग गरिने कामकारोबारसम्बन्धी विषयहरूमा निजलाई नियुक्त गर्ने व्यक्तिलाई भएसरहको अधिकार हुनेछ ।

**८.५. मापदण्ड**

भन्सारले व्यापारसँगको औपचारिक परामर्शमा तेस्रो पक्ष सहभागी हुन पाउने व्यवस्था गर्नेछ ।

**८.६. मापदण्ड**

भन्सारले तेस्रो पक्षसँग कुन अवस्थामा कामकारोबार नगर्ने हो, सो कुरा तोक्नेछ ।

**८.७. मापदण्ड**

भन्सारले कामकारोबार नगर्ने निर्णयको लिखित सूचना तेस्रो पक्षलाई दिनेछ ।

## परिच्छेद ९

## भन्सारको जानकारी, निर्णय र आदेश

### क. सामान्य रूपमा लागू हुने जानकारी

**९.१. मापदण्ड**

भन्सारले भन्सार कानुनसँग सम्बन्धित सामान्य रूपमा लागू हुने सबै सम्बद्ध जानकारी कुनै पनि इच्छुक व्यक्तिलाई त्वरित रूपमा उपलब्ध भएको सुनिश्चित गर्नेछ ।

**९.२. मापदण्ड**

उपलब्ध गराइएको जानकारीमा भन्सार कानुन, प्रशासनिक प्रबन्ध वा सर्तहरूमा भएको परिवर्तनको कारणले कुनै संशोधन गर्नुपर्ने भएमा र भन्सारले पूर्व सूचना दिनुपर्ने व्यवस्था लागू नहुने भएमा भन्सारले इच्छुक व्यक्तिहरूले त्यस्तो संशोधनको जानकारी पाउनसक्ने गरी त्यस्तो संशोधन लागू हुनुअगावै संशोधित जानकारी त्वरित रूपमा उपलब्ध गराउनेछ ।

**९.३. संक्रमणकालीन मापदण्ड**

भन्सारले जानकारीको उपलब्धताको व्यवस्था सुदृढीकरणका लागि सूचना प्रविधिको प्रयोग गर्नेछ ।

### ख. विशेष प्रकृतिका जानकारी

**९.४. मापदण्ड**

इच्छुक व्यक्तिले अनुरोध गरेमा भन्सारले इच्छुक व्यक्तिबाट उठाइएका विशेष कुराहरूसम्बन्धी जानकारी तथा भन्सार कानुनसम्बन्धी जानकारी यथाशीघ्र र यथासम्भव सही रूपमा उपलब्ध गराउनेछ ।

**९.५. मापदण्ड**

भन्सारले विशेष रूपमा अनुरोध गरिएका जानकारीको अतिरिक्त इच्छुक व्यक्तिलाई थाहा हुनुपर्ने खालका अन्य सम्बद्ध जानकारीसमेत उपलब्ध गराउनेछ ।

### ९.६. मापदण्ड

जानकारी उपलब्ध गराउँदा भन्सारले राष्ट्रिय कानुन बमोजिम प्रकट गर्नुपर्ने वा प्रकट गर्न अख्तियारी पाएको अवस्थामा बाहेक भन्सार वा तेस्रो पक्षलाई प्रभाव पार्ने निजी वा गोप्य प्रकृतिका विवरण प्रकट नगरिएको सुनिश्चित गर्नेछ ।

### ९.७. मापदण्ड

भन्सारले निःशुल्क रूपमा जानकारी उपलब्ध गराउन नसक्ने भएमा जानकारी उपलब्ध गराउँदा लिइने कुनै पनि शुल्क उपलब्ध गराइएको सेवाको अनुमानित मूल्यमा सीमित हुनेछ ।

## ग. निर्णय र आदेश

### ९.८. मापदण्ड

सम्बन्धित व्यक्तिको लिखित अनुरोधमा भन्सारले आफ्नो निर्णयको जानकारी राष्ट्रिय कानुनमा तोकिएको समयभित्र लिखित रूपमा उपलब्ध गराउनेछ । सम्बन्धित व्यक्तिको विरुद्धमा निर्णय भएको अवस्थामा सोको कारण खुलाइने र पुनरावेदनको अधिकारको वारेमा जानकारी गराइनेछ ।

### ९.९. मापदण्ड

इच्छुक व्यक्तिको अनुरोधमा भन्सारले बाध्यात्मक आदेश जारी गर्नेछ, तर भन्सारले आवश्यक ठानेका सबै जानकारी भन्सारसँग उपलब्ध भएको हुनुपर्नेछ ।

# परिच्छेद १०

## भन्सार सम्बन्धी पुनरावेदन

## क. पुनरावेदनको अधिकार

**१०.१. मापदण्ड**

राष्ट्रिय कानुनले भन्सार सम्बन्धी विषयमा पुनरावेदनको अधिकारको व्यवस्था गर्नेछ ।

**१०.२. मापदण्ड**

भन्सारको निर्णयबाट वा भन्सारले निर्णय नगरेको कारणबाट प्रत्यक्ष रूपमा प्रभावित कुनै पनि व्यक्तिलाई पुनरावेदनको अधिकार हुनेछ ।

**१०.३. मापदण्ड**

भन्सारलाई अनुरोध गरेपछि भन्सारको निर्णयबाट वा भन्सारले निर्णय नगरेको कारणबाट प्रत्यक्ष रूपमा प्रभावित व्यक्तिलाई त्यस्तो निर्णय गर्नु वा नगर्नुको कारणसहितको जानकारी राष्ट्रिय कानुनमा तोकिएको समयभित्र उपलब्ध गराइनेछ । यसरी उपलब्ध गराइएको जानकारीका आधारमा पुरावेदन पर्न र नपर्न सक्दछ ।

**१०.४. मापदण्ड**

राष्ट्रिय कानुनले प्रारम्भिक पुनरावेदन भन्सारमा लाग्नसक्ने गरी पुनरावेदनको अधिकारको व्यवस्था गर्नेछ ।

**१०.५. मापदण्ड**

भन्सारमा गरिएको पुनरावेदन खारेज गरिएकोमा पुनरावेदकलाई भन्सार प्रशासनबाट स्वतन्त्र निकायसमक्ष पुनः पुनरावेदन गर्न पाउने अधिकार हुनेछ ।

**१०.६. मापदण्ड**

अन्तिम चरणमा पुनरावेदकलाई न्यायिक निकायसमक्ष पुनरावेदन गर्न पाउने अधिकार हुनेछ ।

## ख. पुनरावेदनको ढाँचा र आधार

### १०.७. मापदण्ड

पुरावेदन लिखित रूपमा दायर गरिने र पुरावेदनमा पुरावेदन गर्नुपर्नाका कारणहरू उल्लेख गरिनेछ ।

### १०.८. मापदण्ड

भन्सारको निर्णयविरुद्ध पुनरावेदन दायर गर्ने म्याद तोकिनेछ र सो म्याद पुनरावेदकलाई विवादित निर्णयको अध्ययन गर्न र पुनरावेदन तयार गर्न पर्याप्त हुने समयको हुनेछ ।

### १०.९. मापदण्ड

भन्सारमा गरिने पुनरावेदनको हकमा भन्सारले पुनरावेदनको दाबी पुष्टि गर्ने प्रमाण पुनरावेदनसँगै पेस गर्नुपर्ने गरी व्यवस्था गर्ने छैन, तर उपयुक्त अवस्थामा त्यस्तो प्रमाण पेस गर्न मुनासिब समय भन्सारले उपलब्ध गराउनेछ ।

## ग. पुनरावेदनमा कारबाही

### १०.१०. मापदण्ड

भन्सारले पुनरावेदनमा आफ्नो आदेश जारी गर्नेछ र सोको लिखित सूचना यथासम्भव छिटो पुनरावेदकलाई दिनेछ ।

### १०.११. मापदण्ड

भन्सारमा गरिएको पुनरावेदन खारेज गरिएकोमा भन्सारले सोको कारण लिखित रूपमा खुलाउनेछ र पुनरावेदकलाई प्रशासनिक वा स्वतन्त्र निकायसमक्ष पुनः पुनरावेदन दायर गर्न पाउने अधिकार रहेको कुराको र त्यस्तो पुनरावेदन गर्ने म्यादको जानकारी दिनेछ ।

### १०.१२. मापदण्ड

पुनरावेदनको दाबी स्वीकार भएकोमा भन्सारले आफ्नो निर्णय वा स्वतन्त्र वा न्यायिक निकायको आदेश, त्यस्तो आदेशउपर भन्सारले पुनरावेदन गरेकोमा बाहेक, त्यस्तो आदेश यथासम्भव छिटो कार्यान्वयन गर्नेछ ।

## परिशिष्ट ३

## विशेष अनुसूची

## विषय सूची

**अनुसूची क भन्सार क्षेत्रमा मालवस्तुको प्रवेश**

परिच्छेद १ मालवस्तु घोषणा पेस गर्नुपूर्वका प्रक्रियाहरू

परिच्छेद २ मालवस्तुको अस्थायी भण्डारण

**अनुसूची ख पैठारी**

परिच्छेद १ आन्तरिक उपयोगका लागि जाँचपास

परिच्छेद २ उही अवस्थामा पुनः पैठारी

परिच्छेद ३ पैठारी महसुल र करबाट राहत

**अनुसूची ग निकासी**

परिच्छेद १ सीधा निकासी

**अनुसूची घ भन्सार गोदाम र निःशुल्क क्षेत्र**

परिच्छेद १ भन्सार गोदाम

परिच्छेद २ निःशुल्क क्षेत्र

**अनुसूची ङ पारवहन**

परिच्छेद १ भन्सार पारवहन

परिच्छेद २ स्थानान्तरण

परिच्छेद ३ मालवस्तुको तटवर्तीय परिवहन

**अनुसूची च प्रशोधन**

परिच्छेद १ आन्तरिक प्रशोधन

परिच्छेद २ बाह्य प्रशोधन

परिच्छेद ३ फिर्ता

परिच्छेद ४ आन्तरिक उपयोगका लागि मालवस्तुको प्रशोधन

**अनुसूची छ अस्थायी पैठारी**

परिच्छेद १ अस्थायी पैठारी

**अनुसूची ज कसूर**

परिच्छेद- १ भन्सारसम्बन्धी कसूर

**अनुसूची झ विशेष प्रक्रिया**

परिच्छेद १ यात्रु

परिच्छेद २ हुलाक आवागमन

परिच्छेद ३ व्यावसायिक प्रयोगको ढुवानीको साधन

परिच्छेद ४ भण्डार

परिच्छेद ५ राहत खेप

**अनुसूची ञ उत्पत्ति**

परिच्छेद १ उत्पत्तिको नियम

परिच्छेद २ उत्पत्तिको लिखित प्रमाण

परिच्छेद ३ उत्पत्तिको लिखित प्रमाणको नियन्त्रण

## विशेष अनुसूची क

## भन्सार क्षेत्रमा मालवस्तुको प्रवेश

## परिच्छेद १

## मालवस्तु घोषणा पेस गर्नुपूर्वका प्रक्रियाहरू

**परिभाषाहरू**

यस परिच्छेदको प्रयोजनका लागि:

ई१. ⁄ एफ१."मालवस्तु घोषणा" भन्नाले व्यावसायिक प्रयोजनका मालवस्तु भएका ढुवानीको साधन आगमन अगावै वा आगमनमा वा प्रस्थान भएपछि पेस गरिएको भन्सार क्षेत्रमा ल्याइएको वा भन्सार क्षेत्रबाट हटाइएको मालवस्तुसँग सम्बन्धित भन्सारले तोकेबमोजिमको विवरण समेटिएको जानकारी सम्झनु पर्छ;

ई२. ⁄ एफ३."बाहक" भन्नाले यथार्थमा नै मालवस्तु ढुवानी गर्ने वा कार्यबाहक वा ढुवानीको साधन सञ्चालन गर्ने जिम्मेवार व्यक्ति सम्झनु पर्छ;

ई३. ⁄ एफ२."मालवस्तु घोषणा गर्नुपूर्वका भन्सार प्रक्रियाहरू" भन्नाले सम्बन्धित व्यक्तिले र भन्सारले भन्सार क्षेत्रभित्र मालवस्तु प्रवेश गरेदेखि भन्सार कार्यविधि पूरा नभएसम्म गर्नुपर्ने सम्पूर्ण कार्य सम्झनु पर्छ ।

## सिद्धान्तहरू

### १. मापदण्ड

मालवस्तु घोषणा गर्नुपूर्वका भन्सार प्रक्रियाका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

### २. सिफारिस गरिएको अभ्यास

मालवस्तु घोषणा गर्नुपूर्वका भन्सार प्रक्रिया मालवस्तुको उत्पत्तिको मुलुक वा मालवस्तुको आगमन भएको मुलुकका आधारमा नभई समान रूपमा लागू हुनेछ ।

## भन्सार क्षेत्रमा मालवस्तु प्रवेश

*(क) भन्सार क्षेत्रमा प्रवेश गर्ने मालवस्तु राख्नसक्ने स्थानहरू*

**३. मापदण्ड**

राष्ट्रिय कानुनले भन्सार क्षेत्रमा प्रवेश गर्ने मालवस्तु राख्न सक्ने स्थानहरू तोक्नेछ। नियन्त्रण प्रयोजनका लागि आवश्यक देखेको अवस्थामा मात्र तोकिएको भन्सार कार्यालय वा भन्सारबाट तोकिएको अन्य स्थानमा सीधै मालवस्तु पुऱ्याउन प्रयोग गर्नुपर्ने मार्गहरू भन्सारले तोक्नेछ। यी स्थानहरू र मार्गहरू निर्धारण गर्दा ध्यान दिनुपर्ने कुराहरूमा व्यापारका निश्चित आवश्यकताहरूसमेत समावेश हुनेछन्।

यो मापदण्ड कुनै भन्सार क्षेत्रमा अवस्थित बन्दरगाह वा विमानस्थलमा अवतरण नगरी सो भन्सार क्षेत्र वारपार गर्ने पानीजहाज वा वायुयानभित्र रहेका मालवस्तुका हकमा लागू हुने छैन।

**(ग) बाहकको दायित्वहरू**

**४. मापदण्ड**

मालवस्तु घोषणामा सबै मालवस्तु समावेश गरिएका वा ती सबै मालवस्तुको बारेमा अन्य कुनै अधिकृत तरिकाले भन्सारको ध्यानाकर्षण गराइएको सुनिश्चित गर्न बाहकलाई भन्सारप्रति उत्तरदायी बनाइनेछ।

**५. मापदण्ड**

भन्सार क्षेत्रमा मालवस्तु प्रवेश भएको तथ्यले बाहकको तोकिएको मार्गबाट प्रत्यक्ष रूपमा मालवस्तु लैजाने र आवश्यकता अनुसार अविलम्व तोकिएको भन्सार कार्यालय वा भन्सारले तोकेको अन्य स्थानमा लैजाने दायित्व सिर्जना गर्नेछ। यसरी मालवस्तु लैजाँदा मालवस्तुको प्रकृति वा प्याकेजिङ हेरफेर गर्न र मालवस्तुमा लगाइएको कुनै पनि सिल तोडमोड गर्न पाइने छैन।

यो मापदण्ड कुनै भन्सार क्षेत्रमा अवस्थित बन्दरगाह वा विमानस्थलमा अवतरण नगरी सो भन्सार क्षेत्र वारपार गर्ने पानीजहाज वा वायुयानभित्र रहेका मालवस्तुका हकमा लागू हुने छैन।

**६. मापदण्ड**

मालवस्तु भन्सार क्षेत्रमा प्रवेश गरेको स्थानबाट तोकिएको भन्सार कार्यालय वा अन्य तोकिएको स्थानसम्म ओसारपसार गर्दा दुर्घटना वा काबुबाहिरको कारणले बीचमै अवरोध भएमा,

बाहकले मालवस्तु अनधिकृत रूपमा वितरण हुनबाट रोक्न मुनासिब सावधानी अपनाउनुपर्ने र ओसारपसारमा अवरोध गराउने त्यस्ता प्रकृतिका दुर्घटना वा अन्य परिस्थितिका बारेमा भन्सार वा अन्य सक्षम निकायलाई जानकारी गराउनुपर्नेछ ।

**भन्सारमा मालवस्तु दाखिला**

*(क) कागजात*

**७. सिफारिस गरिएको अभ्यास**

भन्सार क्षेत्रको जुन स्थानबाट मालवस्तु प्रवेश गराएको हो, सो स्थानमा मालवस्तु दाखिला गर्नुपर्ने भन्सार कार्यालय नभएको अवस्थामा भन्सारले नियन्त्रण प्रयोजनका लागि आवश्यक देखेको अवस्थामा मात्र सो स्थानमा रहेको भन्सारमा कुनै कागजात पेस गर्नुपर्ने गरी व्यवस्था गर्नुपर्नेछ ।

**८. मापदण्ड**

मालवस्तु भन्सारमा दाखिला सम्बन्धमा भन्सारलाई कागजात आवश्यक पर्ने भएमा त्यस्ता कागजातमा मालवस्तु र ढुवानीको माध्यम पहिचान गर्न आवश्यक जानकारीभन्दा बढी जानकारी समावेश गर्नुपर्ने गरी व्यवस्था गरिने छैन ।

**९. सिफारिस गरिएको अभ्यास**

भन्सारले आफूलाई आवश्यक पर्ने जानकारी बाहकको सामान्य कागजातमा उपलब्ध जानकारीमा सीमित गर्नुपर्नेछ र भन्सारका त्यस्ता आवश्यकता सान्दर्भिक अन्तर्राष्ट्रिय ढुवानी सम्झौतामा भएका व्यवस्थाहरूमा आधारित हुनुपर्नेछ ।

**१०. सिफारिस गरिएको अभ्यास**

भन्सारले सामान्य रूपमा कार्गो घोषणालाई मात्र मालवस्तु दाखिलाको आवश्यक कागजातको रूपमा स्वीकार गर्नु पर्नेछ ।

**११. सिफारिस गरिएको अभ्यास**

मालवस्तुको दाखिलाका लागि आवश्यक कागजात स्वीकार गर्न जिम्मेवार भन्सार कार्यालय मालवस्तु घोषणा स्वीकार गर्नसमेत सक्षम हुनुपर्नेछ ।

## १२. सिफारिस गरिएको अभ्यास

भन्सारमा प्रस्तुत गरिएका कागजात यस प्रयोजनका लागि तोकिएको भाषामा वा मालवस्तु ल्याइएको मुलुकको भाषामा नभई अन्य कुनै भाषामा बनाइएकोमा त्यस्ता कागजातमा उद्धरण गरिएका विवरणहरूको अनुवाद अनिवार्य रूपमा आवश्यक पर्ने छैन ।

### *(ख) कार्य समय अधिपछिको आगमन*

## १३. मापदण्ड

भन्सारले कार्य समयभन्दा अधिपछि मालवस्तु भन्सार कार्यालयमा पुगेकोमा भन्सार क्षेत्रमा मालवस्तु अनधिकृत रूपमा प्रवाह हुनबाट रोक्न बाहकले अपनाउनुपर्ने सावधानीहरू निर्दिष्ट गर्नेछ ।

## १४. सिफारिस गरिएको अभ्यास

बाहकको अनुरोधमा र भन्सारले उचित ठानेमा सम्भव भएसम्म मालवस्तु घोषणा गर्नुपूर्वका भन्सार प्रक्रियाहरू भन्सार कारोबारका लागि तोकिएको समयभन्दा अधिपछि सम्पन्न गर्न स्वीकृति दिनेछ ।

## मालवस्तु झार्ने (अनलोडिङ)

### *(क) मालवस्तु झार्ने स्थान*

## १५. मापदण्ड

राष्ट्रिय कानुनले मालवस्तु झार्नका लागि स्वीकृत स्थानहरू तोक्नेछ ।

## १६. सिफारिस गरिएको अभ्यास

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले उचित ठानेमा मालवस्तु झार्न स्वीकृत स्थानभन्दा अन्य स्थानमा मालवस्तु झार्न अनुमति दिनुपर्नेछ ।

### (ख) मालवस्तु झार्ने कार्यको आरम्भ

## १७. मापदण्ड

मालवस्तु झार्ने स्थानमा ढुवानीको साधनको पहुँचपछि यथासम्भव छिटो मालवस्तु झार्ने कार्य सुरु गर्न अनुमति दिइनेछ ।

## १८. सिफारिस गरिएको अभ्यास

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले उचित ठानेमा, सम्भव भएसम्म भन्सारबाट तोकिएको भन्सारको कार्य समयभन्दा अघिपछिको समयमा मालवस्तु झार्ने कार्य अघि बढाउन भन्सारले अनुमति दिनु पर्नेछ ।

### शुल्क

## १९. मापदण्ड

भन्सारले लगाउने देहाय सम्बन्धी सेवा शुल्क यसरी प्रदान गरिएको सेवाको अनुमानित लागतमा सीमित हुनुपर्नेछः

- तोकिएको भन्सारको कार्य समयभन्दा अघिपछि मालवस्तुको घोषणा गर्नुपूर्व भन्सार प्रक्रिया सम्पन्न गरेको;

- भन्सारले मालवस्तु झार्न स्वीकृति दिएको स्थानभन्दा बाहेकको अन्य स्थानमा मालवस्तु झारेको;

- भन्सारको तोकिएको कार्य समयभन्दा अघिपछि मालवस्तु झारेको ।

# विशेष अनुसूची क

## परिच्छेद २

## मालवस्तुको अस्थायी भण्डारण

**परिभाषा**

यस परिच्छेदको प्रयोजनका लागिः

१. **"मालवस्तु घोषणा"** भन्नाले व्यावसायिक प्रयोजनका मालवस्तु भएका ढुवानीको साधनको आगमनअगावै वा आगमनमा वा प्रस्थान भएपछि पेस गरिएको भन्सार क्षेत्रमा ल्याइएको वा भन्सार क्षेत्रबाट हटाइएको मालवस्तुसँग सम्बन्धित भन्सारले तोकेबमोजिमको विवरण समेटिएको जानकारी सम्झनु पर्छ;

२. **"मालवस्तुको अस्थायी भण्डारण"** भन्नाले मालवस्तु घोषणा नगरेसम्म भन्सारले स्वीकृति दिएको परिसर र बन्द वा खुला ठाउँ (यसपछि अस्थायी भण्डारण भनिएको) मा भन्सारको नियन्त्रण अन्तर्गत रहने मालवस्तुको भण्डारण सम्झनु पर्छ।

## सिद्धान्त

**१. मापदण्ड**

मालवस्तुको अस्थायी भण्डारणका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन्।

**२. मापदण्ड**

व्यापारको आवश्यकता परिपूर्ति गर्नका लागि आवश्यक देखेमा भन्सारले अस्थायी भण्डारण स्थापना गर्ने अनुमति दिनेछ।

**३. सिफारिस गरिएको अभ्यास**

मालवस्तुको परिमाण, उत्पत्तिको मुलुक वा मालवस्तु ल्याइएको मुलुकका आधारमा विभेद नगरी सबै प्रकारका मालवस्तुलाई अस्थायी भण्डारणको अनुमति दिनुपर्नेछ। तथापि अन्य मालवस्तुलाई प्रभाव पार्न सक्ने जोखिम भएका वा विशेष स्थापना आवश्यक पर्ने मालवस्तुलाई विशेष तवरले उपकरण जडित र ती प्राप्त गर्ने सक्षम निकायबाट तोकिएका अस्थायी भण्डारणमा मात्र राख्ने अनुमति दिनुपर्नेछ।

## कागजात

### ४. मापदण्ड

मालवस्तु अस्थायी भण्डारणमा राख्ने अवस्थामा आवश्यक पर्ने कागजातका हकमा भन्सारमा मालवस्तु दाखिला गर्दा मालवस्तुको विवरण खुलाउन आवश्यक पर्ने कागजात मात्र भए पुग्नेछ ।

### ५. सिफारिस गरिएको अभ्यास

भन्सारले मालवस्तु घोषणा व अन्य व्यावसायिक दस्तावेजलाई नै अस्थायी भण्डारणमा मालवस्तु राख्न आवश्यक पर्ने दस्तावेजको रूपमा स्वीकार गर्नेछ । तर मालवस्तु घोषणा व त्यस्तो अन्य व्यावसायिक दस्तावेजमा उल्लेख भएका सबै मालवस्तु अस्थायी भण्डारमा राखिएको हुनुपर्नेछ ।

## अस्थायी भण्डारको व्यवस्थापन

### ६. मापदण्ड

भन्सारले अस्थायी भण्डारको निर्माण, लेआउट (नक्सा) र व्यवस्थापनका सम्बन्धमा सर्तहरू तोक्ने र मालवस्तु भण्डारण गर्ने, मौज्दात राख्ने र लेखाको व्यवस्था गर्ने र भन्सार नियन्त्रणका व्यवस्थाहरू गर्नेछ ।

## आधिकारिक कामकारबाही

### ७. मापदण्ड

भन्सारले कारण उपयुक्त देखेकोमा अस्थायी भण्डारण अन्तर्गतका मालवस्तुका सम्बन्धमा त्यस्ता मालवस्तुलाई यथावस्थामा संरक्षण गर्नका लागि आवश्यक सामान्य कामकारबाही गर्न स्वीकृति दिनेछ ।

### ८. सिफारिस गरिएको अभ्यास

अस्थायी भण्डारण अन्तर्गतका मालवस्तुका सम्बन्धमा त्यस्ता मालवस्तुलाई अस्थायी भण्डारबाट हटाउने र तिनको अग्रिम ढुवानी गर्ने काममा सहजीकरण गर्नका लागि भन्सारले उपयुक्त कारण देखिएकोमा आवश्यक सामान्य कामकारबाही गर्न स्वीकृति दिनेछ ।

## अस्थायी भण्डारणको अवधि

### ९. मापदण्ड

राष्ट्रिय कानुनले अस्थायी भण्डारणको समयावधि तोकेकोमा त्यस्तो समयावधि पैठारीकर्तालाई मालवस्तु अन्य भन्सार प्रक्रिया अन्तर्गत राख्न आवश्यक औपचारिकता पूरा गर्न पर्याप्त हुनुपर्नेछ ।

### १०. सिफारिस गरिएको अभ्यास

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले कारण उचित देखेमा भन्सारले पूर्व निर्धारित समयावधि थप गर्नुपर्नेछ ।

## बिग्रेको वा हानिनोक्सानी भएका मालवस्तु

### ११. सिफारिस गरिएको अभ्यास

अस्थायी भण्डार छोड्नुपूर्व दुर्घटना वा काबु बाहिरको स्थितिको कारणले बिग्रेका, कुहिएका वा हानिनोक्सानी भएका मालवस्तुलाई त्यस्ता मालवस्तु बिग्रेको, कुहिएको वा हानिनोक्सानी भएको अवस्थामा पैठारी भएसरह जाँच पासको अनुमति दिनु पर्नेछ । तर त्यसरी बिग्रेको, कुहिएको वा हानिनोक्सानी भएको तथ्य भन्सार सन्तुष्ट हुने गरी विधिवत् रूपमा स्थापित हुनुपर्छ ।

## अस्थायी भण्डारबाट हटाउने

### १२. मापदण्ड

मालवस्तु बेचबिखन गर्ने अधिकार भएको कुनै पनि व्यक्तिलाई प्रत्येक विषयमा तोकिएका सर्त र प्रक्रिया परिपालनाको अधीनमा रही अस्थायी भण्डारबाट मालवस्तु हटाउने अधिकार हुनेछ ।

### १३. मापदण्ड

तोकिएको समायवधिभित्र अस्थायी भण्डार गरिएको मालवस्तु नहटाइएको अवस्थामा अवलम्बन गर्नुपर्ने कार्यविधि राष्ट्रिय कानुनले तोक्नेछ ।

# विशेष अनुसूची ख

## पैठारी

## परिच्छेद १

## आन्तरिक उपयोगका लागि जाँचपास

### परिभाषा

यस परिच्छेदको प्रयोजनका लागि:

१. "आन्तरिक उपयोगका लागि जाँचपास" भन्नाले पैठारी गरिएका मालवस्तुमा लाग्ने पैठारी महसुल र कर भुक्तानी गरेपछि र आवश्यक भन्सार प्रक्रिया पूरा गरेपछि ती मालवस्तु भन्सार कानून लागू हुने क्षेत्रमा खुला परिचालन हुने व्यवस्था गर्ने भन्सार कार्यविधि सम्झनु पर्छ;

२. "खुला परिचालनमा रहेका मालवस्तु" भन्नाले भन्सार प्रतिबन्धबिना नै विसर्जन गर्न सकिने मालवस्तु सम्झनु पर्छ ।

### सिद्धान्त

### १. मापदण्ड

आन्तरिक उपयोगका लागि जाँचपासका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

### कागजात

### २. सिफारिस गरिएको अभ्यास

राष्ट्रिय कानुनले आन्तरिक उपयोगका लागि जाँचपास गराउनुपर्ने मालवस्तुको आवश्यक जानकारी प्रदान गरिने सर्तमा सामान्य मालवस्तु घोषणाको वैकल्पिक तरिकाबाट मालवस्तु घोषणा गर्न सक्ने व्यवस्था गर्न सक्नेछ ।

# विशेष अनुसूची ख

## परिच्छेद २

## उही अवस्थामा पुनः पैठारी

**परिभाषा**

यस परिच्छेदको प्रयोजनका लागिः

१. "आन्तरिक उपयोगको लागि जाँचपास" भन्नाले पैठारी गरिएका मालवस्तुमा लाग्ने पैठारी महसुल र कर भुक्तानी गरेपछि र आवश्यक भन्सार प्रक्रिया पूरा गरेपछि ती मालवस्तु भन्सार कानुन लागू हुने क्षेत्रमा खुला परिचालन हुने व्यवस्था गर्ने भन्सार कार्यविधि सम्झनु पर्छ;

२ "क्षतिपूर्ति दिने उत्पादन" भन्नाले त्यस्तो वस्तु सम्झनु पर्दछ, जुन निर्माण, प्रशोधन वा मर्मतबाट उत्पादित हुन्छ र जसलाई आन्तरिक प्रशोधन कार्यविधि अपनाउन स्वीकृति दिइन्छ;

३. "फिर्ता गर्ने आशयको सूचनासहित निकासी गरिएको मालवस्तु" भन्नाले घोषणाकर्ताले पुनः पैठारी गर्ने आशय उल्लेख गरेको मालवस्तु, जसको सम्बन्धमा भन्सारले सोही अवस्थामा पुनः पैठारीको सहजीकरण गर्नका लागि पहिचानका उपायहरू ग्रहण गर्न सक्दछ, त्यस्ता मालवस्तुलाई सम्झनुपर्छ;

४. "खुला परिचालनमा रहेका मालवस्तु" भन्नाले भन्सार प्रतिबन्धबिना नै विसर्जन गर्न सकिने मालवस्तु सम्झनु पर्छ;

५. "उही अवस्थामा पुनः पैठारी" भन्नाले निकासी गरिएको मालवस्तु पैठारी महसुल र करबिना नै आन्तरिक उपयोगका लागि पैठारी गर्न सकिने व्यवस्था गर्ने भन्सार कार्यविधि सम्झनुपर्छ। तर त्यस्ता मालवस्तुमा विदेशमा कुनै निर्माण, प्रशोधन वा मर्मतकार्य नगरिएको र निकासीका सम्बन्धमा दिइएको महसुल र कर पुनःभुक्तानी वा फिर्ता वा सर्तयुक्त राहत वा तत्सम्बन्धमा दिइएको कुनै अनुदान वा अन्य रकमको फलस्वरूप लाग्ने रकम भुक्तानी भएको हुनुपर्छ। एउटै मुलुकमा पुनः पैठारीका लागि योग्य मालवस्तु खुला परिचालन भएका मालवस्तु वा क्षतिपूर्ति गराउने उत्पादन हुन सक्छ।

## सिद्धान्त

**१.     मापदण्ड**

उही अवस्थामा पुनः पैठारीका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

## प्रयोगको क्षेत्र

**२.     मापदण्ड**

निकासी गरिएको मालवस्तुको कुनै अंश मात्र पुनः पैठारी गरिने भए तापनि एकै मुलुकमा पुनः पैठारी गर्न अनुमति दिइनेछ ।

**३.     मापदण्ड**

परिस्थिति अनुसार उचित देखिएमा निकासी गर्ने व्यक्तिबाहेक अन्य व्यक्तिले मालवस्तु पुनः पैठारी गरेमा पनि उही अवस्थामा पुनः पैठारीको अनुमति दिइनेछ ।

**४.     मापदण्ड**

मालवस्तु विदेशमा रहँदा मालवस्तु प्रयोग गरिएको वा हानिनोक्सानी भएको वा बिग्रेको भन्ने आधारमा उही अवस्थामा पुनः पैठारी अस्वीकार गरिने छैन ।

**५.     मापदण्ड**

मालवस्तु विदेशमा रहँदा मालवस्तुको संरक्षण वा मर्मत-सम्भारका लागि आवश्यक काम गरिएका आधारमा उही अवस्थामा पुनः पैठारी अस्वीकार गरिने छैन । तर त्यस्तो कामबाट ती मालवस्तुको मूल्य निकासी हुँदाको समयको भन्दा बढेको हुनु हुँदैन ।

**६.     मापदण्ड**

उही अवस्थामा पुनः पैठारीको सुविधा विदेशबाट सीधा पैठारी गरिएका मालवस्तुका हकमा मात्र सीमित नगरी अन्य भन्सार कार्यविधि अन्तर्गत राखी सकिएका मालवस्तुका हकमा समेत प्रदान गरिनेछ ।

**७.     मापदण्ड**

उही अवस्थामा फिर्ता गर्ने आशयको जानकारीबिना नै निकासी गरिएका आधारमा उही अवस्थामा पुनः पैठारी अस्वीकार गरिने छैन ।

उही अवस्थामा पुनः पैठारीको समय सीमा (म्याद)

**८. मापदण्ड**

कुनै निश्चित समयसीमा तोकिएको र सो समयसीमा नाघेपछि उही अवस्थामा पुनः पैठारी सुविधा नदिने गरी व्यवस्था भएकोमा त्यस्तो समय सीमा प्रत्येक विषयमा हुन सक्ने फरक-फरक परिस्थितिलाई विचार गरी पर्याप्त हुने गरी तोक्नुपर्नेछ ।

## सक्षम भन्सार कार्यालय

**९. मापदण्ड**

भन्सारले उही अवस्थामा पुनः पैठारी हुने मालवस्तु ती मालवस्तु जुन भन्सार कार्यालयबाट निकासी भएका थिए त्यहाँबाट पुनः पैठारीको कार्यविधिलाई सहजीकरण गर्न सकिने भएकाले सोही भन्सार कार्यालयमा मात्र घोषणा गर्नुपर्ने व्यवस्था गर्नेछ ।

## मालवस्तु घोषणा

**१०. मापदण्ड**

मालवस्तुको अन्तर्राष्ट्रिय ढुवानीमा प्रयोग भएका व्यापारिक प्रयोगका उही अवस्थाका प्याकिङ, आधानपात्र, पट्टिका र ढुवानीको साधनमा पुनः पैठारीका लागि लिखित रूपमा मालवस्तु घोषणा आवश्यक पर्ने छैन । तर व्यपारिक प्रयोगका प्याकिङ, आधानपात्र, पट्टिका र ढुवानीको साधन निकासी गर्दाको समयमा निर्वाध प्रवाहमा रहेको कुरामा भन्सार सन्तुष्ट हुनु पर्नेछ ।

## फिर्ता गर्ने आशयको सूचनासहित निकासी गरिएको मालवस्तु

**११. मापदण्ड**

भन्सारले घोषणाकर्ताको अनुरोधमा मालवस्तु फिर्ता गर्ने आशयको जानकारी लिएर मालवस्तु निकासीको अनुमति दिने र उही अवस्थामा पुनः पैठारीलाई सहजीकरण गर्ने गरी आवश्यक कदम चाल्नेछ ।

**१२. मापदण्ड**

भन्सारले फिर्ता गर्ने आशयको सूचना लिई निकासी गरिएको मालवस्तुको पहिचानसम्बन्धी आवश्यकताहरू तोक्नेछ । यसरी आवश्यकताहरू तोक्दा मालवस्तुको प्रकृति र संलग्न स्वार्थलाई  महत्वका साथ उचित रूपमा ध्यान दिइनेछ ।

## १३. सिफारिस गरिएको अभ्यास

फिर्ता गर्ने आशयको सूचनासहित निकासी गरेको मालवस्तुलाई लागू हुन सक्ने कुनै पनि निकासी महसुल र करबाट ससर्त उन्मुक्ति प्रदान गर्नु पर्नेछ ।

## १४. मापदण्ड

सम्बन्धित व्यक्तिको अनुरोधमा र सम्बद्ध सर्त र प्रक्रियाहरूको परिपालनाको अधीनमा रहने गरी फिर्ता गर्ने आशयको सूचनासहित गरिएको निकासीलाई सोझै निकासीमा परिणत गर्न भन्सारले अनुमति दिनेछ ।

## १५. सिफारिस गरिएको अभ्यास

एउटै मालवस्तु उही अवस्थामा फिर्ता गर्ने आशयको सूचनासहित धेरैपटक निकासी र पुनः पैठारी गर्नुपरेको अवस्थामा भन्सारले घोषणाकर्ताको अनुरोधमा पहिलो निकासीका लागि पेस गरेको मालवस्तु घोषणाका आधारमा पछिका उही अवस्थामा पुनः पैठारी र निकासी समेट्ने गरी फिर्ता गर्ने आशयको सूचनासहित तोकिएको अवधिभित्रका लागि मालवस्तु निकासी र पैठारी गर्न अनुमति दिनेछ ।

## विशेष अनुसूची ख

## परिच्छेद ३

## पैठारी महसुल र करबाट राहत

**परिभाषा**

यस परिच्छेदको प्रयोजनका लागि:

१. "आन्तरिक उपयोगका लागि जाँचपास" भन्नाले पैठारी गरिएका मालवस्तुमा लाग्ने पैठारी महसुल र कर भुक्तानी गरेपछि र आवश्यक भन्सार प्रक्रिया पूरा गरेपछि ती मालवस्तु भन्सार कानुन लागू हुने क्षेत्रमा खुला परिचालन हुने व्यवस्था गर्ने भन्सार कार्यविधि सम्झनु पर्छ;

२. "पैठारी महसुल र करबाट राहत" भन्नाले विशेष परिस्थितिमा र विशेष उद्देश्यका लागि पैठारी गरिएका मालवस्तुमा लाग्ने सामान्य महसुल वर्गीकरण वा सामान्य दायित्व जेसुकै भए तापनि आन्तरिक उपयोगका त्यस्ता मालवस्तुको पैठारी महसुल र कर नलाग्ने गरी गरिने जाँचपास सम्झनु पर्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

आन्तरिक उपयोगका लागि घोषणा गरिएको मालवस्तुमा लाग्ने पैठारी महसुल र करबाट राहतका हकमा यस परिच्छेदका व्यवस्था र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

### प्रयोगको क्षेत्र

**२. मापदण्ड**

राष्ट्रिय कानुनले मालवस्तुको पैठारी महसुल र करबाट राहत प्रदान गरिने विषयहरू सूचीकृत गर्नेछ ।

**३. मापदण्ड**

मालवस्तुको पैठारी महसुल र करबाट राहतको व्यवस्था विदेशबाट सिधा पैठारी गरिएको मालवस्तुका हकमा मात्र सीमित नगरी अन्य भन्सार कार्यविधि अन्तर्गत राखिसकिएको मालवस्तुका हकमा समेत प्रदान गरिनेछ ।

## ४. सिफारिस गरिएको अभ्यास

अन्तर्राष्ट्रिय लिखतले पारस्परिकताको व्यवस्था गरेकोमा बाहेक मालवस्तुको उत्पत्तिको मुलुक वा मालवस्तु आएको मुलुक जुनसुकै भए पनि मालवस्तुको पैठारी महसुल र करबाट राहत उपलब्ध हुने व्यवस्था गर्नुपर्नेछ ।

## ५. मापदण्ड

राष्ट्रिय कानुनले मालवस्तुको पैठारी महसुल र करबाट राहतका लागि पूर्व स्वीकृति आवश्यक पर्ने विषयहरू सूचीकृत गर्ने र त्यस्तो राहत स्वीकृति दिने निकाय तोक्नेछ । यस्ता विषयहरू यथासम्भव थोरै हुनेछन् ।

## ६. सिफारिस गरिएको अभ्यास

संविदाकारी पक्षहरूले अन्तर्राष्ट्रिय लिखतमा उल्लिखित सर्त अन्तर्गत त्यस्तो लिखतमा तोकिएका मालवस्तुका हकमा पैठारी महसुल र कर राहत दिनेतर्फ विचार गर्नुपर्ने र त्यस्ता अन्तर्राष्ट्रिय लिखतहरूमा सम्मिलित हुने सम्भावनाका सम्बन्धमा समेत गम्भीर रूपमा विचार गर्नु पर्नेछ ।

## ७. सिफारिस गरिएको अभ्यास

देहायका मालवस्तुमा तोकिएको सर्त अन्तर्गत पैठारी महसुल र कर तथा आर्थिक निषेध र प्रतिबन्धबाट राहत दिनुपर्नेछ, तर त्यस्तो राहतका लागि राष्ट्रिय कानुनले तय गरेको अन्य सर्तहरूको परिपालन भने भएको हुनु पर्नेछ:

(क) सक्षम निकायहरूबाट स्वीकृत संस्था वा प्रयोगशालाले पाउने गरी प्रेषण गरिएका मानव उत्पत्तिको चिकित्सकीय पदार्थ, रगत समूह र तन्तु अभिकर्मकको प्रकार (टिसु टाइपिङ रिजेन्ट);

(ख) व्यापारिक मूल्य नभएको नमुना, जसलाई भन्सारले नगन्य मूल्यका रूपमा लिन्छ र जुन सोही प्रकृतिको मालवस्तु झिकाउन आदेश दिने सहमति गर्नका लागि मात्र प्रयोग गर्नुपर्दछ;

(ग) व्यक्ति वा निजको परिवारको सदस्यहरूको व्यक्तिगत र पेसागत प्रयोगका लागि सो व्यक्तिसँगै वा छुट्टै रूपमा निजको बसाई कुनै मुलुकमा सार्ने उद्देश्यले उक्त मुलुकमा ल्याइएका औद्योगिक, व्यावसायिक वा कृषिजन्य संयन्त्र वा उपकरणबाहेकका हटाउन सकिने वस्तुहरू;

(घ) मृत्यु भएको समयमा पैठारीको मुलुकमा बसोवासको मुख्य स्थान भएको व्यक्तिको अपुतालीवापत पाएको मालसामान। तर त्यस्तो निजी गुन्टा भारी मृतकको व्यक्तिगत प्रयोगका हुनु पर्दछ;

(ङ) खुद्रा मूल्यका आधारमा राष्ट्रिय कानुनबाट निर्धारित मूल्यभन्दा बढी नहुने गरी रक्सी, मादक पदार्थ र सुर्तीजन्य वस्तुबाहेकका व्यक्तिगत उपहार;

(च) कुनै स्वीकृत सामाजिक वा परोपकारी संगठनबाट वा सोको नियन्त्रण अन्तर्गत आवश्यक व्यक्तिहरूलाई निःशुल्क वितरणका लागि त्यस्ता संगठनलाई उपहारका रूपमा पठाइएका खाद्य पदार्थ, औषधि, लत्ताकपडा र कम्बल जस्ता मालसामान;

(छ) भन्सारलाई आवश्यक पर्ने पुष्टि गर्ने दस्तावेज पेस गर्ने गरी पैठारीको मुलुकमा बसोवास गर्ने व्यक्तिलाई प्रदान गरिएको पुरस्कार;

(ज) सक्षम निकायले स्वीकृति दिएको संगठनले पैठारी गरेको सैन्य चिहानको निर्माण, सम्भार र सजावटका सामग्री, कफिन र अन्त्येष्टिसँग सम्बन्धित वस्तु;

(झ) राष्ट्रिय कानुनमा तोकिएको दस्तावेज, फाराम, प्रकाशन, प्रतिवेदन र व्यावसायिक मूल्य नभएका अन्य सामग्री;

(ञ) पूजाआजामा प्रयोग हुने धार्मिक सामग्री; र

(ट) परीक्षणका लागि पैठारी गरिएका उत्पादन। तर पैठारी गरिएको परिमाण परीक्षणका लागि अत्यावश्यक परिमाणभन्दा बढी हुनु हुँदैन र ती उत्पादन परीक्षणभर प्रयोग भइसक्नु पर्दछ वा बाँकी उत्पादन पुनः निकासी गर्नुपर्ने वा भन्सार नियन्त्रण अन्तर्गत व्यावसायिक रूपमा मूल्यविहीन वनाउनु पर्नेछ।

# विशेष अनुसूची ग

## निकासी

## परिच्छेद १

## सीधा निकासी

**परिभाषा**

यस परिच्छेदको प्रयोजनका लागि:

१. "सीधा निकासी" भन्नाले खुला प्रवाहमा रहेको भन्सार क्षेत्र छोड्ने र स्थायी रूपमा त्यसभन्दा बाहिर रहने सोच राखिएको मालवस्तुमा लागू हुने भन्सार कार्यविधि सम्झनु पर्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

सीधा निकासीका हकमा यस परिच्छेदका व्यवस्था र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

### कागजात

**२. सिफारिस गरिएको अभ्यास**

राष्ट्रिय कानुनले सीधा निकासी गर्न जाँच गरिने मालवस्तुका सम्बन्धमा आवश्यक विवरण उपलब्ध गराएको अवस्थामा सामान्य मालवस्तु घोषणाभन्दा वैकल्पिक तवरले मालवस्तु घोषणा गर्न सक्ने गरी व्यवस्था गर्नुपर्छ ।

### गन्तव्यमा पँहुचको प्रमाण

**३. मापदण्ड**

भन्सारले मालवस्तु विदेशमा पुगेको प्रमाण स्वाभाविक अवस्थामा माग्ने छैन ।

## विशेष अनुसूची घ

## भन्सार गोदाम र नि:शुल्क क्षेत्र (फ्रि जोन)

## परिच्छेद १

## भन्सार गोदाम

**परिभाषा**

यस परिच्छेदको प्रयोजनका लागि:

१. "भन्सार गोदाम सम्बन्धी कार्यविधि" भन्नाले पैठारी महसुल र करको भुक्तानी बिनाभन्सार नियन्त्रण अन्तर्गत तोकिएको स्थान (भन्सार गोदाम) मा पैठारी गरिएका मालवस्तु भण्डारण गर्दा अवलम्वन गर्नुपर्ने भन्सार कार्यविधि सम्झनु पर्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

भन्सार गोदाम सम्बन्धी कार्यविधिका हकमा यस परिच्छेदका व्यवस्था र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

### भन्सार गोदामको प्रकार

**२. मापदण्ड**

राष्ट्रिय कानुनले मालवस्तु बेचबिखन गर्ने अधिकार भएको कुनै पनि व्यक्तिका लागि भन्सार गोदाम खुला रहने व्यवस्था गर्नेछ (सार्वजनिक भन्सार गोदाम) ।

**३. मापदण्ड**

राष्ट्रिय कानुनले व्यापारको विशेष आवश्यकता पूरा गर्नका लागि आवश्यक भएमा भन्सार गोदाम तोकिएको व्यक्तिले मात्र प्रयोग गर्नसक्ने व्यवस्था गर्नेछ (निजी भन्सार गोदाम) ।

## स्थापना, व्यवस्थापन र नियन्त्रण

### ४. मापदण्ड

भन्सारले भन्सार गोदामको स्थापना, उपयुक्तता र व्यवस्थापनका सर्तहरू तोक्नुका साथै भन्सार नियन्त्रण सम्बन्धी व्यवस्थाहरू गर्नेछ ।

भन्सार गोदाममा मालवस्तुको भण्डारण र मौज्दात राख्ने र लेखाको प्रबन्ध, व्यवस्था भन्सारको स्वीकृतिको अधीनमा रहेनछ ।

## मालवस्तु दाखिला

### ५. सिफारिस गरिएको अभ्यास

पैठारी महसुल र कर लाग्ने वा देहायका आधारमा लगाइएका प्रतिबन्ध वा रोकबाहेकका अन्य प्रतिबन्ध वा रोक लगाइएका सबै प्रकारका पैठारी भएका मालवस्तुलाई परिमाण जतिसुकै र उत्पत्तिको मुलुक, मालवस्तु ल्याइएको मुलुक वा गन्तव्य मुलुक जुनसुकै भए पनि सार्वजनिक गोदाममा भण्डारण गर्न अनुमति दिनुपर्छः

- सार्वजनिक नैतिकता वा मर्यादा, सार्वजनिक सुरक्षा, सार्वजनिक सरसफाइ वा स्वास्थ्य वा पशु चिकित्सा वा वनस्पति स्वास्थ्य; वा

- पेटेन्ट, ट्रेडमार्क र प्रतिलिपि अधिकारको संरक्षण ।

जोखिम सिर्जना गर्ने मालवस्तु, अन्य मालवस्तुलाई असर गर्न सक्ने मालवस्तु वा विशेष स्थापना आवश्यक पर्ने मालवस्तुका हकमा त्यस्ता मालवस्तु ग्रहण गर्न विशेष किसिमले डिजाइन गरिएका भन्सार गोदामले मात्र त्यस्ता मालवस्तु स्वीकार गर्नु पर्छ ।

### ६. मापदण्ड

भन्सारले निजी भन्सार गोदाममा दाखिला गराउन सकिने मालवस्तुको किसिम तोक्नेछ ।

### ७. सिफारिस गरिएको अभ्यास

निकासी गर्दा पैठारी महसुल र कर फिर्ता पाउने मालवस्तु पछि निकासी गरिनुपर्ने सर्तमा त्यस्ता मालवस्तुलाई भन्सार गोदाममा दाखिला गर्न अनुमति दिनुपर्छ ताकि ती मालवस्तु त्यस्तो पुनः भुक्तानी पाउनका लागि तत्कालै योग्य हुन सक्नेछन् ।

## ८. सिफारिस गरिएको अभ्यास

अस्थायी दाखिला कार्यविधि अन्तर्गतका मालवस्तुलाई पछि निकासी गर्ने वा अन्य स्वीकृत बेचबिखन गर्ने उद्देश्यले भन्सार गोदाममा प्रवेश गर्न अनुमति दिनुपर्छ, र त्यसपछि त्यस कार्यविधि अन्तर्गतको दायित्व निलम्बन वा भुक्तान हुनेछ ।

## ९. सिफारिस गरिएको अभ्यास

निकासी गर्ने सोँच राखिएका आन्तरिक महसुल वा कर लाग्ने वा लागेका मालवस्तु पछि निकासी गरिनुपर्ने सर्तमा त्यस्ता मालवस्तुलाई भन्सार गोदाममा दाखिला गर्न अनुमति दिनुपर्छ ताकि ती मालवस्तु त्यस्तो छुट वा त्यस्तो आन्तरिक महसुल र कर पुनः भुक्तानी पाउनका लागि योग्य हुन सक्नेछन् ।

# अधिकृत कामकारबाही

## १०. मापदण्ड

गोदाममा राखिएको मालवस्तु बेचबिखन गर्ने अधिकार भएको कुनै पनि व्यक्तिलाई भन्सारले कारण मुनासिव देखेमा देहायका काम गर्ने अनुमति दिनेछः

(क) मालवस्तु निरीक्षण गर्ने;

(ख) पैठारी महसुल र कर भुक्तानीबिना आवश्यक प्रयोजनका लागि नमुना प्राप्त गर्ने;

(ग) मालवस्तुको संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउने;

(घ) मालवस्तु ओसारपसार कार्यमा सघाउन आवश्यताअनुसार मालवस्तुको सम्वेष्टनलाई सुधार गर्ने वा बिक्री योग्य गुणस्तर कायम राख्ने वा ठूला परिमाणलाई सानो परिमाणमा विभाजन गर्ने, सम्वेष्टन समूह मिलाउने, छान्ने र स्तर विभाजन गर्ने र पुनः सम्वेष्टन गर्नेजस्ता परिहनका लागि कार्यहरू सञ्चालन गर्ने ।

# मालवस्तु रहने अवधि

## ११. मापदण्ड

भन्सारले व्यापारका आवश्यकतालाई उचित रूपमा विचार गर्दै भन्सार गोदाममा भण्डारणको  आधिकारिक अधिकतम अवधि निर्धारण गर्नेछ र नसड्ने मालवस्तुका हकमा त्यस्तो अवधि एक वर्षभन्दा कमको हुने छैन ।

## स्वामित्वको हस्तान्तरण

**१२. मापदण्ड**

गोदाममा राखिएका मालवस्तुको स्वामित्व हस्तान्तरण गर्न अनुमति दिइनेछ ।

## मालवस्तुमा ह्रास

**१३. मापदण्ड**

भन्सार गोदाम कार्यविधि अन्तर्गत रहेको वेला दुर्घटना वा काबु बाहिरको घटनाको कारणले ह्रास भएका वा बिग्रेका मालवस्तुलाई ति मालवस्तु ह्रास भएको वा बिग्रेको अवस्थामा नै पैठारी भएसरह आन्तरिक उपयोगको लागि घोषणा गर्न अनुमति दिनुपर्छ । तर भन्सार सन्तुष्ट हुने गरी ती मालवस्तु ह्रास भएको वा बिग्रेको तथ्य विधिवत् रूपमा स्थापित हुनु पर्नेछ ।

## मालवस्तु हटाउने

**१४. मापदण्ड**

मालवस्तु बेचबिखन गर्ने अधिकार भएको कुनै पनि व्यक्तिलाई प्रत्येक विषयमा लागू हुने सर्त र प्रक्रिया परिपालनाको अधीनमा रहने गरी ती मालवस्तु पूर्ण वा आंशिक रूपमा एउटा भन्सार गोदामबाट हटाई अर्को भन्सार गोदाममा राख्ने वा अन्य भन्सार कार्यविधि अन्तर्गत राख्ने अधिकार हुनेछ ।

**१५. मापदण्ड**

राष्ट्रिय कानुनले तोकिएको समयावधिभित्र भन्सार गोदामबाट मालवस्तु नहटाइएमा अपनाउनुपर्ने कार्यविधि तोक्नेछ ।

## भन्सार गोदाम बन्द गर्ने

**१६. मापदण्ड**

भन्सार गोदाम बन्द गरिएको अवस्थामा सम्बन्धित व्यक्तिलाई प्रत्येक विषयका हकमा लागू हुने सर्त र प्रक्रियाको परिपालना गरेर मालवस्तु भन्सार गोदामबाट हटाई अर्को भन्सार गोदाममा राख्न वा अन्य भन्सार कार्यविधि अन्तर्गत राख्न पर्याप्त समय दिइनुपर्छ ।

## विशेष अनुसूची घ

## परिच्छेद २

## नि:शुल्क क्षेत्र

**परिभाषा**

यस परिच्छेदको प्रयोजनका लागि:

ई१./एफ्१. "नि:शुल्क क्षेत्र" भन्नाले संविदाकारी पक्षको इलाकाको त्यस्तो भाग सम्झनु पर्दछ, जहाँ प्रवेश गरेका मालवस्तु सामान्यतया भन्सार महसुल र करका सम्बन्धमा भन्सार क्षेत्रभन्दा बाहिर रहेको मानिन्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

नि:शुल्क क्षेत्रमा लागू हुने भन्सार नियमका हकमा यस परिच्छेदका व्यवस्था र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

### स्थापना र नियन्त्रण

**२. मापदण्ड**

राष्ट्रिय कानुनले नि:शुल्क क्षेत्र स्थापना सम्बन्धी सर्तहरू, त्यस्तो क्षेत्रमा प्रवेश गर्नसक्ने मालवस्तुको किसिम र मालवस्तु सम्बन्धमा गर्न सकिने कामकारबाहीको प्रकृति निर्धारण गर्नेछ ।

**३. मापदण्ड**

भन्सारले नि:शुल्क क्षेत्रको उपयुक्तता, निर्माण र ढाँचा (लेआउट) सम्बन्धी उपयुक्त सर्तहरू लगायतका भन्सार नियन्त्रणका व्यवस्थाहरू गर्नेछ ।

**४. मापदण्ड**

भन्सारलाई नि:शुल्क क्षेत्रमा भण्डारण गरिएका मालवस्तुको कुनै पनि समयमा जाँच गर्ने अधिकार हुनेछ ।

## मालवस्तुको प्रवेश

### ५. मापदण्ड

निःशुल्क क्षेत्रमा विदेशबाट सीधा पैठारी गरिएका मालवस्तु मात्र नभई सम्बन्धित संविदाकारी पक्षको भन्सार क्षेत्रबाट ल्याइएका मालवस्तु समेत लाई प्रवेश गर्न अनुमति दिइनेछ ।

### ६. सिफारिस गरिएको अभ्यास

निःशुल्क क्षेत्रमा विदेशबाट ल्याइएका मालवस्तुको प्रवेशलाई तिनको परिमाण जतिसुकै र उत्पत्तिको मुलुक, मालवस्तु ल्याइएको मुलुक वा गन्तव्य मुलुक जुनसुकै भए पनि देहायका आधारमा लगाइएका प्रतिबन्ध वा रोक बाहेकका अवस्थामा रोक लगाइने छैनः

- सार्वजनिक नैतिकता वा मर्यादा, सार्वजनिक सुरक्षा, सार्वजनिक सरसफाइ वा स्वास्थ्य वा पशु चिकित्सा वा वनस्पति स्वास्थ्य; वा
- पेटेन्ट, ट्रेडमार्क र प्रतिलिपि अधिकारको संरक्षण ।

जोखिम सिर्जना गर्ने मालवस्तु, अन्य मालवस्तुलाई असर गर्न सक्ने मालवस्तु वा विशेष स्थापना आवश्यक पर्ने मालवस्तुका हकमा त्यस्ता मालवस्तु ग्रहण गर्न विशेष किसिमले डिजाइन गरिएका निशुल्क क्षेत्रले मात्र त्यस्ता मालवस्तु स्वीकार गर्नुपर्छ ।

### ७. मापदण्ड

निःशुल्क क्षेत्रमा प्रवेश पाउनसक्ने र निकासी गर्दा पैठारी महसुल र कर छुट वा सोको पुनः भुक्तानी पाउने मालवस्तु निःशुल्क क्षेत्रमा प्रवेश भएपछि तुरुन्तै त्यस्तो छुट वा पुनः भुक्तानी प्राप्त गर्न योग्य हुनेछ ।

### ८. मापदण्ड

निःशुल्क क्षेत्रमा प्रवेश पाउनसक्ने र निकासी गर्दा आन्तरिक महसुल र कर छुट वा सोको पुनः भुक्तानी पाउने मालवस्तु निःशुल्क क्षेत्रमा प्रवेश भएपछि त्यस्तो छुट वा पुनः भुक्तानी प्राप्त गर्न योग्य हुनेछ ।

### ९. सिफारिस गरिएको अभ्यास

निःशुल्क क्षेत्रमा विदेशबाट सीधा ल्याइएको मालवस्तुसँगै रहेको कागजातमा आवश्यक जानकारी उपलब्ध भइसकेकोमा त्यस्तो मालवस्तुका सम्बन्धमा भन्सारले मालवस्तु घोषणा माग गर्ने छैन ।

## सुरक्षण

**१०. सिफारिस गरिएको अभ्यास**

नि:शुल्क क्षेत्रमा मालवस्तु प्रवेश गर्नका लागि भन्सारले सुरक्षण माग गर्ने छैन ।

## अधिकृत कामकारबाही

**११. मापदण्ड**

नि:शुल्क क्षेत्रमा प्रवेश गरेका मालवस्तुको संरक्षण गर्न र तिनलाई ओसारपसारको सामान्य रूपमा ल्याउन प्याकेजिङ वा बजारस्तरीय गुणस्तर सुधार गर्ने वा ठूलो परिमाणमा रहेका मालवस्तुलाई स-साना परिमाणमा पोका पार्ने, प्याकेजको समूहीकरण, क्रमबद्ध र ग्रेडिङ र पुन: प्याकिङ जस्ता परिवहनका लागि तयारी गर्न त्यस्ता मालवस्तुमा आवश्यक कामकारबाही गर्न अनुमति दिइनेछ ।

**१२. मापदण्ड**

सक्षम निकायले नि:शुल्क क्षेत्रमा प्रशोधन वा उत्पादनजन्य कामकारबाही गर्न अनुमति दिएकोमा तिनले मालवस्तुका सम्बन्धमा नि:शुल्क क्षेत्रमा कुन मालवस्तुमा प्रशोधन र उत्पादनजन्य कामकारबाही गर्न पाइन्छ सो कुरा सामान्य सर्तमा र विस्तृत रूपमा नि:शुल्क क्षेत्रभर लागू हुने नियमावलीमा वा यी कामकारबाही गर्ने प्रतिष्ठानलाई दिइएको अख्तियारीमा निर्दिष्ट गर्नेछन् ।

## नि:शुल्क क्षेत्रभित्रै खपत गरिएका मालवस्तु

**१३. मापदण्ड**

राष्ट्रिय कानुनले नि:शुल्क क्षेत्रभित्रै खपत हुने मालवस्तु महसुल र करबिना नै प्रवेश गर्न सक्ने अवस्थाहरू सूचीकृत गर्ने र त्यसका लागि पूरा गर्नुपर्ने आवश्यक सर्तहरू तय गर्नेछ ।

## मालवस्तु रहने अवधि

**१४. मापदण्ड**

असामान्य अवस्थामा मात्र नि:शुल्क क्षेत्रमा रहने मालवस्तुको समयावधि तोकिनेछ ।

## स्वामित्वको हस्तान्तरण

**१५. मापदण्ड**

नि:शुल्क क्षेत्रमा प्रवेश गरेका मालवस्तुको स्वामित्व हस्तान्तरण गर्न अनुमति दिइनेछ ।

## मालवस्तु निष्कासन सम्बन्धी

### १६. मापदण्ड

नि:शुल्क क्षेत्रमा प्रवेश गरेका वा उत्पादन गरिएका सबै वा केही मालवस्तु प्रत्येक अवस्थामा लागू हुने सर्त र औपचारिकताको परिपालनाको अधीनमा रही त्यहाँबाट निष्कासन गरी अर्को नि:शुल्क क्षेत्रमा लैजान वा भन्सार कार्यविधि अन्तर्गत राख्न अनुमति दिइनेछ ।

### १७. मापदण्ड

नि:शुल्क क्षेत्रबाट मालवस्तु निष्कासन गर्नका लागि आवश्यक पर्ने घोषणा त्यस्ता तोकिएको मालवस्तु जुन भन्सार कार्यविधि अन्तर्गत साधारणतः पर्ने हो सोही बमोजिमको मालवस्तु घोषणा नै हुनेछ ।

### १८. सिफारिस गरिएको अभ्यास

नि:शुल्क क्षेत्रबाट निष्कासन गरी सीधा विदेश पठाइएका मालवस्तुका सम्बन्धमा भन्सारमा कागजात पेस गर्नुपर्ने अवस्थामा भन्सारले मालवस्तु संलग्न कागजातमा उपलब्ध भइसकेका जानकारीभन्दा बढी जानकारी माग गर्ने छैन ।

## महसुल र कर निर्धारण

### १९. मापदण्ड

राष्ट्रिय कानुनले नि:शुल्क क्षेत्रबाट निष्कासन गरी आन्तरिक उपयोग हुनसक्ने मालवस्तुको मूल्य र परिमाण र तिनमा लाग्ने पैठारी महसुल र कर वा आन्तरिक महसुल र करको दर निर्धारण गर्ने प्रयोजनलाई दृष्टिगत गर्दै समय निर्धारण गर्नेछ ।

### २०. मापदण्ड

राष्ट्रिय कानुनले नि:शुल्क क्षेत्रमा प्रशोधन र निर्माण गरिसकेपछि आन्तरिक उपयोगका लागि लगिएको मालवस्तुमा लाग्ने पैठारी महसुल र कर वा आन्तरिक महसुल र कर निर्धारण गर्न लागू हुने नियमहरू निर्धारण गर्नेछ ।

## नि:शुल्क क्षेत्र बन्द गर्ने

### २१. मापदण्ड

नि:शुल्क क्षेत्र बन्द गरिएको अवस्थामा प्रत्येक अवस्थामा लागू हुने सर्त र औपचारिकताको परिपालनाको अधीनमा रही सम्बन्धित व्यक्तिलाई आफ्नो मालवस्तु हटाई अर्को नि:शुल्क क्षेत्रमा राख्न वा भन्सार कार्यविधि अन्तर्गत राख्न पर्याप्त समय दिइनेछ ।

## विशेष अनुसूची ङ

## पारवहन

## परिच्छेद १

## भन्सार पारवहन

**परिभाषा**

यस परिच्छेदको प्रयोजनका लागि:

ई१/एफ ४. "अधिकृत प्रापक" भन्नाले गन्तव्य कार्यालयमा मालवस्तु प्रस्तुत गर्नु नपर्ने गरी भन्सारले आफ्नै परिसरमा मालवस्तु सीधै प्राप्त गर्ने अधिकार दिएको व्यक्ति सम्झनु पर्छ;

ई२/एफ ५. "अधिकृत प्रेषक" भन्नाले बाह्यगमन कार्यालयमा मालवस्तु प्रस्तुत गर्नु नपर्ने गरी भन्सारले आफ्नै परिसरबाट मालवस्तु सीधै पठाउने अधिकार दिएको व्यक्ति सम्झनु पर्छ;

ई ३/एफ१. "नियन्त्रण कार्यालय" भन्नाले एक वा एकभन्दा बढी "अधिकृत प्रापक" वा "अधिकृत प्रेषक" को सम्बन्धमा जिम्मेवार र यस सम्बन्धमा सबै भन्सार पारवहन क्रियाकलाप सञ्चालन गर्न विशेष नियन्त्रण कार्य गर्ने भन्सार कार्यालय सम्झनुपर्छ;

ई ४/एफ७. "भन्सार पारवहन" भन्नाले एक भन्सार कार्यालयदेखि अर्को भन्सार कार्यालयसम्म भन्सार नियन्त्रण अन्तर्गत मालवस्तु ढुवानीका हकमा लागू हुने भन्सार कार्यविधि सम्झनु पर्छ;

ई ५/एफ६. "भन्सार पारवहन सञ्चालन" भन्नाले भन्सार पारवहन अन्तर्गत बाह्यगमनको कार्यालयबाट गन्तव्यको कार्यालयसम्म हुने मालवस्तुको ढुवानी सम्झनु पर्छ;

ई६/एफ२. "बाह्यगमनको कार्यालय" भन्नाले भन्सार पारवहन सञ्चालनको सुरुआत हुने कुनै पनि भन्सार कार्यालय सम्झनुपर्छ;

ई७/एफ३. "गन्तव्यको कार्यालय" भन्नाले भन्सार पारवहन सञ्चालनको समाप्ति हुने भन्सार कार्यालय सम्झनु पर्छ;

ई८/एफ८. "ढुवानी एकाइ" भन्नाले:

(क) आन्तरिक आयतन एक क्युबिक मिटर वा सोभन्दा बढी भएको आधानपात्र (कन्टेनर) अलग गर्न सक्ने भागसमेत;

(ख) ट्रेलर, अर्ध ट्रेलर लगायतका सडक सवारी साधन;

(ग) रेलका डिब्बा वा वागन;

(घ) डुंगा, नाउ र अन्य पानीजहाज; र

(ङ) वायुयान ।

## सिद्धान्त

### १. मापदण्ड

भन्सार पारवहनका हकमा यस परिच्छेदका व्यवस्था र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

## प्रयोगको क्षेत्र

### २. मापदण्ड

भन्सारले भन्सार पारवहन अन्तर्गत आफ्नो क्षेत्रमा मालवस्तुको ढुवानी गर्न अनुमति दिनेछः

(क) प्रवेश गर्ने कार्यालयदेखि बहिर्गमन गर्ने कार्यालयसम्म;

(ख) प्रवेश गर्ने कार्यालयदेखि आन्तरिक भन्सार कार्यालयसम्म;

(ग) आन्तरिक भन्सार कार्यालयदेखि बहिर्गमन गर्ने कार्यालयसम्म; र

(घ) एउटा आन्तरिक भन्सार कार्यालयदेखि अर्को आन्तरिक भन्सार कार्यालयसम्म ।

### ३. मापदण्ड

भन्सारले तय गरेका सर्तहरूको परिपालन भएमा र आवश्यक सुरक्षण पेस भएमा भन्सार पारवहन अन्तर्गत लगिएको मालवस्तुमा महसुल र कर लाग्ने छैन ।

### ४. मापदण्ड

राष्ट्रिय कानुनले भन्सार पारवहन अन्तर्गत उत्पन्न दायित्वको परिपालनाका लागि र खासगरी भन्सारले लगाएका सर्तहरू बमोजिम गन्तव्यको कार्यालयमा मालवस्तु सही रूपमा दाखिला भएको सुनिश्चित गर्नका लागि भन्सारप्रति जिम्मेवार हुने व्यक्ति तोक्नेछ ।

## ५. सिफारिस गरिएको अभ्यास

भन्सारबाट व्यवस्थित तोकिएका सर्तहरू पूरा गरेकोमा भन्सार सन्तुष्ट भएमा भन्सारले व्यक्तिहरूलाई अधिकृत प्रापक र अधिकृत प्रेषकको रूपमा मान्यता दिनुपर्छ ।

## बाह्यगमनको कार्यालयमा पूरा गर्नुपर्ने कार्यविधि

## (क) भन्सार पारवहनका लागि मालवस्तुको घोषणा

## ६. मापदण्ड

आवश्यक विवरणहरू स्पष्ट रूपमा उल्लेख गरिएको कुनै पनि व्यावसायिक वा ढुवानीका कागजातलाई भन्सार पारवहनका लागि मालवस्तु घोषणाको विवरणात्मक अंशका रूपमा स्वीकार गरिनेछ र यस्तो स्वीकृति कागजातमा उल्लेख गरिनेछ ।

## ७. सिफारिस गरिएको अभ्यास

भन्सारले सम्बन्धित खेपका लागि भन्सारका सवै सर्तहरू पूरा गर्ने कुनै पनि व्यावसायिक वा ढुवानीका कागजातलाई भन्सार पारवहनका लागि मालवस्तुको घोषणाका रूपमा स्वीकार गर्नुपर्छ । यस्तो स्वीकृति कागजातमा उल्लेख गर्नुपर्छ ।

## (ख) खेपमा सिल लगाउने र सोको पहिचान

## ८. मापदण्ड

बाह्यगमन क्षेत्रमा स्थित भन्सारले गन्तव्यको कार्यालयलाई खेप (consignment) को पहिचान गर्न र कुनै अनधिकृत हस्तक्षेप पत्ता लगाउन आवश्यक सबै कारबाही गर्नेछ ।

## ९. सिफारिस गरिएको अभ्यास

अन्य अन्तर्राष्ट्रिय महासन्धिका व्यवस्थाहरूको अधीनमा रही भन्सारले भन्सार सिल अन्तर्गत ढुवानी गरिने मालवस्तुको ढुवानीका लागि ढुवानी एकाइ पूर्व स्वीकृत हुनुपर्ने सर्त सामान्यतया तोक्नु हुँदैन ।

## १०. मापदण्ड

खेप ढुवानी एकाइमा पठाउने भई भन्सार सिल आवश्यक भएको अवस्थामा ढुवानी एकाइमा नै भन्सार सिल लगाइनेछ । तर ढुवानी एकाइ यसरी निर्माण भएको र उपकरणयुक्त हुनु पर्दछ ताकिः

(क) यसमा भन्सार सिल सामान्य र प्रभावाकारी रूपमा लगाउन सकियोस्;

(ख) भन्सार सिल नतोडी वा बिगारेको चिन्ह नदेखिने गरी सिल लगाइएको ढुवानी एकाइको भागबाट कुनै पनि मालवस्तु झिक्न वा यसभित्र राख्न नसकियोस्;

(ग) त्यसमा मालवस्तु लुकाउन सकिने गरी कुनै गोप्य स्थान रहेको नहोस्; र

(घ) मालवस्तु राख्न सकिने सबै स्थान भन्सार निरीक्षणका लागि त्वरित रूपमा पहुँचयोग्य होऊन् ।

भन्सार पारवहनको प्रयोजनका लागि ढुवानी एकाइ सुरक्षित भएनभएको बारेमा भन्सारले निर्णय गर्नेछ ।

## ११. सिफारिस गरिएको अभ्यास

संलग्न कागजातबाट शंकारहित तवरले मालवस्तु पहिचान गर्न सकिने भएमा मालवस्तुहरू सामान्यतया भन्सार सिलबिना वा नबाँधीकनै ढुवानी गर्नु पर्नेछ । तथापि देहायको अवस्थामा भन्सार सिल वा बन्धन आवश्यक पर्न सक्छः

- बाह्यगमनको भन्सार कार्यालयले जोखिम व्यवस्थापनका आधारमा आवश्यक देखेमा;
- समग्रमा भन्सार पारवहन सञ्चालन सहजीकरण हुने भएमा; वा
- अन्तर्राष्ट्रिय सम्झौताले त्यस्तो व्यवस्था गरेमा ।

## १२. मापदण्ड

कुनै खेप सिद्धान्ततः भन्सार सिलछाप अन्तर्गत ढुवानी गरिनुपर्ने र ढुवानी एकाइमा प्रभावकारी रूपले सिलछाप लगाउन नसकिने भएमा देहायको तरिकाबाट पहिचान सुनिश्चित गरिने र अनधिकृत हस्तक्षेपलाई सजिलै पहिचानयोग्य बनाइनेछः

- मालवस्तुको पूर्ण परीक्षण र पारवहन कागजातमा त्यसको नतिजा अभिलेखीकरण गर्ने;
- प्रत्येक प्याकेजिङमा भन्सार सिलछाप लगाउने वा तिनलाई बाँध्ने;
- नमुना, योजना, स्केच, तस्बिर वा अन्य यस्तै साधनको सन्दर्भबाट मालवस्तुको संक्षिप्त विवरण पारवहन कागजातसाथ संलग्न गर्ने;
- निश्चित मार्ग र निश्चित समयसीमाको व्यवस्था गर्ने; वा
- भन्सार अनुरक्षणको व्यवस्था ।

तथापि ढुवानी एकाइको सिलबन्दी लगाउन नपर्ने गरी छुट दिने निर्णय गर्ने कुरा भन्सारको स्वविवेकीय अधिकार हो ।

### १३. मापदण्ड

भन्सारले भन्सार पारवहनको समयसीमा तोकेको अवस्थामा यो समयसीमा पारवहनको कामकारबाहीको प्रयोजनका लागि पर्याप्त हुनुपर्नेछ ।

### १४. सिफारिस गरिएको अभ्यास

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले कारण उपयुक्त देखेकोमा भन्सारले अघिल्लो पटक निर्धारण गरिएको अवधि थप गर्नुपर्छ ।

### १५. मापदण्ड

भन्सारले त्यस्तो उपाय अपरिहार्य ठानेको अवस्थामा मात्रैः

(क) मालवस्तुले तोकिएको यात्रा कार्यक्रम अपनाउनुपर्ने गरी व्यवस्था गर्ने; वा

(ख) भन्सार अनुरक्षण अन्तर्गत मालवस्तु ढुवानी गर्नुपर्ने व्यवस्था गर्नेछ ।

## भन्सार सिलछाप

### १६. मापदण्ड

भन्सार पारवहनमा प्रयोग गरिएको भन्सार सिलछाप र बाँध्ने व्यवस्थाले यस परिच्छेदको परिशिष्टमा उल्लेख गरिएको न्यूनतम आवश्यकता पूरा गर्नेछ ।

### १७. सिफारिस गरिएको अभ्यास

वैदेशिक भन्सारले लगाएको भन्सार सिलछाप र परिचयात्मक चिन्हलाई देहायको अवस्थामा बाहेक भन्सार पारवहन सञ्चालनको उद्देश्यका लागि स्वीकार गर्नुपर्छः

- तिनीहरू पर्याप्त नभएको देखिएकोमा;
- तिनीहरू सुरक्षित नभएकोमा; वा
- भन्सारले मालवस्तुको जाँच सुरु गरेकोमा ।

वैदेशिक भन्सारले लगाएको भन्सार छाप र बँधाईलाई भन्सार क्षेत्रभित्र स्वीकार गरिएकोमा, त्यस क्षेत्रमा तिनले राष्ट्रिय सिलछाप र बाँधाईले प्राप्त गर्नेसरहको कानुनी सुरक्षा प्राप्त गर्नेछन् ।

## १८. सिफारिस गरिएको अभ्यास

सम्बन्धित भन्सार कार्यालयले भन्सार सिलछाप वा बँधाई जाँच गरेको अवस्थामा वा मालवस्तु जाँच गरेकोमा त्यसको नतिजा पारवहन कागजातमा अभिलेख गर्नुपर्छ ।

## मार्गस्थमा पूरा गर्नुपर्ने प्रक्रिया

## १९. मापदण्ड

भन्सारले पूर्व स्वीकृति आवश्यक पर्ने भनी तोकेकोमा बाहेक गन्तव्यको कार्यालयमा भएको परिवर्तनलाई पूर्व सूचनाबिना नै स्वीकार गरिनेछ ।

## २०. मापदण्ड

भन्सार सिलछाप वा बँधाई टुटफुट नभएको वा नबिगारिएको भएमा भन्सारको अनुमतिबिना नै एउटा ढुवानीको साधनबाट अर्को ढुवानीको साधनमा मालवस्तु सार्न पाइनेछ ।

## २१. सिफारिस गरिएको अभ्यास

भन्सार पारवहनअन्तर्गतको मालवस्तु पहिचान गर्न सकिने भएमा र अन्य भन्सार आवश्यकता पूरा गरेकोमा भन्सार सन्तुष्ट भएमा भन्सार पारवहनअन्तर्गत सोही समयमा अन्य मालवस्तु बोकेको ढुवानी एकाइमा मालवस्तु ढुवानी गर्न भन्सारले अनुमति दिनुपर्छ ।

## २२. सिफारिस गरिएको अभ्यास

भन्सारले भन्सार पारवहन सञ्चालनमा दुर्घटना वा प्रत्यक्ष प्रभाव पार्ने अन्य अप्रत्याशित घटना तुरुन्तै नजिकैको भन्सार कार्यालय वा सक्षम निकायसमक्ष सूचित गर्न सम्बन्धित व्यक्तिलाई लगाउनेछ ।

## भन्सार पारवहनको अन्त्य

## २३. मापदण्ड

भन्सार पारवहन सञ्चालन अन्त्यका सम्बन्धमा मालवस्तुमा कुनै पनि परिवर्तन नगरिएको, प्रयोग नगरिएको र भन्सार सिलछाप, बँधाई वा परिचयात्मक चिन्ह यथावत् राखिएकोमा निश्चित समयसीमाभित्र गन्तव्य कार्यालयमा प्रस्तुत गर्नुपर्ने मालवस्तुभन्दा बढी र सान्दर्भिक मालवस्तु घोषणाभन्दा बढी प्रस्तुत गर्नुपर्ने व्यवस्था राष्ट्रिय कानुनले गर्ने छैन ।

## २४. मापदण्ड

मालवस्तु आफ्नो नियन्त्रणमा आउनेबित्तिकै आवश्यक सबै सर्तहरू पूरा गरेकोमा आफू सन्तुष्ट भएपछि गन्तव्य कार्यालयले अविलम्ब भन्सार पारवहन सञ्चालनको अन्त्य गर्ने व्यवस्था गर्नेछ ।

## २५. सिफारिस गरिएको अभ्यास

तोकिएको यात्रा मार्ग पालन गर्न नसकेको वा तोकिएको समयसीमा पालन गर्न नसकेको कारणबाट अन्य आवश्यकताहरू पूरा गरेकोमा भन्सार सन्तुष्ट भएको अवस्थामा लाग्न सक्ने सम्भावित कुनै महसुल वा करको संकलन गर्नु हुँदैन ।

## भन्सार पारवहन सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौता

## २६. सिफारिस गरिएको अभ्यास

संविदाकारी पक्षहरूले भन्सार पारवहन सम्बन्धी अन्तर्राष्ट्रिय सम्झौताहरूको सम्मिलन गर्ने सम्भावनालाई गम्भीरतापूर्वक विचार गर्नुपर्छ । उनीहरू सम्मिलन हुनुपर्ने त्यस्ता अन्तर्राष्ट्रिय सम्झौताहरूको सम्मिलन गर्ने अवस्थामा नरहेमा अन्तर्राष्ट्रिय भन्सार कार्यविधि स्थापना गर्ने उद्देश्यले द्विपक्षीय वा बहुपक्षीय सम्झौता गर्दा यस परिच्छेदका मापदण्ड र सिफारिस गरिएका अभ्यासलाई ध्यानमा राख्नुपर्छ ।

## परिशिष्ट

## भन्सार सिलछाप वा बँधाईले पूरा गर्नुपर्ने न्यूनतम आवश्यकता

क. भन्सार सिलछाप र बँधाईले देहायबमोजिमको न्यूनतम आवश्यकता पूरा गर्नुपर्नेछः

१. भन्सार सिलछाप र बँधाईको सम्बन्धमा सामान्य आवश्यकताः

**सिलछाप र बँधाईः**

(क) बलियो र टिकाउ हुनुपर्छ;

(ख) सजिलै र छिटै राख्नसक्ने किसिमको हुनुपर्छ;

(ग) तुरुन्तै जाँच र पहिचान गर्न सकिने हुनुपर्छ;

(घ) तोडफोड नगरी वा कुनै चिन्ह नदेखिने गरी हटाउन वा बिगार्न नसकिने हुनुपर्छ;

(ङ) बहुप्रयोग गर्न सकिने सिलछाप (जस्तैः विद्युतीय सिलछाप) बाहेक एकपटकभन्दा बढी प्रयोग गर्न नसकिने हुनुपर्छ;

(च) प्रतिलिपि बनाउन वा नक्कल गर्न यथासम्भव कठिन हुने हुनुपर्छ ।

## २. सिलछापको भौतिक विवरणः

(क) सिलछापको बनोट र आकार परिचयात्मक चिन्ह सजिलै छुट्टयाउन सकिने किसिमको हुनुपर्छ;

(ख) सिलछापको प्रत्येक सुराखको आकार प्रयोग गरिएको बँधाईको आकारका आधारमा हुनुपर्छ र सिलछाप बन्द गरिएको अवस्थामा दरो रूपमा बाँधिने गरी राखिनुपर्छ;

(ग) प्रयोग गरिएका सामग्री दुर्घटनावश हुने तोडफोड, छिटै बिग्रने (मौसमको अवस्थाले, रासायनिक प्रतिक्रियाले आदि) वा पत्ता लगाउन नसकिने तोडफोड रोकथाम गर्न पर्याप्त रूपमा दरो हुनुपर्छ;

(घ) उपयोग गरिएको सामग्री सिलछाप प्रणालीका सन्दर्भमा आधारित भएगरिएको छनोट हुनुपर्छ ।

## ३. बँधाईको भौतिक विवरणः

(क) बँधाई बलियो र टिकाउ तथा मौसम र रसायन प्रतिरोधात्मक हुनुपर्छ;

(ख) प्रयोग गरिएको बँधाईको लम्बाइले सिलछाप वा बँधाई तोडफोड नगरी वा स्पष्ट रूपमा हानिनोक्सानी नदेखिने गरी सिलछाप लगाइएको छिद्र खोल्न वा आंशिक रूपमा खोल्न नसकिने खालको हुनुपर्छ;

(ग) उपयोग गरिएको सामग्री सिलछाप प्रणालीको सन्दर्भमा आधारित भएर गरिएको छनौट हुनुपर्छ ।

## ४. परिचयात्मक चिन्हः

**सिलछाप वा बँधाईमा देहायको खुल्ने गरी संकेत लगाइनेछः**

(क) विशेषतः परिषद्को कुनै एक औपचारिक भाषा (अंग्रेजी वा फ्रेन्च) मा “भन्सार” शब्दको प्रयोग गरी सो सिलछाप भन्सार सिलछाप हो भनी देखाउन;

(ख) विशेषतः अन्तर्राष्ट्रिय ट्राफिकमा सवारी साधन दर्ता भएको राष्ट्र जनाउने चिन्ह प्रयोग गरेर छाप लगाएको राष्ट्रलाई देखाउन;

(ग) उदाहरणका लागि सांकेतिक अक्षर वा संख्याको प्रयोग गरेर सिलछाप लगाएको वा जसको अधिकार अन्तर्गत सिलछाप लगाइएको हो, सो भन्सार कार्यालयलाई पहिचान गराउन ।

ख. अधिकृत प्रेषक तथा अन्य अधिकृत व्यक्तिले भन्सार पारवहनको प्रयोजनका लागि भन्सारजन्य प्रयोजनको सुरक्षण सुनिश्चित गर्न लगाएको सिलछाप वा बँधाईले भन्सारले लगाएको सिलछापले जस्तै तुलनात्मक रूपमा भौतिक सुरक्षा दिनेछ र सिलछाप वा बँधाईबाट पारवहन कागजातमा प्रविष्ट गरिएको संख्याको माध्यमबाट ती सिलछाप लगाएको व्यक्ति पहिचान गर्न सम्भव हुनेछ ।

## विशेष अनुसूची ङ

## परिच्छेद २

### स्थानान्तरण

यस परिच्छेदको प्रयोजनका लागि-

१. **"स्थानान्तरण"** भन्नाले भन्सार नियन्त्रणअन्तर्गत पैठारी र निकासी दुवैको कार्यालय भएको एउटा भन्सार कार्यालयको क्षेत्रभित्र मालवस्तु पैठारी गर्ने ढुवानीको साधनबाट निकासी गर्ने ढुवानीको साधनमा मालवस्तु परिवर्तन गर्दा लागू हुने भन्सार कार्यविधि सम्झनु पर्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

स्थानान्तरण का हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

**२. मापदण्ड**

मालबाहक स्थानान्तरणका लागि छुट्ट्याइएको मालवस्तुमा भन्सारले तोकेका सर्तहरू पालना गरेको अवस्थामा कुनै पनि महसुल र कर लाग्ने छैन ।

**३. सिफारिस गरिएको अभ्यास**

मालवस्तुको उत्पत्तिको मुलुक, तिनको आगमन मुलुक वा गन्तव्य मुलुकका आधारमा मात्रै स्थानान्तरण अस्वीकार गर्नु हुँदैन ।

स्थानान्तरणको अनुमति

**(क) घोषणा**

**४. मापदण्ड**

स्थानान्तरणको प्रयोजनका लागि एउटा मात्र मालवस्तु घोषणा आवश्यक हुनेछ ।

## ५. मापदण्ड

आवश्यक विवरणहरू स्पष्ट रूपमा उल्लेख गरेको कुनै पनि व्यावसायिक वा ढुवानी कागजात स्थानान्तरणका लागि मालवस्तुको घोषणाको विवरणात्मक अंशको रूपमा स्वीकार गरिनेछ र त्यस्तो स्वीकृति कागजातमा अभिलेखन गरिनेछ ।

## ६. सिफारिस गरिएको अभ्यास

भन्सारले सबै भन्सार आवश्यकताहरू पूरा गर्ने सम्बन्धित खेप, अदतको व्यावसायिक वा ढुवानी कागजातलाई स्थानान्तरणका लागि मालवस्तु घोषणाको रूपमा स्वीकार गर्नुपर्छ ।

## (ख) मालवस्तुको जाँच र पहिचान

## ७. मापदण्ड

भन्सारले आवश्यक देखेमा भन्सारले स्थानान्तरण गर्ने मालवस्तुको निकासीमा पहिचान हुने र अनधिकृत हस्तक्षेप तुरुन्तै पत्ता लाग्ने कुरा सुनिश्चित गर्न पैठारीमा नै कारबाही गर्नेछ ।

## (ग) अतिरिक्त नियन्त्रणका उपाय

## ८. मापदण्ड

भन्सारले स्थानान्तरणका लागि घोषणा गरिएको मालवस्तुको निकासीका लागि समयसीमा तोकेकोमा सो समयसीमा स्थानान्तरणका लागि पर्याप्त हुनेछ ।

## ९. सिफारिस गरिएको अभ्यास

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले कारण उपयुक्त देखेमा, भन्सारले पहिले निर्धारण गरेको समयावधि थप गर्नु पर्नेछ ।

## १०. सिफारिस गरिएको अभ्यास

अन्य सबै आवश्यकताहरू पूरा गरेकोमा भन्सार सन्तुष्ट भएमा तोकिएको समयसीमा पालना गर्न असमर्थ भएको कारणले सम्भाव्य रूपमा लाग्न सक्ने कुनै पनि महसुल र कर बुझाउने दायित्व सिर्जना हुने छैन ।

## (घ) अधिकृत सञ्चालन

## ११. सिफारिस गरिएको अभ्यास

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले निर्धारण गरेका सर्तहरूको अधीनमा रही भन्सारले सम्भव भएसम्म स्थानान्तरणमा रहेको मालवस्तुको पैठारीमा सहजीकरण हुने गरी तिनमा काम गर्न अनुमति दिनुपर्छ ।

## विशेष अनुसूची ङ

## परिच्छेद ३

## मालवस्तुको तटवर्तीय ढुवानी

**परिभाषा**

यस परिच्छेदको प्रयोजनका लागिः

१. "मालवस्तुको तटवर्तीय ढुवानी कार्यविधि" भन्नालेः

(क) निर्वाध प्रवाहमा रहेको मालवस्तु; र

(ख) मालवस्तु भन्सार क्षेत्रमा आइपुग्दा जुन पैठारी गर्ने पानीजहाजमा ती मालवस्तु ल्याइएको थियो सोबाहेकको पानीजहाजमा ढुवानी गरिने सर्त अन्तर्गत घोषणा नगरिएको पैठारी मालवस्तु भन्सार क्षेत्रभित्रको कुनै स्थानमा पानीजहाजमा लोड गर्दा र सोही भन्सार क्षेत्रभित्रको अर्को स्थान, जहाँ तिनलाई अनलोड गरिन्छ, सम्म ढुवानी गर्दा लागू हुने भन्सार कार्यविधि सम्झनु पर्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

मालवस्तुको तटवर्तीय ढुवानी कार्यविधिका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

### प्रयोगको क्षेत्र

**२. मापदण्ड**

मालवस्तुको तटवर्तीयको ढुवानी कार्यविधि अन्तर्गत ढुवानी गरिने मालवस्तुलाई सोही समयमा अन्य मालवस्तु बोकेको पानीजहाजमा राखी ढुवानी गर्न भन्सारले अनुमति दिनेछ, तर मालवस्तु पहिचान गर्न सकिने र अन्य आवश्यकताहरू पूरा गरिनेछ भन्ने कुरामा भन्सार सन्तुष्ट हुनु पर्दछ ।

### ३.   सिफारिस गरिएको अभ्यास

भन्सारले नियन्त्रण प्रयोजनका लागि आवश्यक देखेको अवस्थामा मात्रै निर्वाध प्रवाहका तटवर्तीयको ढुवानी कार्यविधि अन्तर्गत ढुवानी भइरहेका मालवस्तुलाई पानीजहाजमा ढुवानी गरिएका अन्य मालवस्तुबाट अलग्याउन लगाउनु पर्नेछ ।

### ४.   सिफारिस गरिएको अभ्यास

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले आवश्यक देखेको सर्तहरूको अधीनमा रही भन्सारले विदेशी बन्दरगाहमा आउने पानीजहाजमा मालवस्तुको तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत मालवस्तु ढुवानी गर्न अनुमति दिनेछ ।

### ५.   सिफारिस गरिएको अभ्यास

भन्सार क्षेत्रभन्दा बाहिरको कुनै स्थान वा स्थानहरूमा जानुपर्ने पानीजहाजलाई मालवस्तुको तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत ओसारपसार गर्ने अख्तियारी दिइएकोमा सम्बन्धित व्यक्तिको अनुरोधमा वा भन्सारले मालवस्तु त्यहाँबाट हटाउन नसकिने कुरा सुनिश्चित गर्न सिलबन्दी आवश्यक ठानेकोमा वा अन्य मालवस्तु त्यसमा सजिलै थप्न सकिने देखिएको अवस्थामा मात्रै ती मालवस्तुलाई सिलबन्दी गर्नुपर्छ ।

### ६.   सिफारिस गरिएको अभ्यास

तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत मालवस्तु ढुवानी गरिराखेको पानीजहाजलाई बलपूर्वक त्यसको नियोजित मार्गबाट विचलित गर्नुपर्ने भएमा र भन्सार क्षेत्रबाहिरको कुनै स्थानमा ल्याउनुपरेमा, भन्सारले ती माल वस्तुलाई मालवस्तुको तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत रहेको मान्नुपर्छ । तर भन्सार ती मालवस्तु सुरुमा नै त्यस कार्यविधि अन्तर्गत राखिएका मालवस्तु हुन् भन्ने कुरामा सन्तुष्ट हुनुपर्दछ ।

## चढाउने र झार्ने

### ७.   मापदण्ड

राष्ट्रिय कानुनले मालवस्तुको तटवर्तीयको ढुवानी कार्यविधि अन्तर्गत मालवस्तु चढाउने र झार्ने स्थानहरू र राख्ने र झार्ने काम गर्न सकिने समय तोक्नेछ ।

### ८.   सिफारिस गरिएको अभ्यास

सम्बन्धित व्यक्तिको अनुरोधमा, भन्सारले पानीजहाजमा तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत निर्वाध प्रवाहमा हुने मालवस्तु मात्र ढुवानी गरिरहेको पानीजहाजका हकमा भन्सारले त्यस्ता मालवस्तु जुनसुकै स्थानमा जुनसुकै समयमा चढाउन र झार्न दिनुपर्छ ।

## ९. सिफारिस गरिएको अभ्यास

घोषणा नगरिएका पैठारी गरिएका मालवस्तु वा अन्य कुनै भन्सार कार्यविधि अन्तर्गत राखिएका मालवस्तु समेत ढुवानी गरिरहेको भए तापनि सम्बन्धित व्यक्तिको अनुरोधमा भन्सारले मालवस्तुको तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गतका मालवस्तु सो प्रयोजनका लागि सामान्य रूपमा स्वीकृत स्थानबाहेक अन्य स्थानमा चढाउन र झर्न अनुमति दिनुपर्छ। लाग्ने कुनै पनि खर्च प्रदान गरिएको सेवाको मूल्यको अनुमानित लागतमा सीमित हुनेछ।

## १०. सिफारिस गरिएको अभ्यास

तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत मालवस्तुको ढुवानी गरिरहेको पानीजहाज यात्राको क्रममा विचलित भएमा भन्सारले, सम्बन्धित व्यक्तिको अनुरोधमा, त्यस्ता मालवस्तु सुरुमा तय गरिएको स्थानबाहेकको अन्य स्थानमा सो कार्यविधि अन्तर्गत झार्न अनुमति दिनुपर्छ। लाग्ने कुनै पनि खर्च प्रदान गरिएको सेवाको मूल्यको अनुमानित खर्चमा सीमित हुनेछ।

## ११. मापदण्ड

तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत मालवस्तुको ढुवानी दुर्घटना वा काबुबाहिरको परिस्थितिको कारणले अवरुद्ध भएमा, भन्सारले मालिक वा अन्य सम्बन्धित व्यक्तिलाई मालवस्तु अनधिकृत वितरण हुनबाट रोक्न मुनासिब सावधानी अपनाउन र यात्रा अवरुद्ध गरेको दुर्घटना वा अन्य परिस्थितिको प्रकृतिको जानकारी भन्सार वा अन्य सक्षम निकायलाई दिन आदेश दिनेछ।

## १२. मापदण्ड

तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत मालवस्तु ढुवानी गरिरहेको पानीजहाजले घोषणा नगरिएका पैठारी गरिएका मालवस्तु वा अन्य कुनै भन्सार कार्यविधि अन्तर्गत राखिएका मालवस्तु ढुवानी गरिरहेकोमा सो पानीजहाज मालवस्तु चढाउने वा ओराल्ने स्थानमा पुग्नेबित्तिकै भन्सारले तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गतका मालवस्तु चढाउने र ओराल्ने अनुमति दिनेछ।

### कागजात

## १३. मापदण्ड

भन्सारले मालिक वा अन्य सम्बन्धित व्यक्तिलाई पानीजहाजको विवरण, मालवस्तुको तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत ढुवानी गरिएका मालवस्तुको सूची र ती मालवस्तु झार्ने भन्सार क्षेत्रको बन्दरगाह वा बन्दरगाहहरूको विवरण उल्लेख गरिएको एकल कागजात मात्र पेस गर्न लगाउनेछ। यो कागजात एकपटक भन्सारबाट दरपीठ भइसकेपछि तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत मालवस्तुको ढुवानीका लागि अख्तियारी मानिनेछ।

## १४. सिफारिस गरिएको अभ्यास

तोकिएका बन्दरगाहरूबीच नियमित रूपमा व्यापार गर्ने पानीजहाजहरूका लागि तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत मालवस्तु ढुवानी गर्ने सामान्य अख्तियारी प्रदान गर्नुपर्छ ।

## १५. सिफारिस गरिएको अभ्यास

कुनै पानीजहाजलाई सामान्य अख्तियारी प्रदान गरिएकोमा, भन्सारले तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत ढुवानी गरिने मालवस्तुको सूची मात्र मालवस्तु लोड गर्नु अगाडि माग गर्नुपर्नेछ ।

## १६. सिफारिस गरिएको अभ्यास

विशेष अख्तियारीबाट समेटिएको पानीजहाजबाट झारिएका मालवस्तुको सम्बन्धमा भन्सारले मालिक वा अन्य सम्बन्धित व्यक्तिलाई सो बन्दरगाहमा झारिने मालवस्तुको सूचीसहितको अख्तियारीको प्रतिलिपि मात्र पेस गर्न लगाउनुपर्छ । सामान्य अख्तियारी प्रदान गरिएको पानीजहाजका हकमा झारिएका मालवस्तुको सूची मात्र आवश्यक पर्नेछ ।

# सुरक्षण

## १७. मापदण्ड

भन्सारले अपरिहार्य ठानेकोमा मात्र निर्बाध रूपमा प्रवाह हुने मालवस्तुको तटवर्तीय ढुवानी कार्यविधि अन्तर्गत ढुवानी भइरहेका मालवस्तु निकासी गरिएमा निकासी महसुल र कर लाग्ने भएमा त्यस्ता मालवस्तु वा निकासी निषेध वा प्रतिबन्धको अधीनमा रहेका मालवस्तुको सम्बन्धमा सुरक्षण आवश्यक पर्नेछ ।

# विशेष अनुसूची च

## प्रशोधन

## परिच्छेद १

## आन्तरिक प्रशोधन

यस परिच्छेदको प्रयोजनका लागि:

१. "क्षतिपूर्ति गराउने उत्पादन" भन्नाले विदेशमा प्राप्त र आन्तरिक प्रशोधन कार्यविधि प्रयोग गर्न अख्तियारी पाएका मालवस्तुको निर्माण, प्रशोधन वा मर्मतबाट उत्पन्न भएको उत्पादन सम्झनुपर्छ;

२. "मिल्दोजुल्दो मालवस्तु" भन्नाले विवरण, गुणस्तर र प्राविधिक विशेषतामा तिनले विस्थापन गर्ने आन्तरिक प्रशोधनका लागि पैठारी गरिएका मालवस्तुसँग समान घरेलु वा पैठारी गरिएको मालवस्तु सम्झनुपर्छ;

३. "आन्तरिक प्रशोधन" भन्नाले कुनै निश्चित मालवस्तु निर्माण, प्रशोधन वा मर्मत र त्यसपछि निकासी गरिने अभिप्रायका आधारमा पैठारी महसुल र कर भुक्तानीबाट ससर्त छुट पाउने गरी भन्सार क्षेत्रमा त्यस्ता मालवस्तु ल्याउने सम्बन्धमा लागू हुने भन्सार कार्यविधि सम्झनु पर्छ ।

## सिद्धान्त

**१. मापदण्ड**

आन्तरिक प्रशोधनका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

## प्रयोगको क्षेत्र

**२. मापदण्ड**

आन्तरिक प्रशोधनका लागि ल्याइएका मालवस्तुलाई पैठारी महसुल र करबाट पूर्णत: ससर्त छुट दिइनेछ । तर, निकासी नगरिने वा व्यावसायिक रूपमा मूल्यहीन भनी व्यवहार नगरिने आन्तरिक प्रशोधनका लागि ल्याइएका मालवस्तुको प्रशोधन वा निर्माणबाट निस्किएको फोहोरमैला लगायतका कुनै पनि उत्पादनमा पैठारी महसुल र कर लिन सकिनेछ ।

**३. मापदण्ड**

विदेशबाट प्रत्यक्षरूपमा पैठारी गरिएका मालवस्तुमा मात्र सीमित नगरी अन्य भन्सार कार्यविधि अन्तर्गत राखी सकिएका मालवस्तुका हकमा समेत आन्तरिक प्रशोधनको व्यवस्था उपलब्ध गराईने छ ।

### ४. सिफारिस गरिएको अभ्यास

मालवस्तुको उत्पत्तिको मुलुक, ती मालवस्तु निकासी गर्ने मुलुक वा गन्तव्य मुलुकका आधारमा मात्रै आन्तरिक प्रशोधन अस्वीकार गर्नु हुँदैन ।

### ५ मापदण्ड

आन्तरिक प्रशोधनका लागि मालवस्तु पैठारी गर्ने अधिकारलाई पैठारी गरिएका मालवस्तुको पैठारीकर्तामा मात्र सीमित रहने छैन ।

### ६. सिफारिस गरिएको अभ्यास

विदेशमा स्थापित व्यक्तिसँग गरिएको करारको कार्यान्वयनमा प्रयोग गर्नुपर्ने मालवस्तु सो व्यक्तिबाट आपूर्ति भएमा, समान विवरण, गुणस्तर र प्राविधिक विशेषतामा मिल्दाजुल्दा मालवस्तु पैठारी गरिने भन्सार क्षेत्रमा उपलब्ध भएको भन्ने आधारमा आन्तरिक प्रशोधन अस्वीकार गर्नु हुँदैन ।

### ७. सिफारिस गरिएको अभ्यास

देहायको अवस्थामा क्षतिपूर्ति गराउने उत्पादनमा पैठारी गरिएको मालवस्तुको उपस्थिति निर्धारण गर्ने सम्भावनालाई आन्तरिक प्रशोधनका लागि आवश्यक सर्तको रूपमा राख्नु हुँदैन :

(क) देहायबमोजिम मालवस्तुको पहिचान स्थापना गर्न सकिने:

- निर्माण सामग्री (इनपुट) र क्षतिपूर्ति गराउने उत्पादनको निर्माण प्रक्रियाको विवरण पेस गरेर; वा
- भन्सार नियन्त्रणबाट गरिएको प्रशोधन सञ्चालनको अवधिमा; वा

(ख) समान विवरण, गुणस्तर र प्राविधिक विशेषता भएका आन्तरिक प्रशोधनमा प्रवेश गरेका मालवस्तुमा गरिएको कामबाट प्राप्त भएको उत्पादनको निकासीबाट कार्यविधि अन्त्य हुने भएमा ।

## मालवस्तुलाई आन्तरिक प्रशोधनअन्तर्गत राख्ने

### (क) आन्तरिक प्रशोधनका लागि अख्तियारी

### ८. मापदण्ड

राष्ट्रिय कानुनले आन्तरिक प्रशोधनका लागि आवश्यक पर्ने पूर्व अख्तियारी लिनुपर्ने अवस्था र त्यस्तो अख्तियारी प्रदान गर्ने अधिकार भएको निकायका बारेमा व्यवस्था गर्नेछ ।

## ९. मापदण्ड

आन्तरिक प्रशोधन अख्तियारीमा आन्तरिक प्रशोधनअन्तर्गत अनुमति प्राप्त कारबाही सञ्चालन गर्ने तरिका उल्लेख गरिनेछ।

## १०. सिफारिस गरिएको अभ्यास

आन्तरिक प्रशोधनका लागि मालवस्तु पैठारी भइसकेपछि आवेदन दिइएको र अख्तियारीमा उल्लेख गरिएका मापदण्ड पूरा गरेकोमा, पश्चातदर्शी रूपमा अख्तियारी प्रदान गर्नुपर्छ।

## ११. सिफारिस गरिएको अभ्यास

नियमित रूपमा आन्तरिक प्रशोधन कार्य सञ्चालन गर्ने व्यक्तिको अनुरोधमा निजलाई त्यस्तो सञ्चालनलाई समेट्ने गरी सामान्य अख्तियारी प्रदान गर्नुपर्छ।

## १२. मापदण्ड

आन्तरिक प्रशोधनका लागि प्रवेश गराएको मालवस्तुमा निर्माण वा प्रशोधन गर्नुपरेमा सो प्रभावित भएको वास्तविक अवस्थाका आधारमा सक्षम निकायले सञ्चालनको प्रतिफल दर तोक्ने वा त्यस्तो दरमा मन्जुर हुनेछ। सो दर तोक्दा वा त्यसमा मन्जुर हुँदा क्षतिपूर्ति गराउने विभिन्न उत्पादनको विवरण, गुणस्तर र परिमाण तोक्नु पर्नेछ।

## १३. सिफारिस गरिएको अभ्यास

आन्तरिक प्रशोधन कार्य:

जहाँ आन्तरिक प्रशोधन सञ्चालन:

- मुनासिव रूपमा स्थिर रहने विशेषता भएका मालवस्तुसँग सम्बन्धित भएमा;
- स्पष्ट रूपमा परिभाषित प्रविधिक सर्तहरूअन्तर्गत त्यस्ता कार्य परम्परागत रूपमा गरिने भएमा; र
- क्षतिपूर्ति गराउने उत्पादनलाई स्थिर गुणस्तर प्रदान गर्ने भएमा;

सक्षम निकायले त्यस्ता एकाइका हकमा लागू हुने प्रतिफलको मानक दर तय गर्नुपर्छ।

## (ख) पहिचानका उपाय

## १४. मापदण्ड

आन्तरिक प्रशोधनका लागि मालवस्तुको पहिचानसँग सम्बन्धित आवश्यकताहरू भन्सारले तय गर्नेछ। यसरी तय गर्दा कार्य गरिने मालवस्तु र गरिने कार्यको प्रकृति तथा संलग्न सरोकारको महत्वलाई उचित ध्यान दिनुपर्छ।

## भन्सार क्षेत्रमा मालवस्तु रहने

**१५. मापदण्ड**

भन्सारले प्रत्येक अवस्थामा आन्तरिक प्रशोधनका लागि समयसीमा तोक्नेछ।

**१६. सिफारिस गरिएको अभ्यास**

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले कारण उचित देखेमा भन्सारले पहिले तय गरेको समयावधि थप गर्नुपर्छ।

**१७. सिफारिस गरिएको अभ्यास**

पैठारी गरिएका मालवस्तु र क्षतिपूर्ति गराउने उत्पादनको स्वामित्व कुनै तेस्रो व्यक्तिलाई हस्तान्तरण गरिएको अवस्थामा आन्तरिक प्रशोधनको व्यवस्था निरन्तर गर्नुपर्छ। तर त्यस्तो व्यक्तिले अख्तियारी प्रदान गरिएको व्यक्तिको दायित्व ग्रहण गरेको हुनु गर्दछ।

**१८. सिफारिस गरिएको अभ्यास**

सक्षम निकायले आन्तरिक प्रशोधनको सुविधा प्राप्त गरेको व्यक्तिबाहेक अन्य व्यक्तिबाट गरिने प्रशोधन कार्यका लागि अनुमति दिनुपर्छ। आन्तरिक प्रशोधनका लागि ल्याइएको मालवस्तुको स्वामित्व हस्तान्तरण आवश्यक पर्दैन। तर आन्तरिक प्रशोधन सुविधा प्राप्त व्यक्ति कार्यको समग्र अवधिभर अख्तियारीमा उल्लेख गरिएका सर्तहरूको पालना गर्न भन्सारप्रति उत्तरदायी हुनु पर्दछ।

**१९. मापदण्ड**

आन्तरिक प्रशोधन अन्तर्गत राखिएको मालवस्तु जुन भन्सार कार्यालय हुँदै पैठारी गरिएको थियो, सो भन्सार भन्सार कार्यालयबाहेक अन्य भन्सार कार्यालयमार्फत क्षतिपूर्ति गराउने उत्पादन निकासी गर्न अनुमति दिने व्यवस्था गर्नुपर्नेछ।

## आन्तरिक प्रशोधनको अन्त्य

**(क) निकासी**

**२०. मापदण्ड**

एक वा बढी खेपमा क्षतिपूर्ति गराउने उत्पादनको पैठारीकै अवस्थामा निकासी गरी आन्तरिक प्रशोधनको अन्त्य गर्न अनुमति दिने व्यवस्था गर्नुपर्नेछ।

## २१. मापदण्ड

सम्बन्धित व्यक्तिको अनुरोधमा अधिकारप्राप्त निकायले पैठारी गरिएकै अवस्थामा आन्तरिक प्रशोधन अन्त्य भएपछि मालवस्तु पुनः निकासी गर्न अनुमति दिनेछ ।

## (ख) निष्कासनका अन्य तरीका

## २२. सिफारिस गरिएको अभ्यास

प्रत्येक अवस्थामा लागू हुने सर्त र प्रक्रिया पालना गर्ने गरी पैठारी गरिएको मालवस्तु वा क्षतिपूर्ति गराउने उत्पादनलाई अन्य भन्सार कार्यविधि अन्तर्गत राखी आन्तरिक प्रशोधन निलम्बन गर्ने वा अन्त्य गर्ने व्यवस्था गर्नुपर्छ ।

## २३. सिफारिस गरिएको अभ्यास

राष्ट्रिय कानुनले क्षतिपूर्ति गराउने उत्पादन निकासी नगरिएको अवस्थामा आन्तरिक प्रशोधनका लागि प्रविष्ट गराइएका पैठारी गरिएका मालवस्तुमा लाग्ने पैठारी महसुल र करको रकम भन्दा बढी नहुने गरी पैठारी महसुल र कर निर्धारण गर्नुपर्छ ।

## २४. मापदण्ड

क्षतिपूर्ति गराउने उत्पादन निकासी गरिएको हदसम्म हराएका मालवस्तुको प्रकृतिको परिणाम स्वरूप त्यस्ता मालवस्तुको आन्तरिक प्रशोधन अन्त्य गर्ने व्यवस्था गर्नुपर्छ । तर मालवस्तु हराएको तथ्य भन्सार सन्तुष्ट हुने गरी विधिवत् स्थापित हुनु पर्दछ ।

## २५. सिफारिस गरिएको अभ्यास

यस परिच्छेदको प्रयोजनका लागि मिल्दोजुल्दो मालवस्तुबाट निकालिएको उत्पादनवापत ( सेटिङ्ग अफ) क्षतिपूर्ति गराउने उत्पादन मान्नुपर्छ ।

## २६. सिफारिस गरिएको अभ्यास

मिल्दोजुल्दो मालवस्तुवापत क्षतिपूर्ति गराउने उत्पादन लाई अनुमति दिइएकोमा भन्सारले आन्तरिक प्रशोधनका लागि मालवस्तु पैठारी गर्नुपूर्व क्षतिपूर्ति गराउने उत्पादनको निकासी गर्न अनुमति दिनुपर्छ ।

## विशेष अनुसूची च

## परिच्छेद २

## बाह्य प्रशोधन

**परिभाषा**

यस परिच्छेदको प्रयोजनका लागिः

ई १/एफ२. "क्षतिपूर्ति गराउने उत्पादन" भन्नाले विदेशमा प्राप्त र बाह्य प्रशोधन कार्यविधि प्रयोग गर्न अख्तियारी पाएका मालवस्तुको निर्माण, प्रशोधन वा मर्मतबाट उत्पन्न भएको उत्पादन सम्झनु पर्छ;

ई २/एफ१ "बाह्य प्रशोधन" भन्नाले भन्सार क्षेत्रमा निर्वाध प्रवाहमा रहेका मालवस्तुलाई विदेशमा अस्थायी रूपमा निर्माण, प्रशोधन वा मर्मतका लागि निकासी गर्न सक्ने र त्यसपछि पैठारी महसुल र करबाट पूर्ण वा आंशिक छुट हुने गरी पुनः पैठारी गर्ने सम्बन्धमा लागू हुने भन्सार कार्यविधि सम्झनु पर्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

बाह्य प्रशोधनका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

### प्रयोगको क्षेत्र

**२. सिफारिस गरिएको अभ्यास**

कुनै मुलुकमा मालवस्तु निर्माण, प्रशोधन वा मर्मत गरिएको भन्ने आधारमा मात्र बाह्य प्रशोधनलाई अस्वीकार गर्नु हुँदैन ।

**३. मापदण्ड**

बाह्य प्रशोधनका लागि मालवस्तुको अस्थायी निकासी मालवस्तुको स्वामित्व भएको व्यक्तिमा मात्र सीमित गरिने छैन ।

मालवस्तुलाई बाह्य प्रशोधन अन्तर्गत राख्ने

(क) मालवस्तुको अस्थायी निकासीपूर्वको औपचारिकता

**४. मापदण्ड**

राष्ट्रिय कानुनले बाह्य प्रशोधनका लागि आवश्यक पर्ने पूर्व स्वीकृति लिनुपर्ने अवस्था सूचीकृत गर्ने र त्यस्तो स्वीकृति प्रदान गर्ने अधिकार भएको निकाय तोक्ने व्यवस्था गर्नेछ। त्यस्ता अवस्था सम्भव भएसम्म कम हुनेछन्।

**५. सिफारिस गरिएको अभ्यास**

नियमित रूपमा बाह्य प्रशोधन कार्य सञ्चालन गर्ने व्यक्तिको अनुरोधमा निजलाई त्यस्तो सञ्चालनलाई समेट्ने गरी सामान्य अख्तियारी प्रदान गर्नुपर्छ।

**६. सिफारिस गरिएको अभ्यास**

सक्षम निकायले आवश्यक देखेमा वा सञ्चालन कार्य सहजीकरण गर्ने भएमा बाह्य प्रशोधन सञ्चालनको प्रतिफलको दर तोक्नु पर्नेछ। सो दर तोक्दा क्षतिपूर्ति गराउने विभिन्न उत्पादनको विवरण, गुणस्तर र परिमाण तोक्नुपर्नेछ।

**(ख) पहिचानका उपाय**

**७. मापदण्ड**

भन्सारले बाह्य प्रशोधनका लागि मालवस्तुको पहिचानसँग सम्बन्धित आवश्यकताहरू तय गर्नुपर्नेछ। यसरी तय गर्दा, मालवस्तुको प्रकृति, सञ्चालन गरिने कार्य र संलग्न हितको महत्वलाई ध्यानमा राख्नुपर्छ।

## भन्सार क्षेत्र बाहिर मालवस्तु राख्ने

**८. मापदण्ड**

भन्सारले प्रत्येक अवस्थामा बाह्य प्रशोधनका लागि समयसीमा तोक्नेछ।

**९. सिफारिस गरिएको अभ्यास**

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले कारण उचित देखेमा भन्सारले पहिले तय गरेको समयावधि थप गर्नुपर्छ।

## क्षतिपूर्ति गराउने मालवस्तुको पैठारी

### १०. सिफारिस गरिएको अभ्यास

बाह्य प्रशोधनका लागि मालवस्तु जुन भन्सार कार्यालय हुँदै अस्थायी रूपमा निकासी गरिएको थियो, सो भन्सार कार्यालयबाहेक अन्य भन्सार कार्यालयमार्फत क्षतिपूर्ति गराउने उत्पादन पैठारी गर्न अनुमति दिने व्यवस्था गर्नुपर्नेछ ।

### ११. मापदण्ड

क्षतिपूर्ति गराउने उत्पादनलाई एक वा बढी खेपमा पैठारी गर्न अनुमति दिने व्यवस्था गरिनेछ ।

### १२. मापदण्ड

सम्बन्धित व्यक्तिको अनुरोधमा सक्षम निकायले बाह्य प्रशोधनका लागि अस्थायी रूपमा निकासी गरेको मालवस्तु सोही अवस्थामा फिर्ता ल्याइने भएमा पैठारी महसुल र कर छुट हुने गरी त्यस्ता मालवस्तुको पुनः पैठारी गर्न अनुमति दिनुपर्छ ।

यस्तो छुट बाह्य प्रशोधनका लागि अस्थायी रूपमा निकासी गरिएको मालवस्तुको सम्बन्धमा पुनः भुक्तानी गरिएको वा छुट दिइएको पैठारी महसुल र करका हकमा लागू हुने छैन ।

### १३. मापदण्ड

राष्ट्रिय कानुनले बाह्य प्रशोधनका लागि अस्थायी रूपमा निकासी गरेको मालवस्तु पुनः पैठारी गर्नुपर्ने व्यवस्था नगरेकोमा त्यस्तो अवस्थामा लागू हुने सर्त र औपचारिकता पालन गर्नुपर्ने गरी सीधै निकासीका लागि मालवस्तु घोषणा गरी बाह्य प्रशोधन अन्त्य गर्ने व्यवस्था गरिनेछ ।

## क्षतिपूर्ति गराउने उत्पादनमा लागू हुने महसुल र कर

### १४. मापदण्ड

राष्ट्रिय कानुनले क्षतिपूर्ति गराउने उत्पादन आन्तरिक उपभोग गरिने अवस्थामा प्रदान गरिएको पैठारी महसुल र कर छुटको दायरा र त्यस्तो छुट गणना गर्ने तरिका तोक्नेछ ।

### १५. मापदण्ड

क्षतिपूर्ति गराउने उत्पादन सम्बन्धमा व्यवस्था गरिएको पैठारी महसुल र करमा दिइएको छुट बाह्य प्रशोधनका लागि अस्थायी रूपमा निकासी गरिएको मालवस्तुको सम्बन्धमा पुनः भुक्तानी गरिएको वा छुट दिइएकोमा पैठारी महसुल र करका हकमा लागू हुने छैन ।

## १६. सिफारिस गरिएको अभ्यास

बाह्य प्रशोधनका लागि अस्थायी रूपमा निकासी गरिएको मालवस्तुको बिना शुल्क विदेशमा मर्मत गरिएकोमा त्यस्तो मालवस्तुलाई राष्ट्रिय कानुनले तय गरेको सर्त अन्तर्गत पैठारी महसुल र करबाट पूर्ण छुट दिई पुनः पैठारी गर्न सकिने गरी व्यवस्था गर्नुपर्नेछ ।

## १७. सिफारिस गरिएको अभ्यास

आन्तरिक उपभोगका लागि घोषणा हुनुपूर्व अन्य भन्सार कार्यविधि अन्तर्गत राखिएको क्षतिपूर्ति गराउने उत्पादनमा पैठारी महसुल र कर छुट प्रदान गर्नुपर्छ ।

## १८. सिफारिस गरिएको अभ्यास

आन्तरिक उपयोग लागि लगनुअगाडि क्षतिपूर्ति गराउने उत्पादनको स्वामित्व हस्तान्तरण गरिएमा पैठारी महसुल र करबाट छुट प्रदान गर्नुपर्छ ।

## विशेष अनुसूची च

## परिच्छेद ३

### फिर्ता

यस परिच्छेदको प्रयोजनका लागिः

ई१/एफ १."फिर्ता" भन्नाले फिर्ता कार्यविधि अन्तर्गत चुक्ता गरिने पैठारी महसुल र करको मात्रा सम्झनु पर्छ;

ई२/एफ ३."फिर्ता कार्यविधि" भन्नाले मालवस्तु निकासी गरिएकोमा मालवस्तु वा त्यसमा भएका सामग्री वा त्यसको उत्पादनमा उपभोग गरिएकोमा लागेको पैठारी महसुल र कर पुनः भुक्तानी (पूर्ण वा आंशिक) को भन्सार कार्यविधि सम्झनु पर्छ;

ई३/एफ २."मिल्दोजुल्दो मालवस्तु" भन्नाले विवरण, गुणस्तर र प्राविधिक विशेषतामा तिनले विस्थापन गर्ने आन्तरिक प्रशोधनका लागि पैठारी गरिएका मालवस्तुसँग मिल्ने आन्तरिक वा पैठारी गरिएको मालवस्तु सम्झनु पर्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

फिर्ता कार्यविधिका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

### प्रयोगको क्षेत्र

**२. मापदण्ड**

राष्ट्रिय कानुनले फिर्ता दाबी गर्न सकिने अवस्थाहरू सूचीकृत गर्नेछ ।

**३. सिफारिस गरिएको अभ्यास**

राष्ट्रिय कानुनले निकासी गरिने मालवस्तुको उत्पादनमा प्रयोग गरिएका पैठारी महसुल र कर लागेका मालवस्तुलाई मिल्दोजुल्दो मालवस्तुबाट विस्थापित गरिएको अवस्थामा फिर्ता कार्यविधिको प्रयोगका लागि समेत व्यवस्था गर्नुपर्छ ।

## पूरा गर्नुपर्ने सर्त

### ४. मापदण्ड

आन्तरिक उपभोगका लागि मालवस्तुको पैठारी गर्ने समयमा, पैठारीकर्ताले निकासी गर्दाका बखत फिर्ता दाबी गर्ने आशय व्यक्त नगरेको कारणले मात्रै भन्सारले फिर्ता भुक्तानी रोक्नु हुँदैन । त्यसैगरी त्यस्तो घोषणा पैठारी गर्दा नै व्यक्त गरेकोमा निकासीलाई बाध्यात्मक बनाउनु हुँदैन ।

## भन्सार क्षेत्रमा मालवस्तु रहने अवधि

### ५. सिफारिस गरिएको अभ्यास

मालवस्तुको निकासीका लागि समयसीमा तोकिएको र सो समयसीमा नाघेपछि फिर्ताका लागि योग्य नहुने गरी व्यवस्था भएकोमा सो समयसीमा थपगर्न अनुरोध गरिएमा र भन्सारले कारण उचित देखेमा सो समयसीमा थप गर्नुपर्छ ।

### ६. सिफारिस गरिएको अभ्यास

फिर्ता दाबी स्वीकार नगर्ने गरी समयसीमा निश्चित गरिएकोमा, व्यावसायिक वा भन्सारले उचित देखेको अन्य प्रयोजनका लागि सो समयसीमा विस्तार गर्ने व्यवस्था गर्नुपर्छ ।

## फिर्ताको भुक्तानी

### ७. मापदण्ड

दाबी प्रमाणित भइसकेपछि यथाशक्य छिटो फिर्ताको भुक्तानी गर्नुपर्नेछ ।

### ८. सिफारिस गरिएको अभ्यास

राष्ट्रिय कानुनले फिर्ताको भुक्तानी गर्न विद्युतीय रकम स्थानान्तरणको प्रयोग गर्ने व्यवस्था गर्नुपर्छ ।

### ९. सिफारिस गरिएको अभ्यास

भन्सार गोदाममा मालवस्तु राखेपछि वा निःशुल्क क्षेत्रमा मालवस्तु प्रविष्ट गरेपछि मालवस्तु त्यसपछि निकासी गरिने सर्तमा पनि फिर्ताको भुक्तानी गर्नुपर्छ ।

### १०. सिफारिस गरिएको अभ्यास

त्यस्तो अनुरोध भएमा भन्सारले निश्चित समयावधिमा निकासी गरिएको मालवस्तुमा समय-समयमा फिर्ताको भुक्तानी गर्नुपर्छ ।

## विशेष अनुसूची च

## परिच्छेद ४

## आन्तरिक उपयोगका लागि मालवस्तुको प्रशोधन

### परिभाषा

**यस परिच्छेदको प्रयोजनका लागिः**

१. "आन्तरिक उपयोगका लागि मालवस्तुको प्रशोधन" भन्नाले आन्तरिक उपभोगका लागि जाँचपास हुनुअगावै र भन्सार नियन्त्रणअन्तर्गत पैठारी गरिएका मालवस्तुको निर्माण, प्रशोधन वा तिनमा गरिएको कामबाट प्राप्त हुने उत्पादनमा लागू हुने पैठारी महसुल र करको रकम पैठारी गरिएका मालवस्तुमा लागू हुने पैठारी महसुल र करको रकमभन्दा कम भएको हदसम्म त्यस्ता मालवस्तुको निर्माण, प्रशोधन वा तिनमा गरिएको कामका सम्बन्धमा लागू हुने भन्सार कार्यविधि सम्झनु पर्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

आन्तरिक उपयोगका लागि मालवस्तुको प्रशोधनका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

**२. मापदण्ड**

आन्तरिक उपयोगका लागि मालवस्तुको प्रशोधनको प्रकियाको उपलब्धता देहायका सर्तहरूको अधीनमा रहनेछः

- आन्तरिक उपयोगका लागि मालवस्तुको प्रशोधनबाट प्राप्त उत्पादन पैठारी गरिएको मालवस्तुबाट प्राप्त गरिएका उत्पादन हुन् भन्नेमा भन्सार आफू सन्तुष्ट हुन सक्ने भएमा; र

- निर्माण, प्रशोधन वा कामपश्चात् मालवस्तुको मूल अवस्था आर्थिक रूपमा पुनर्स्थापना गर्न नसकिने भएमा ।

## प्रयोगको क्षेत्र

### ३. मापदण्ड

राष्ट्रिय कानुनमा आन्तरिक उपयोगका लागि प्रशोधन गर्न अनुमति दिइएको मालवस्तुको प्रकार र सञ्चालन उल्लेख गरिनेछ ।

### ४. मापदण्ड

आन्तरिक उपयोगका लागि मालवस्तुको प्रशोधनको व्यवस्था विदेशबाट सीधा पैठारी गरिएको मालवस्तुका हकमा सीमित नगरी अन्य भन्सार कार्यविधि अन्तर्गत राखिसकिएको मालवस्तुका हकमा समेत उपलब्ध गराइनेछ ।

### ५. मापदण्ड

आन्तरिक उपयोगका लागि मालवस्तुको प्रशोधन गर्ने अधिकार पैठारी गरिएको मालवस्तुको धनीका हकमा मात्र सीमित गरिने छैन ।

### ६. सिफारिस गरिएको अभ्यास

नियमित रूपमा घरायसी प्रयोगका लागि मालवस्तुको प्रशोधन गर्ने व्यक्तिले अनुरोध गरेमा त्यस्तो व्यक्तिलाई त्यस्तो काम समेट्ने सामान्य अख्तियारी प्रदान गर्नुपर्नेछ ।

## आन्तरिक उपयोगका लागि मालवस्तुको प्रशोधनको अन्त्य

### ७. मापदण्ड

प्रशोधनबाट प्राप्त उत्पादनको आन्तरिक उपयोगका लागि जाँचपास भएपछि आन्तरिक उपयोगका लागि मालवस्तुको प्रशोधनको अन्त्य हुनेछ ।

### ८. मापदण्ड

परिस्थितिबाट पुष्टि भएकोमा र सम्बन्धित व्यक्तिले अनुरोध गरेमा भन्सारले निर्माण, प्रशोधन वा कामबाट प्राप्त उत्पादनलाई अन्य भन्सार कार्यविधि अन्तर्गत राखिएकोमा प्रत्येक अवस्थामा लागू हुने सर्त र औपचारिकताको परिपालनाको अधीनमा रही कारबाहीको अन्त्य अनुमोदन गर्नेछ ।

### ९. मापदण्ड

आन्तरिक उपयोगका लागि मालवस्तुको प्रशोधनबाट प्राप्त कुनै पनि फोहर वा अवशेषको घरायसी प्रयोगका लागि जाँचपास गरिएको भएमा त्यस्तो फोहर वा अवशेषमा सो अवस्थामा पैठारी गरिएका फोहर वा अवशेषमा लाग्ने पैठारी महसुल र कर लाग्नेछ ।

# विशेष अनुसूची छ

## अस्थायी पैठारी

## परिच्छेद १

## अस्थायी पैठारी

### परिभाषा

यस परिच्छेदको प्रयोजनका लागि:

१. "अस्थायी पैठारी" भन्नाले पैठारी महसुल र कर भुक्तानीबाट पूर्ण वा आंशिक रूपमा ससर्त राहत दिइएका निश्चित मालवस्तु भन्सार क्षेत्रमा ल्याउने सम्बन्धमा लागू हुने भन्सार कार्यविधि सम्झनु पर्छ। त्यस्ता मालवस्तु निश्चित उद्देश्यका लागि पैठारी गरिएको हुनुपर्छ र तिनको प्रयोगको कारणबाट हुने सामान्य ह्रासबाहेक अन्य कुनै पनि परिवर्तन नगरी निश्चित समयावधिभित्र पुनः निकासी गर्ने उद्देश्य रहेको हुनुपर्छ।

### सिद्धान्त

**१. मापदण्ड**

अस्थायी पैठारीका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन्।

### प्रयोगको क्षेत्र

**२. मापदण्ड**

राष्ट्रिय कानुनले अस्थायी पैठारी गर्न सकिने अवस्था उल्लेख गर्नेछ।

**३. मापदण्ड**

राष्ट्रिय कानुनले राहत आंशिक मात्र हुनसक्ने भनी उल्लेख गरेको बाहेकका मामिलामा अस्थायी रूपमा पैठारी गराइएका मालवस्तुका हकमा पैठारी महसुल र करबाट पूर्ण ससर्त राहत उपलब्ध गराइनेछ।

**४. मापदण्ड**

अस्थायी पैठारीको व्यवस्था विदेशबाट सीधा पैठारी गरिएको मालवस्तुका हकमा सीमित नगरी अन्य भन्सार कार्यविधि अन्तर्गत राखिसकिएको मालवस्तुका हकमा समेत उपलब्ध गराइनेछ।

## ५. सिफारिस गरिएको अभ्यास

मालवस्तुको उत्पत्तिको मुलुक, मालवस्तु आगमन भएको मुलुक वा गन्तव्यको मुलुकको आधार नलिई अस्थायी पैठारीको अनुमति दिनुपर्छ ।

## ६. मापदण्ड

अस्थायी रूपमा पैठारी गरेका मालवस्तु भन्सार क्षेत्रमा रहँदा तिनको संरक्षण गर्न आवश्यक काम गर्न अनुमति दिनुपर्छ ।

# अस्थायी पैठारी अनुमति पूर्वको प्रक्रिया

## ७. मापदण्ड

राष्ट्रिय कानुनले अस्थायी पैठारीका लागि पूर्व अख्तियारी आवश्यक पर्ने अवस्थाहरू उल्लेख गर्नेछ र त्यस्तो अख्तियारी प्रदान गर्ने अधिकारी तोक्नेछ । त्यस्तो अवस्था सम्भव भएसम्म कम हुनेछन् ।

## ८. सिफारिस गरिएको अभ्यास

भन्सारले अस्थायी पैठारीलाई सहज बनाउने कुनै निश्चित भन्सार कार्यालयमा मात्र मालवस्तु दाखिला गर्नुपर्ने व्यवस्था गर्नुपर्छ ।

## ९. सिफारिस गरिएको अभ्यास

भन्सारले मालवस्तु पुनः निकासी हुनेमा कुनै संशय नभएकोमा मालवस्तुको लिखित घोषणाबिना नै अस्थायी पैठारी अनुमति दिनुपर्छ ।

## १०. सिफारिस गरिएको अभ्यास

संविदाकारी पक्षहरूले अस्थायी पैठारी सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजमा सम्मिलित हुने सम्भाव्यताउपर विचार गर्नुपर्छ, जसले संविदाकारी पक्षहरूलाई राष्ट्रिय भन्सार दस्तावेज र सुरक्षणको सट्टा अन्तर्राष्ट्रिय संगठनबाट जारी गरिएका दस्तावेज र जमानत स्वीकार गर्न सक्षम बनाउनेछ ।

# पहिचान सम्बन्धी उपाय

## ११. मापदण्ड

मालवस्तुको अस्थायी पैठारी त्यस्तो अस्थायी पैठारीको अन्त्य भएपछि मालवस्तु पहिचान गर्न भन्सार सक्षम हुने कुरामा भन्सार सन्तुष्ट हुनुपर्ने सर्तको अधीनमा रहनेछ ।

### १२. सिफारिस गरिएको अभ्यास

अस्थायी पैठारी गराइएका मालवस्तु पहिचान गर्ने प्रयोजनका लागि पहिचान गर्ने व्यावसायिक माध्यमहरू पर्याप्त नभएको अवस्थामा मात्र भन्सारल आफ्नै पहिचानात्मक उपायहरू अपनाउनुपर्छ ।

## पुनः निकासीको समयसीमा

### १३. मापदण्ड

भन्सारले प्रत्येक अवस्थामा अस्थायी पैठारीका लागि समयसीमा तोक्नेछ ।

### १४. सिफारिस गरिएको अभ्यास

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले कारण उपयुक्त देखेकोमा, भन्सारले पहिला तय गरेको समयावधि थप गर्नुपर्छ ।

### १५. सिफारिस गरिएको अभ्यास

अस्थायी पैठारी अनुमति दिइएको मालवस्तु निजी व्यक्तिले दायर गरेको मुद्दामा गरिएको जफतबाहेकका जफतको फलस्वरूप पुनः निकासी गर्न नसकिने भएमा, जफतको अवधिका लागि पुनः निकासी गर्नुपर्ने व्यवस्था निलम्बन गर्नुपर्छ ।

## अस्थायी पैठारी हस्तान्तरण

### १६. सिफारिस गरिएको अभ्यास

अनुरोध गरिएमा भन्सारले अस्थायी पैठारीको लाभ अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्न अनुमति दिनुपर्छ । तर त्यस्तो अर्को व्यक्तिले:

(क) तोकिएका सर्त पूरा गर्नुपर्छ; र

(ख) अस्थायी पैठारीको पहिलो हिताधिकारीका दायित्व स्वीकार गर्नुपर्छ ।

## अस्थायी पैठारीको अन्त्य

### १७. मापदण्ड

अस्थायी रूपमा पैठारी गराइएका मालवस्तु जुन भन्सार कार्यालयबाट पैठारी गरिएको हो, सो कार्यालयभन्दा अन्य भन्सार कार्यालयबाट ती मालवस्तु पुनः निकासी गर्न अनुमति दिने व्यवस्था गरिनेछ ।

## १८. मापदण्ड

अस्थायी रूपमा पैठारी गराईएका मालवस्तु एक वा सोभन्दा बढी खेपमा पुनः निकासी गर्न अनुमति दिने व्यवस्था गरिनेछ ।

## १९. सिफारिस गरिएको अभ्यास

प्रत्येक अवस्थामा लागू हुने सर्त र औपचारिकताको परिपालनाको अधीनमा रही पैठारी गरिएका मालवस्तुलाई अन्य भन्सार कार्यविधि अन्तर्गत राखी अस्थायी पैठारी निलम्बन वा अन्त्य गर्ने व्यवस्था गर्नुपर्नेछ ।

## २०. सिफारिस गरिएको अभ्यास

अस्थायी पैठारीको समयमा लागू रहेको कुनै निषेध वा प्रतिबन्ध अस्थायी पैठारीको कागजात वैध रहने अवधिमा रद्द भएमा, भन्सारले आन्तरिक उपभोगका लागि जाँचपास गरी अन्त्य गरी पाउन गरिएको अनुरोध स्वीकार गर्नुपर्छ ।

## २१. सिफारिस गरिएको अभ्यास

सुरक्षणको रूपमा नगद दाखिला गरिएको अवस्थामा पुनः निकासीको कार्यालयबाट मालवस्तु पैठारी नगरिएको भए तापनि सो कार्यालयमा पुनः भुक्तानी हुने व्यवस्था गर्नुपर्छ ।

## अस्थायी पैठारीका अवस्थाहरू

## (क) पैठारी महसुल र करबाट पूर्ण सर्तयुक्त राहत

## २२. सिफारिस गरिएको अभ्यास

२६ जुन १९९० को अस्थायी पैठारी सम्बन्धी महासन्धि (इस्तानबुल महासन्धि) का देहायका अनुसूचीमा उल्लेख गरिएका मालवस्तुका हकमा पैठारी महसुल र करबाट पूर्ण सर्तयुक्त राहत पाउने गरी अस्थायी पैठारीको व्यवस्था गर्नुपर्छः

(१) अनुसूची ख.१. मा उल्लेख गरिएको “प्रदर्शनी, मेला, बैठक वा अन्य त्यस्तै अवसरमा प्रदर्शन वा प्रयोग गरिने मालवस्तु”

(२) अनुसूची ख.२. मा उल्लेख गरिएको “व्यावसायिक उपकरण”

(३) अनुसूची ख.३. मा उल्लेख गरिएको “व्यावसायिक सञ्चालनसँग सम्बन्धित पैठारी गरिएका कन्टेनर, पट्टिका, प्याकिङ, नमुना र अन्य मालवस्तु”

(४) अनुसूची ख.५. मा उल्लेख गरिएको “शैक्षिक, वैज्ञानिक वा सांस्कृतिक उद्देश्यका लागि पैठारी गरिएको मालवस्तु”

(५) अनुसूची ख.६. मा उल्लेख गरिएको “यात्रुहरूको व्यक्तिगत प्रयोग र खेलकुद उद्देश्यका लागि पैठारी गरिएको मालवस्तु”

(६) अनुसूची ख.७. मा उल्लेख गरिएको “पर्यटनका लागि प्रचारप्रसार सामग्री”

(७) अनुसूची ख.८. मा उल्लेख गरिएका “सीमा ट्राफिकको रूपमा पैठारी गरिएको मालवस्तु”

(८) अनुसूची ख.९. मा उल्लेख गरिएका “मानवीय उद्देश्यका लागि पैठारी गरिएको मालवस्तु”

(९) अनुसूची ग मा उल्लेख गरिएका “ढुवानीका साधन”

(१०) अनुसूची घ मा उल्लेख गरिएका “जनावर”

## (ख) पैठारी महसुल र करबाट आंशिक सर्तयुक्त राहत

### २३. सिफारिस गरिएको अभ्यास

सिफारिस गरिएको अभ्यास २२ मा समावेश नगरिएका मालवस्तु र पूर्ण सर्तयुक्त राहतका सर्त पूरा नगरेका सिफारिस गरिएको अभ्यास २२ मा उल्लिखित मालवस्तुका हकमा पैठारी महसुल र करबाट कम्तीमा पनि आंशिक सर्तयुक्त राहतसहितको अस्थायी पैठारी अनुमति दिनुपर्छ ।

# विशेष अनुसूची ज

## कसूर

## परिच्छेद १

## भन्सार सम्बन्धी कसूर

**परिभाषा**

यस परिच्छेदको प्रयोजनका लागि:

१. "भन्सार सम्बन्धी कसूरको प्रशासनिक समाधान" भन्नाले भन्सारले आदेश वा मिलापत्रका माध्यमबाट भन्सार सम्बन्धी कसूर समाधान गर्न सक्ने गरी राष्ट्रिय कानुनले तय गरेको कार्यविधि सम्झनुपर्छ;

२. "मिलापत्रद्वारा समाधान" भन्नाले भन्सार सम्बन्धी कसूरमा मुछिएका व्यक्तिले निश्चित सर्त परिपालनाको अधीनमा रही त्यस्तो कसूर सम्बन्धमा कारबाही अवलम्बन गर्न नपर्ने गरी भन्सारले अनुमति दिन सक्ने गरी गरिएको सम्झौता सम्झनुपर्छ;

३. "भन्सार सम्बन्धी कसूर" भन्नाले भन्सार कानुनको उल्लंघन वा उल्लंघन गर्ने प्रयास सम्झनुपर्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

भन्सारबाट गरिने भन्सार सम्बन्धी कसूरको अनुसन्धान, ठहर र प्रशासनिक समाधानका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

**२. मापदण्ड**

राष्ट्रिय कानुनले भन्सार सम्बन्धी कसूर परिभाषित गर्ने र ती कसूरको अनुसन्धान, ठहर र उपयुक्तता अनुसार प्रशासनिक समाधान गर्न सकिने अवस्थाहरू तोक्नेछ ।

## प्रयोगको क्षेत्र

**३. मापदण्ड**

राष्ट्रिय कानुनले भन्सार सम्बन्धी कसूर भएमा तत्सम्बन्धमा उत्तरदायी बनाउन सकिने व्यक्तिहरू तोक्नेछ ।

**४. मापदण्ड**

राष्ट्रिय कानुनले भन्सार सम्बन्धी कसूरका सम्बन्धमा कारबाही चलाइसक्नुपर्ने हदम्याद र सो हदम्याद सुरु हुने मिति तोक्नेछ ।

## भन्सार सम्बन्धी कसूरको अनुसन्धान र ठहर

**५. मापदण्ड**

राष्ट्रिय कानुनले भन्सारले देहायका काम गर्नसक्ने अवस्थाहरू तोक्नेछः

- मालवस्तु र ढुवानी साधनको जाँच;
- कागजात र पत्राचार पेस गर्न लगाउने;
- कम्प्युटर डाटाबेसमा पहुँच पाउने;
- व्यक्ति र परिसरको खानतलासी गर्न; र
- प्रमाण सुरक्षित गर्न ।

**६. मापदण्ड**

तस्करी वा गम्भीर मानिने अन्य भन्सार सम्बन्धी कसूर गरेको शंका गर्नुपर्ने मुनासिव कारण भएमा मात्र भन्सार प्रयोजनका लागि व्यक्तिगत खानतलासी गरिनेछ ।

**७. मापदण्ड**

तस्करी वा गम्भीर मानिने अन्य भन्सार सम्बन्धी कसूर गरेको शंका गर्नुपर्ने मुनासिव कारण नभएमा भन्सारले परिसरको खानतलासी गर्नेछैन ।

## ८. मापदण्ड

भन्सारले यथाशीघ्र सम्बन्धित व्यक्तिलाई आरोपित कसूरको प्रकृति, उल्लंघन भएकोमा हुनसक्ने कानुनी व्यवस्था र उपयुक्तता अनुसार सम्भावित सजायको जानकारी दिनेछ।

## भन्सार सम्बन्धी कसूर भएको देखिएमा अपनाउनुपर्ने कार्यविधि

## ९. मापदण्ड

भन्सारले भन्सार सम्बन्धी कसूर भएको पत्ता लगाएकोमा अपनाउनुपर्ने कार्यविधि र अवलम्बन गर्न सकिने उपायहरूका बारेमा राष्ट्रिय कानुनले व्यवस्था गर्नेछ।

## १०. सिफारिस गरिएको अभ्यास

भन्सारले भन्सार सम्बन्धी कसूरका विवरणहरू र कसूरको जाहेरी, प्रतिवेदन वा प्रशासनिक अभिलेखका सम्बन्धमा अपनाइएका उपायहरू तोक्नेछ।

## मालवस्तु वा ढुवानीका साधन जफत गर्ने वा हिरासतमा राख्ने सम्बन्धी

## ११. मापदण्ड

भन्सारले देहायका अवस्थामा मात्र मालवस्तु र ढुवानीका साधन कब्जा गर्नेछः

- तिनीहरू जफत वा कब्जा हुने भएमा; वा
- कारबाहीको कुनै पछिल्लो चरणमा तिनलाई प्रमाणको रूपमा पेस गर्न आवश्यक पर्ने भएमा।

## १२. मापदण्ड

भन्सार सम्बन्धी कसूर खेपको अंशसँग मात्र सम्बन्धित भएमा सो अंश मात्र जफत वा कब्जा गरिनेछ। तर बाँकी रहेको खेपले कसूर गर्नमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग नगरेको कुरामा भन्सार सन्तुष्ट हुनुपर्छ।

## १३. मापदण्ड

भन्सारले मालवस्तु र ढुवानीको साधन जफत गरेको वा हिरासतमा राखेकोमा भन्सारले देहायका विवरण खुलाइएको कागजात सम्बन्धित व्यक्तिलाई दिनुपर्छः

- जफत गरिएको वा हिरासतमा राखिएको मालवस्तु र ढुवानीको साधनको विवरण र परिमाण;
- जफत वा हिरासतको कारण;
- कसूरको प्रकृति ।

## १४. सिफारिस गरिएको अभ्यास

भन्सारले पर्याप्त सुरक्षण लिएर जफत गरिएको वा हिरासतमा राखिएको मालवस्तु फुकुवा गर्नुपर्छ । तर ती मालवस्तु कुनै निषेध वा प्रतिबन्धको अधीनमा नरहेको वा कारबाहीको कुनै पछिल्लो चरणमा प्रमाणको रूपमा पेस गर्न आवश्यक नभएको हुनुपर्छ ।

## १५. सिफारिस गरिएको अभ्यास

देहायका कुरामा भन्सार सन्तुष्ट भएमा भन्सार सम्बन्धी कसूर गर्न प्रयोग गरिएको ढुवानीको साधनलाई भन्सारले जफत वा हिरासतबाट मुक्त गरिदिनुपर्छ :

- मालवस्तु लुकाउने उद्देश्यका लागि ढुवानीको साधन कुनै पनि तवरले निर्माण, अनुकुलन वा हेरफेर वा जडान नगरिएको; र
- ढुवानीको साधन कारबाहीको कुनै पछिल्लो चरणमा प्रमाणको रूपमा पेस गर्न आवश्यक नभएको; र
- आवश्यक भएमा पर्याप्त सुरक्षण दिन सकिने ।

## १६. सिफारिस गरिएको अभ्यास

देहायको अवस्थामा मात्र ढुवानीको साधन जफत वा कब्जा गर्नुपर्छ:

- मालिक, सञ्चालक वा जिम्मेवार व्यक्ति सो समयमा भन्सार कसूर गर्न सहमति दिने पक्ष वा सघाउने व्यक्ति भएमा वा निजले सो कसूर हुनबाट रोक्न सबै मुनासिव कदमहरू नचालेको; वा
- मालवस्तु लुकाउने प्रयोजनका लागि ढुवानीको साधन विशेष रूपले निर्माण, अनुकूलन वा हेरफेर गरिएको वा कुनै पनि किसिमले जडान गरिएको; र
- विशेष रूपमा अनुकूलन वा हेरफेर गरिएको ढुवानीको साधनको पुनः स्थापना सम्भव नभएको ।

## १७. सिफारिस गरिएको अभ्यास

मालवस्तु सडीगली जाने भएमा वा तिनको प्रकृतिको कारणले गर्दा भन्सारले तिनलाई भण्डारण गर्न अव्यावहारिक भएमा बाहेक कब्जा गरिएका वा हिरासतमा राखिएका मालवस्तु कब्जा वा जफत गरिएको भनी निश्चित रूपमा स्थापित हुनुभन्दा अघि वा राजस्वमा दाखिला गर्नुभन्दा अघि भन्सारले त्यस्ता मालवस्तु बिक्री गर्नु वा अन्य किसिमले विसर्जन गर्नु हुँदैन ।

## व्यक्तिलाई हिरासतमा राख्ने

## १८. मापदण्ड

राष्ट्रिय कानुनले व्यक्तिको हिरासतका सम्बन्धमा भन्सारको अधिकार उल्लेख गर्नेछ र त्यसरी हिरासतमा राख्न सकिने अवस्थाहरू खासगरी कति समयपछि हिरासत न्यायिक अधिकारीबाट पुनरावलोकन गर्न सकिने हो भन्नेसम्बन्धी सर्तहरू तोक्नेछ ।

## भन्सार सम्बन्धी कसूरको प्रशासनिक समाधान

## १९. मापदण्ड

भन्सार सम्बन्धी कसूर भएको पत्ता लागेपछि यथाशीघ्र, उपयुक्तता अनुसार, देहायको विषय प्रत्याभूत गर्न भन्सारले आवश्यक उपायहरू अपनाउनेछ:

- भन्सार सम्बन्धी कसूरको प्रशासनिक समाधान सुरु गरिएको; र
- सम्बन्धित व्यक्तिलाई समाधानका सर्त र अवस्था, पुनरावेदन सुन्ने निकाय र पुनरावेदनको म्यादसम्बन्धी जानकारी दिइएको ।

## २०. सिफारिस गरिएको अभ्यास

मालवस्तुको जाँचपास गर्दाका बखत सामान्य महत्वको गनिने भन्सार सम्बन्धी कसूर पत्ता लागेमा त्यसरी पत्ता लगाउने भन्सार कार्यालयबाट त्यस्तो कसूर समाधान गर्न सम्भव हुनुपर्छ ।

## २१. सिफारिस गरिएको अभ्यास

यात्रुले सामान्य भन्सार सम्बन्धी कसूर गरेको मानिएमा त्यस्तो कसूर पत्ता लगाउने भन्सार कार्यालयबाट अविलम्ब त्यस्तो कसूर समाधान गर्न सम्भव हुनुपर्छ ।

## २२. मापदण्ड

राष्ट्रिय कानुनले प्रशासनिक समाधानबाट सम्बोधन गर्न सकिने प्रत्येक किसिमको भन्सार सम्बन्धी कसूरमा लागू हुने सजाय उल्लेख गर्नेछ र तिनलाई लागू गर्ने अधिकारसम्पन्न भन्सार कार्यालय तोक्नेछ ।

## २३. मापदण्ड

भन्सार कसूरको प्रशासनिक समाधानमा लागू हुने सजायको गम्भीरता वा कसूरको परिमाण त्यसको संवेदनशीलता वा सजायको महत्वमा र सम्बन्धित व्यक्तिको भन्सारसँगको कारोबारको अभिलेखमा निर्भर रहनेछ ।

## २४. मापदण्ड

मालवस्तु घोषणामा झूटो विवरण पेस गरिएको र घोषणाकर्ताले सही र ठीक सूचना प्रदान गर्न सबै मुनासिव कदमहरू अपनाइएको देखाउन सकेको अवस्थामा भन्सारले सो कुरालाई ध्यानमा राखेर सजाय तोक्नेछ ।

## २५. मापदण्ड

काबुबाहिरको परिस्थिति वा सम्बन्धित व्यक्तिको नियन्त्रणभन्दा बाहिरको परिस्थितिको कारणले भन्सार सम्बन्धी कसूर हुन पुगेकोमा निजको तर्फबाट कुनै हेलचेक्र्याइँ वा गलत नियत नभएकोमा कुनै सजाय गरिने छैन । तर भन्सार सन्तुष्ट हुने गरी सबै तथ्यहरू विधिवत् स्थापित भएको हुनु पर्दछ ।

## २६. मापदण्ड

जफत गरिएका वा हिरासतमा राखिएका मालवस्तु वा लाग्ने महसुल र कर तथा अन्य सबै शुल्क र खर्च घटाई बाँकी रहेको त्यस्तो मालवस्तुको बिक्रीबाट प्राप्त रकम:

- भन्सार सम्बन्धी कसूर निश्चित रूपमा समाधान भएपछि प्राप्त गर्ने हक भएको व्यक्तिलाई अविलम्ब हस्तान्तरण गरिनेछ; वा
- सो सम्भव नभएमा, तोकिएको अवधिसम्म तिनको नियन्त्रणमा राखिनेछ ।

तर समाधानको फलस्वरूप ती मालवस्तु कब्जा वा जफत भएको वा राजस्व दाखिला गरिएको हुनु हुँदैन ।

# पुनरावेदनको अधिकार

## २७. मापदण्ड

प्रशासनिक समाधानमा लगिएको भन्सार सम्बन्धी कसूरको आरोप लागेको कुनै पनि व्यक्तिले मिलापत्रद्वारा समाधान स्वीकार गरेको अवस्थामा बाहेक निजलाई भन्सार अधीनस्थ नरहेको स्वतन्त्र अधिकारीसमक्ष पुनरावेदन गर्ने अधिकार हुनेछ ।

## विशेष अनुसूची झ

## विशेष प्रक्रिया

## परिच्छेद १

## यात्रु

### परिभाषा

यस परिच्छेदको प्रयोजनका लागि:

१. "द्विमार्ग प्रवेश प्रणाली" भन्नाले सरलीकृत भन्सार नियन्त्रण प्रणाली हो, जसले आगमनमा यात्रुहरूलाई घोषणा गर्न दुई वटा मार्गहरूबीच छनौट गर्ने अनुमति दिन्छ । हरियो संकेत भएको पहिलो मार्ग शुल्क मुक्त हुने परिमाण वा मूल्यमा नबढ्ने र पैठारी निषेध वा प्रतिबन्ध नगरिएका मालवस्तु ल्याएका यात्रुहरूको प्रयोगका लागि उपलब्ध हुन्छ । रातो संकेतको अर्को मार्ग अन्य यात्रुहरूको प्रयोगका लागि उपलब्ध हुन्छ;

२ "निजी प्रयोगको ढुवानी साधन" भन्नाले भाडा लिई वा नलिई औद्योगिक वा व्यावसायिक ढुवानीको साधन र भाडामा मानिस ओसार्ने यातायातका साधनबाहेकका नितान्त व्यक्तिगत प्रयोगका लागि सम्बन्धित व्यक्तिबाट पैठारी वा निकासी गरिएका सडक सवारी साधन तथा ट्रेलर, डुंगा र वायुयान एवं तिनको अतिरिक्त पुर्जा र सामान्य सामान तथा उपकरण सम्झनु पर्छ;

३. "यात्रु" भन्नाले देहायका व्यक्ति सम्झनु पर्दछ :

(१) स्थायी रूपमा सामान्यतया आफू नबस्ने (गैरआवासीय) कुनै मुलुकको इलाकामा अस्थायी रूपमा प्रवेश गर्ने वा त्यस्तो इलाकाबाट बाहिर जाने कुनै पनि व्यक्ति; र

(२) सामान्यतया स्थायी रूपमा आफू बस्ने मुलुकको इलाका छोड्ने ("प्रस्थान गर्ने वासिन्दा") वा त्यस्तो इलाकामा फर्कने कुनै व्यक्ति ("फर्कने वासिन्दा");

४. "निजी प्रयोगका मालसामान" भन्नाले व्यावसायिक प्रयोजनका लागि पैठारी वा निकासी गरिएका मालवस्तुबाहेक यात्राका सबै परिस्थितिलाई ध्यानमा राखी यात्राको अवधिभर निजको व्यक्तिगत प्रयोगका लागि निजलाई मुनासिव रूपमा आवश्यक पर्नसक्ने सबै मालसामान (नयाँ वा प्रयोग भएका) सम्झनुपर्छ;

५.	"अस्थायी पैठारी" भन्नाले पैठारी महसुल र कर भुक्तानीबाट ससर्त राहत दिइएका निश्चित मालवस्तु भन्सार क्षेत्रमा ल्याउने सम्बन्धमा लागू हुने भन्सार कार्यविधि सम्झनु पर्छ । त्यस्ता मालवस्तु निश्चित उद्देश्यका लागि पैठारी गरिएको हुनुपर्छ र तिनको प्रयोगको कारणबाट हुने सामान्य ह्रासबाहेक अन्य कुनै पनि परिवर्तन नगरी निश्चित समयावधिभित्र पुनः निकासी गर्ने उद्देश्य रहेको हुनुपर्छ ।

## सिद्धान्त

### १. मापदण्ड

यात्रुका हकमा लागू हुने भन्सार सुविधाका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

### २. मापदण्ड

यस परिच्छेदमा उल्लेख गरिएका भन्सार सुविधा यात्रुको नागरिकता र राष्ट्रियता जेसुकै भए तापनि लागू हुनेछ ।

## प्रयोगको क्षेत्र

### ३. मापदण्ड

भन्सारले यात्रुहरूसँग सम्बन्धित भन्सार औपचारिकता पूरा गर्नका लागि भन्सार कार्यालयहरू तोक्नेछ । यी कार्यालयहरूको क्षमता तथा स्थान र कारोबारको समय निर्धारण गर्दा भन्सारले खासगरी भौगोलिक अवस्था र यात्रु आवागमनको परिमाणलाई ध्यानमा राख्नेछ ।

### ४. मापदण्ड

उपयुक्त भन्सार नियन्त्रणको अधीनमा रही, व्यक्तिगत प्रयोगका लागि आफ्नो सवारी साधनबाट राष्ट्रभित्र आउने वा राष्ट्रबाहिर जाने यात्रुहरूलाई सामान्य हिसाबमा यात्रा गरिरहेको सवारी साधन नछोडीकन नै सबै आवश्यक भन्सार औपचारिकता पूरा गर्न अनुमति दिनुपर्नेछ ।

### ५. सिफारिस गरिएको अभ्यास

व्यावसायिक प्रयोगका लागि सडक सवारीबाट वा रेलबाट राष्ट्रभित्र आउने वा राष्ट्र बाहिर जाने यात्रुहरूलाई सामान्य हिसावमा यात्रा गरिरहेको सवारी साधन नछोडीकन नै सबै आवश्यक भन्सार औपचारिकता पूरा गर्न अनुमति दिनुपर्नेछ ।

## ६. सिफारिस गरिएको अभ्यास

यात्रुहरूको भन्सार नियन्त्रण तथा तिनीहरूले ल्याएका मालवस्तुको जाँचपास र उपयुक्तता अनुसार व्यक्तिगत प्रयोगका लागि तिनका सवारी साधनका लागि द्विमार्ग प्रवेश प्रणालीको प्रयोग गर्नुपर्छ।

## ७. सिफारिस गरिएको अभ्यास

प्रयोग गरिएको सवारी साधनको प्रकार जेजस्तो भए तापनि, भन्सार प्रयोजनका लागि यात्रुहरू वा तिनीहरूसँग भएका झोलाहरूको छुट्टै सूची आवश्यक पर्दैन।

## ८. सिफारिस गरिएको अभ्यास

भन्सारले अन्य निकाय र व्यापारसँगको सहकार्यमा यात्रुहरूको भन्सार नियन्त्रण र उनीहरूले ल्याएका मालवस्तुको जाँचपास सहजीकरण गर्न अन्तर्राष्ट्रिय रूपमा स्तरीकृत अग्रिम यात्रु जानकारी उपलब्ध भएमा प्रयोग गर्ने प्रयत्न गर्नुपर्छ।

## ९. सिफारिस गरिएको अभ्यास

यात्रुहरूलाई आफसँग ल्याएका मालवस्तुको सम्बन्धमा मौखिक घोषणा गर्न अनुमति दिनुपर्छ। तर यात्रुले ल्याएका मालवस्तु व्यापारिक प्रकृतिको पैठारी वा निकासी भएमा वा राष्ट्रिय कानुनमा तोकिएको मूल्य वा परिमाणको सीमाभन्दा बढी मूल्यको वा परिमाणको भएमा भन्सारले त्यस्ता मालवस्तुका हकमा लिखित वा विद्युतीय घोषणा गर्न लगाउन सक्छ।

## १०. मापदण्ड

भन्सार नियन्त्रणको प्रयोजनका लागि अपवादजनक अवस्थामा मात्र र तस्करी वा अन्य कसूरको शंका गर्ने मुनासिव आधार भएकोमा मात्र यात्रुहरूको व्यक्तिगत खानतलासी गर्नुपर्छ।

## ११. मापदण्ड

देहायका अवस्थाहरूमा, भन्सारबाट तोकिएका सर्तहरूको अधीनमा रही राष्ट्रिय कानून बमोजिम उपयुक्त भन्सार कार्यविधि अन्तर्गत जाँचपास, पुनः निकासी वा अन्य विसर्जन नभएसम्म यात्रुले ल्याएका मालवस्तु भण्डारण गरिने वा राखिने छः

- यात्रुको अनुरोधमा;
- सम्बन्धित मालवस्तु तुरुन्तै जाँचपास गर्न नसकिने भएमा; वा
- यस परिच्छेदका अन्य व्यवस्थाहरू त्यस्ता मालवस्तुका हकमा लागू नहुने भएमा।

## १२. मापदण्ड

आफ्नो साथमा नरहेको गुन्टा, झिटी, भारी (अर्थात् यात्रु आउनुभन्दा अगाडि वा पछाडि आएको वा जाने गुन्टा, झिटी, भारी) को जाँचपास आफ्नो साथमा रहेको गुन्टा, झिटी, भारीका हकमा लागू हुने कार्यविधि अन्तर्गत वा अर्को सरलीकृत भन्सार कार्यविधि अन्तर्गत गरिनेछ ।

## १३. मापदण्ड

यात्रुको तर्फबाट कुनै पनि अधिकृत व्यक्तिलाई आफू आउनुभन्दा अघि वा पछि ल्याएको वा पठाएको गुन्टा, झिटी, भारी जाँचपासका लागि पेस गर्न अनुमति दिइनेछ ।

## १४. सिफारिस गरिएको अभ्यास

यात्रुहरूका हकमा लागू हुने सुविधा अन्तर्गतको निजी प्रयोगका लागि घोषणा गरिएको मालवस्तुमा समदर मूल्याङ्कन प्रणाली लागू गर्नुपर्छ। तर सो पैठारी गैरव्यापारिक प्रकृतिको हुनुपर्दछ र त्यस्ता मालवस्तुको कुल मूल्य वा परिमाण राष्ट्रिय कानुनमा उल्लेख गरिएको रकमभन्दा बढी हुनु हुँदैन ।

## १५. सिफारिस गरिएको अभ्यास

सम्भव भएसम्म, क्रेडिट कार्ड वा बैंक कार्डको प्रयोग भन्सारबाट प्रदान गरिने सेवा सुविधाको महसुल तथा करको भुक्तानीको माध्यमको रूपमा स्वीकार्य हुनुपर्छ ।

### प्रवेश

## १६. सिफारिस गरिएको अभ्यास

यात्रुहरूले पैठारी महसुल र करबिना नै पैठारी गर्न पाउने सुर्तीजन्य वस्तु, रक्सी, स्पिरिट र अत्तरको मात्रा देहायभन्दा कम हुनु हुँदैनः

(क) २०० खिल्लि चुरोट वा ५० वटा सिगार वा २५० ग्राम सुर्ती वा यी उत्पादनका कुल २५० ग्राम तौल ननाघ्ने विविध वस्तु;

(ख) २ लिटर रक्सी वा १ लिटर स्पिरिट;

(ग) १/४ लिटर प्रशाधन पानी र ५० ग्राम अत्तर ।

तर सुर्तीजन्य पदार्थ र मादक पदार्थका हकमा प्रदान गरिएको सुविधालाई निश्चित उमेर पुगेका व्यक्तिहरूमा सीमित गर्न सकिनेछ र बारम्बार सीमा ओहोरदोहोर गरिरहने व्यक्ति वा मुलुकबाट २४ घन्टाभन्दा कम अवधिका लागि बाहिर रहेका व्यक्तिका हकमा कम परिमाणमा त्यस्तो सुविधा प्रदान गर्न सकिनेछ ।

## १७. सिफारिस गरिएको अभ्यास

यात्रुहरूलाई पैठारी महसुल र करबिना नै तोकिएको परिमाणमा पैठारी गर्न सकिने उपभोग्य वस्तुका अतिरिक्त पैठारी महसुल र करबिना कुल ७५ स्पेसल ड्रइङ राइट्स (एस.डी.आर.) मूल्यसम्मको नितान्त गैरव्यापारिक प्रकृतिका मालवस्तु पैठारी गर्नसमेत अनुमति दिइनेछ। निश्चित उमेरभन्दा कम उमेरका व्यक्ति वा बारम्बार सीमा ओहोरदोहोर गरिरहने व्यक्ति वा २४ घन्टाभन्दा कम अवधिका लागि मुलुक बाहिर रहेका व्यक्तिका हकमा सोभन्दा कम परिमाण निर्धारण गर्न सकिनेछ।

## १८. मापदण्ड

फर्कने बासिन्दालाई आफ्नो मुलुकबाट प्रस्थान गर्दाको समयमा आफ्नो साथमा लगेका र आफ्नो मुलुकमा खुला सञ्चालनमा रहेका निजी प्रयोगका मालसामान र निजी प्रयोगका ढुवानीको साधनको पैठारीमा महसुल र कर नलाग्ने गरी पुनः पैठारी गर्न अनुमति दिइनेछ।

## १९. मापदण्ड

भन्सारले देहायको अवस्थामा बाहेक गैरआवासीय व्यक्तिको निजी मालसामानको अस्थायी प्रवेशका लागि भन्सार कागजात वा सुरक्षण पेस गर्न लगाउने छैनः

- ती मालसामान राष्ट्रिय कानुनले तय गरको मूल्य र परिमाणको सीमाभन्दा बढी भएमा; वा
- भन्सारले ती मालसामानका हकमा राजस्वको जोखिम देखेमा।

## २०. मापदण्ड

लत्ताकपडा, प्रशाधनका वस्तु र स्पष्ट रूपमा व्यक्तिगत प्रकृतिका अन्य मालसामानका अतिरिक्त देहायका मालसामान समेत गैरआवासीय व्यक्तिका निजी मालसामान मानिनेछन्:

- व्यक्तिगत गरगहना;
- मुनासिव माफिकको फिल्म, टेप र तिनका अन्य आवश्यकीय सामग्रीसमेत स्थिर र चलायमान दृष्य खिच्ने क्यामेरा;
- हाते स्लाइड वा फिल्म प्रोजेक्टर र तिनका सहायक सामग्रीका साथै स्लाइड र फिल्मको मुनासिव परिमाण;
- दुर्बिन;
- हाते सांगीतिक उपकरण;

- टेप रेकर्डरहरू, सी.डी. प्लेयर र टेप, रिकर्ड र डिस्कसहितको श्रुति अभिलेख यन्त्रसमेत हाते ध्वनि उत्पादक यन्त्र;
- हाते रेडियो रिसिभर;
- सेलुलर वा मोबाइल फोन;
- हाते टेलिभिजन सेट;
- हाते टाइपराइटर;
- हाते व्यक्तिगत कम्प्युटर र सहायक सामग्री;
- हाते क्यालकुलेटर;
- बच्चा डुलाउने क्यारेज र बालबग्गी;
- अशक्तको ह्विलचेयर;
- खेलकुद सामग्री ।

**२१. मापदण्ड**

गैरआवासीय व्यक्तिको निजी मालसामानका लागि अस्थायी पैठारी घोषणा पेस गर्न आवश्यक पर्ने भएमा, अस्थायी पैठारीको म्याद निर्धारण गर्दा सम्बन्धित मुलुकमा यात्रुको बसाइ अवधिका आधारमा निर्धारण गरिनेछ । तर राष्ट्रिय कानुनले कुनै सीमा निर्धारण गरेको भए सो सीमा नाघ्ने गरी त्यस्तो म्याद निर्धारण गरिने छैन ।

**२२. मापदण्ड**

यात्रुको अनुरोधमा र भन्सारले कारण उचित देखेमा, भन्सारले गैरबासिन्दा व्यक्तिको व्यक्तिगत मालसामानका लागि सुरुमा निर्धारण गरिएको अस्थायी पैठारीको अवधि थप गर्नेछ । तर राष्ट्रिय कानुनले कुनै सीमा निर्धारण गरेको भए सो सीमा नाघ्ने गरी त्यस्तो अवधि थप गरिने छैन ।

**२३. मापदण्ड**

गैरआवासीय व्यक्तिका निजी प्रयोगको सवारी साधनका सम्बन्धमा त्यस्तो सवारी साधन अस्थायी पैठारी गर्न दिइनेछ ।

**२४. मापदण्ड**

निजी प्रयोगको सवारी साधनको साधारण ट्यांकीमा रहेको इन्धनका हकमा पैठारी महसुल र कर लाग्ने छैन ।

## २५. मापदण्ड

निजी प्रयोगको सवारी साधनका सम्बन्धमा प्रदान गरिने सुविधा गैरआवासीय व्यक्तिले सवारी साधन किनेमा, भाडामा लिएमा वा सापटी लिएमा र ती सवारी साधन यात्रुसँगै अगाडि वा पछाडि आए तापनि सोमा समेत लागू हुनेछ ।

## २६. सिफारिस गरिएको अभ्यास

भन्सारले गैरआवासीय व्यक्तिको निजी प्रयोगको सवारी साधनको अस्थायी पैठारीका लागि भन्सार कागजात वा सुरक्षण माग्नु हुँदैन ।

## २७. सिफारिस गरिएको अभ्यास

गैरआवासीय व्यक्तिको निजी प्रयोगको सवारी साधनको अस्थायी प्रवेशका लागि भन्सार कागजात वा सुरक्षण आवश्यक पर्ने भएमा भन्सारले स्तरीय अन्तर्राष्ट्रिय कागजात र सुरक्षण स्वीकार गर्नुपर्छ ।

## २८. मापदण्ड

गैरआवासीय व्यक्तिको निजी प्रयोगको सवारी साधनको अस्थायी पैठारीका लागि अस्थायी पैठारी घोषणा पेस गर्न आवश्यक भएकोमा, अस्थायी पैठारीको म्याद सो मुलुकमा गैरबासिन्दा व्यक्तिको बसाइको अवधिका आधारमा निर्धारण गरिनेछ। तर राष्ट्रिय कानुनले कुनै सीमा निर्धारण गरेको भए सो सीमा नाघ्ने गरी त्यस्तो म्याद निर्धारण गरिने छैन ।

## २९. मापदण्ड

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले कारण उचित देखेकोमा, भन्सारले गैरआवासीय व्यक्तिको निजी प्रयोगको सवारी साधनका लागि सुरुमा निर्धारण गरेको अस्थायी पैठारीको अवधि थप गर्नेछ। तर राष्ट्रिय कानुनले कुनै सीमा निर्धारण गरेको भए सो सीमा नाघ्ने गरी त्यस्तो अवधि थप गरिने छैन ।

## ३०. मापदण्ड

मुलुकमा अस्थायी रूपमा रहेको निजी प्रयोगको सवारी साधनको मर्मत-सम्भारका लागि कुनै पार्टपुर्जा फेर्न आवश्यक भएमा त्यस्तो पार्टपुर्जालाई अस्थायी पैठारी प्रदान गरिनेछ ।

## पुनः निकासी

**३१. मापदण्ड**

भन्सारले गैरआवासीय व्यक्तिका अस्थायी रूपमा पैठारी गराइएका मालवस्तु पैठारी गरिएको भन्सार कार्यालयबाहेकका अन्य भन्सार कार्यालयबाट पुनः निकासी गर्न अनुमति दिनेछ ।

**३२. मापदण्ड**

गैरआवासीय व्यक्तिको निजी प्रयोगको सवारी साधन वा व्यक्तिगत मालसामान दुर्घटना वा काबु बाहिरको परिस्थितिको कारणले गम्भीर क्षतिग्रस्त भएकोमा वा नष्ट भएकोमा भन्सारले त्यस्तो सवारी साधन वा मालसामान पुनः निकासी गर्नुपर्ने व्यवस्था गर्ने छैन ।

## प्रस्थान

**३३. मापदण्ड**

प्रस्थान गर्ने यात्रुहरूलाई लागू हुने भन्सार प्रक्रिया सम्भव भएसम्म सहज हुनेछन् ।

**३४. मापदण्ड**

यात्रुहरूलाई आवश्यक प्रक्रिया परिपालना गरी र लाग्ने निकासी महसुल र कर भुक्तानी गरी व्यापारिक प्रयोजनका लागि मालवस्तु निकासी गर्न अनुमति दिइनेछ ।

**३५. मापदण्ड**

मुलुक छोड्न लागेका व्यक्तिको अनुरोधमा, महसुल र कर नलाग्ने गरी पुनः पैठारी सहजीकरण गर्न भन्सारले निश्चित सामग्रीको पहिचानात्मक विवरण राख्नेछ ।

**३६. मापदण्ड**

असामान्य अवस्थामा मात्र भन्सारले मुलुक छोड्न लागेका व्यक्तिको निजी मालसामान र निजी प्रयोगको सवारी साधनका लागि अस्थायी पैठारी सम्बन्धी कागजात पेस गर्नुपर्ने व्यवस्था गर्नेछ ।

**३७. सिफारिस गरिएको अभ्यास**

नगदमा सुरक्षण दिइएको अवस्थामा पुनः निकासी गर्ने कार्यालयबाट मालवस्तु पैठारी गरिएको नभए तापनि सोही कार्यालयबाट सोको पुनः भुक्तानी दिने व्यवस्था गर्नुपर्छ ।

## पारवहन यात्रु

**३८. मापदण्ड**

पारवहन क्षेत्र नछोड्ने पारवहन यात्रुलाई कुनै पनि भन्सार नियन्त्रणबाट गुज्रिनु आवश्यक पर्दैन । तर भन्सारले पारवहन क्षेत्रको सामान्य निगरानी राख्ने र भन्सार कसूरको शंका लागेमा आवश्यक कारबाही गर्न भने सक्नेछ ।

## यात्रुलाई लागू हुने भन्सार सुविधासँग सम्बन्धित जानकारी

**३९. सिफारिस गरिएको अभ्यास**

यात्रुहरूलाई लागू हुने भन्सार सुविधासँग सम्बन्धित जानकारी सरकारी भाषा वा सम्बन्धित मुलुकका भाषाहरू र अन्य उपयोगी हुनसक्ने देखिएको भाषामा उपलब्ध गराउनु पर्नेछ ।

## विशेष अनुसूची झ

## परिच्छेद २

## हुलाक आवागमन

### परिभाषा

यस परिच्छेदको प्रयोजनका लागि:

ई१/एफ१. "सीएन २२ र २३" भन्नाले हाल कार्यान्वयनमा रहेको विश्व हुलाक संघको ऐनमा उल्लेख भएबमोजिम हुलाक वस्तुका लागि विशेष घोषणा फाराम सम्झनुपर्छ;

ई२/एफ३. "हुलाक वस्तुका सम्बन्धमा भन्सार प्रक्रिया" भन्नाले सबै सरोकारवाला र भन्सारले हुलाक आवागमन सम्बन्धमा सञ्चालन गर्ने सबै कारबाही सम्झनु पर्छ;

ई३/एफ २. "हुलाक वस्तु" भन्नाले विश्व हुलाक संघको ऐनमा उल्लेख भएबमोजिमको हुलाक सेवाको कारबाहीका लागि वा हुलाक सेवाले लिएको पत्र र पुलिन्दा सम्झनु पर्छ;

ई४/एफ ५. "हुलाक सेवा" भन्नाले विश्व हुलाक संघको प्रचलित ऐनबाट नियमित अन्तर्राष्ट्रिय सेवा प्रदान गर्न सरकारबाट अनुमति दिइएको सार्वजनिक वा निजी निकाय सम्झनु पर्छ;

ई५/एफ ४. "विश्व हुलाक संघ" भन्नाले सन् १८७८ मा "विश्व हुलाक संघ (यूपीयु) भनी पुन: नामाकरण गरिएको र सन् १९४८ देखि संयुक्त राष्ट्रसंघको विशिष्टीकृत निकायको रूपमा रहेको सन् १८७४ मा बर्न सन्धिबाट "गोश्वारा हुलाक संघ" नामबाट गठित अन्तरसरकारी संगठन सम्झनु पर्छ।

### सिद्धान्त

**१. मापदण्ड**

हुलाक वस्तुको सम्बन्धमा भन्सार प्रक्रियाका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन्।

**२. मापदण्ड**

राष्ट्रिय कानुनले भन्सार र हुलाक वस्तुको भन्सार कारबाहीसँग सम्बन्धित भन्सार तथा हुलाक सेवाका जिम्मेवारी र दायित्व तोक्नेछ।

## हुलाक वस्तुको जाँचपास

**३. मापदण्ड**

हुलाक वस्तुको जाँचपास यथाशीघ्र गरिनेछ।

**(क) मालवस्तुको भन्सार स्थिति**

**४. मापदण्ड**

निर्वाध प्रवाहमा रहेका मालवस्तु वा भन्सार कार्यविधि अन्तर्गत रहेका मालवस्तु जे भए तापनि हुलाक वस्तुका रूपमा मालवस्तु निकासी गर्न अनुमति दिइनेछ।

**५. मापदण्ड**

आन्तरिक उपयोगको लागि वा अन्य भन्सार कार्यविधिका लागि जाँचपास गर्न खोजिएको जे भएतापनि हुलाक वस्तुका रूपमा मालवस्तु पैठारी गर्न अनुमति दिइनेछ।

**(ख) भन्सारमा पेस गर्ने**

**६. मापदण्ड**

भन्सारले हुलाक सेवालाई भन्सार नियन्त्रणको प्रयोजनका लागि आफूसमक्ष पेस गर्नुपर्ने हुलाक वस्तु र ती वस्तु पेस गर्ने तरिका तोक्नेछ।

**७. मापदण्ड**

हुलाक वस्तुमा देहायका मालवस्तु समावेश नभएसम्म भन्सारले भन्सार नियन्त्रणको प्रयोजनका लागि निकासी गर्दा हुलाक वस्तु भन्सारमा पेस गर्न आवश्यक हुने व्यवस्था गर्ने छैनः

- निकासी प्रमाणित गर्नुपर्ने मालवस्तु
- निकासी निषेध वा प्रतिबन्धको अधीनमा रहेका वा निकासी महसुल र कर लाग्ने मालवस्तु;
- राष्ट्रिय कानुनले तोकेको मूल्यभन्दा बढी मूल्यका मालवस्तु; वा
- छनौट वा अनियमित आधारमा भन्सार नियन्त्रणका लागि छानिएका मालवस्तु।

## ८. सिफारिस गरिएको अभ्यास

सामान्य नियम अनुसार देहायका किसिमका पैठारी गरिएका हुलाक वस्तुहरू भन्सारसमक्ष पेस गर्न आवश्यक हुँदैनः

(क) व्यक्तिगत सन्देश मात्र समेटिएका पोस्टकार्ड र पत्रहरू;

(ख) दृष्टिविहीनहरूका लागि पाठ्य सामग्रीहरू;

(ग) पैठारी महसुल र कर नलाग्ने मुद्रित कागजात ।

## (ग) सीएन २२ वा सीएन २३ फाराम वा मालवस्तु घोषणाको माध्यमबाट जाँचपास

## ९. मापदण्ड

देहायका अवस्थामा बाहेक भन्सारलाई आवश्यक पर्ने सबै जानकारी सीएन २२ वा सीएन २३ र सहायक कागजातबाट उपलब्ध भएकोमा सीएन २२ वा सीएन २३ फारामहरूबाट नै मालवस्तु घोषणा हुनेछन्:

- राष्ट्रिय कानुनले तोकेको मूल्यभन्दा बढी मूल्य भएका मालवस्तु;
- निषेधित वा प्रतिबन्धित वा निकासी महसुल र कर लाग्ने मालवस्तु;
- निकासी प्रमाणित गर्नुपर्ने मालवस्तु;
- आन्तरिक उपभोगका लागि जाँचपास गर्नेबाहेक भन्सार कार्यविधिअन्तर्गत राख्न खोजिएका पैठारी गरिएका मालवस्तु ।

यी अवस्थाहरूमा छुट्टै मालवस्तु घोषणा आवश्यक पर्नेछ ।

## पारवहनमा भएका हुलाक वस्तु

## १०. मापदण्ड

पारवहनमा रहेको अवस्थाका हुलाक वस्तुहरूले भन्सार प्रक्रियाको अवलम्बन गर्नुपर्ने छैन ।

## महसुल र कर संकलन

## ११. मापदण्ड

भन्सारले हुलाक वस्तुमा रहेका मालवस्तुमा लाग्ने महसुल र कर संकलन गर्न यथासम्भव सरल प्रबन्धहरू गर्नेछ ।

## विशेष अनुसूची झ

## परिच्छेद ३

## व्यावसायिक प्रयोगको ढुवानीको साधन

### परिभाषा

यस परिच्छेदको प्रयोजनका लागि:

१. "व्यापारिक प्रयोगको ढुवानी साधनमा लागू हुने भन्सार प्रक्रिया" भन्नाले भन्सार क्षेत्रमा आगमन हुने र त्यहाँबाट प्रस्थान गर्ने व्यापारिक प्रयोगको ढुवानी साधनको सम्बन्धमा र सो साधन सो क्षेत्रमा रहँदाका बखत सम्बन्धित व्यक्तिबाट र भन्सारबाट गर्नुपर्ने सबै कामकारबाही सम्झनु पर्छ;

२. "आगमनको घोषणा" वा "प्रस्थानको घोषणा" भन्नाले अवस्था अनुसार, ढुवानी साधनको जिम्मेवार व्यक्तिले व्यापारिक प्रयोगको ढुवानी साधनको आगमन वा प्रस्थानका बखत भन्सारमा गर्नुपर्ने घोषणा वा पेस गर्नुपर्ने व्यापारिक प्रयोगको ढुवानी साधनसँग सम्बन्धित आवश्यक जानकारी तथा यात्रा, कार्गो, भण्डारण, चालक दल वा यात्रुसँग सम्बन्धित आवश्यक विवरणहरू समाविष्ट कुनै पनि घोषणा सम्झनु पर्छ;

३. "व्यापारिक प्रयोगको ढुवानीको साधन" भन्नाले भाडा लिई व्यक्तिहरू ओसारपसार गर्न वा भाडा लिई वा नलिई मालवस्तुको औद्योगिक वा व्यापारिक ढुवानी गर्न अन्तर्राष्ट्रिय आवागमनमा प्रयोग गरिने कुनै पनि पानीजहाज (जहाज सार्ने वा हाइड्रोफोइल भएका वा नभएका हलुका र डुंगासमेत), होभरक्राफ्ट, वायुयान, सडक सवारी (ट्रेलर्स, अर्ध ट्रेलर्स र सवारी साधनहरूको संयोजनसमेत) वा रेलको डब्बा (रोलिङ स्टक) तथा तिनका साधारण पार्टपुर्जा, सामग्री र उपकरण एवं व्यावसायिक प्रयोगका लागि ढुवानीको साधनसँगै राखिएको साधारण ट्यांकीमा भएको लुब्रिकेन्टस् र इन्धन सम्झनु पर्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

व्यापारिक प्रयोगका ढुवानी साधनमा लागू हुने भन्सार प्रक्रियाका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

## २. सिफारिस गरिएको अभ्यास

व्यापारिक प्रयोगको ढुवानीको साधनमा लागू हुने भन्सार प्रक्रिया दर्ता भएको मुलुक वा व्यापारिक प्रयोगको ढुवानीको साधनको स्वामित्व, आगमन भएको मुलुक वा तिनको गन्तव्य मुलुक जुनसुकै भए तापनि समान रूपमा लागू गर्नुपर्छ ।

## व्यापारिक प्रयोगको ढुवानीको साधनको अस्थायी पैठारी

## ३. सिफारिस गरिएको अभ्यास

भार वहन गरेको वा नगरेको व्यापारिक प्रयोगको ढुवानीको साधनलाई ससर्त पैठारी महसुल र कर भुक्तानीबाट राहत पाउने गरी भन्सार क्षेत्रमा अस्थायी रूपमा ल्याउन अनुमति दिनुपर्छ । तर त्यस्ता व्यापारिक प्रयोगको ढुवानीको साधन अस्थायी पैठारीको मुलुकको भन्सार क्षेत्रमा आन्तरिक ढुवानीमा प्रयोग गर्नु हुँदैन । तिनको प्रयोगको कारणले, सामान्य लुब्रिकेन्टस र इन्धनको सामान्य उपभोग र आवश्यक मर्मतको कारणले हुने सामान्य ह्रासबाहेक तिनमा कुनै परिवर्तन नगरी पुनः निकासी गर्ने उद्देश्य रहेको हुनुपर्छ ।

## ४. मापदण्ड

भन्सारले भन्सार नियन्त्रणको प्रयोजनका लागि आवश्यक देखेमा मात्रै विदेशमा नियमपूर्वक दर्ता भएको व्यापारिक प्रयोगको ढुवानीको साधनको सुरक्षण वा अस्थायी पैठारीसम्बन्धी कागजात पेस गर्न लगाउनेछ ।

## ५. मापदण्ड

भन्सारले व्यापारिक प्रयोगको ढुवानीको साधनको पुनः निकासीका लागि म्याद तोक्ने भएमा भन्सारले  ढुवानीको अभिप्रेरित सञ्चालनसम्बन्धी सवै परिस्थितिहरूलाई ध्यानमा राख्नेछ ।

## ६. सिफारिस गरिएको अभ्यास

सम्बन्धित व्यक्तिको अनुरोधमा र भन्सारले कारण उचित देखेमा भन्सारले सुरुमा निर्धारण गरिएको अवधि थप गर्नुपर्छ ।

## पार्टपुर्जा र उपकरणको अस्थायी पैठारी

## ७. सिफारिस गरिएको अभ्यास

व्यापारिक प्रयोजनका ढुवानी साधनसँग छुट्टै किसिमले प्रयोगयोग्य भएका वा नभएका, ढुवानी साधनसँगै पैठारी भएका र सोही साधनसँगै पुनः निकासी हुने, मालवस्तु चढाउन, झार्न,

सञ्चालन गर्न र मालवस्तुको सुरक्षार्थ विशेष प्रकारका उपकरणहरूलाई ससर्त पैठारी महसुल एवं कर भुक्तानीबाट उन्मुक्तिसहित अस्थायीरूपमा भन्सार क्षेत्रमा पैठारी अनुमति दिनुपर्छ ।

## ८. सिफारिस गरिएको अभ्यास

भन्सार क्षेत्रमा अस्थायी रूपमा पहिले नै पैठारी भएका व्यापारिक प्रयोगका ढुवानी साधनमा जडित उपकरण वा पार्टपुर्जाहरू मर्मत-सम्भारको सिलसिलामा प्रतिस्थापनका गर्नुपर्ने अवस्थामा प्रयोग गरिने पार्टपुर्जा र उपकरणलाई ससर्त पैठारी महसुल एवं कर भुक्तानीबाट राहतसहित अस्थायीरूपमा भन्सार क्षेत्रमा ल्याउन अनुमति दिनुपर्छ ।

# आगमन

## ९. मापदण्ड

आगमनको घोषणा व्यापारिक प्रयोगको ढुवानी साधनको आगमनमा भन्सारमा पेस गर्न आवश्यक पर्ने भएमा तत्सम्बन्धमा पेस गर्नुपर्ने आवश्यक विवरण भन्सार कानुनको परिपालना सुनिश्चित गर्न आवश्यक न्यूनतम विवरणमा सीमित हुनेछ ।

## १०. मापदण्ड

भन्सारले सम्भव भएसम्म भन्सारलाई बुझाउनुपर्ने आगमन घोषणाका प्रतिहरूको संख्या घटाउनेछ ।

## ११. मापदण्ड

व्यापारिक प्रयोगको ढुवानीको साधनको पहुँचको सम्बन्धमा भन्सारमा पेस वा दाखिला गर्नुपर्ने कुनै पनि कागजातलाई कानुनी मान्यता दिन, पुष्टि गर्न, प्रमाणीकरण गर्न वा व्यापारिक प्रयोगको ढुवानीको साधन आगमन भएको मुलुकका विदेशस्थित प्रतिनिधिबाट पहिले नै प्रमाणित गराउन आवश्यक हुने छैन ।

# भन्सार क्षेत्रमा पछिल्लो सम्पर्क

## १२. मापदण्ड

व्यापारिक प्रयोगको ढुवानीको साधनले वीचमा अर्को मुलुकमा सम्पर्क नै नगरी भन्सार क्षेत्रका पछि पुग्ने स्थानहरूमा सम्पर्क राखेमा लागू हुने भन्सार प्रक्रियालाई यथासम्भव सरल बनाइनेछ र ती प्रक्रियाहरूले त्यसअघि भन्सार नियन्त्रणमा लिइसकेका उपायहरूलाई ध्यानमा राख्नेछन् ।

## प्रस्थान

### १३. मापदण्ड

व्यापारिक प्रयोगको ढुवानीको साधन भन्सार क्षेत्रबाट प्रस्थान हुँदा लागू हुने भन्सार प्रक्रिया देहायका कुरा सुनिश्चित गर्ने उपायहरूमा सीमित हुनेछन्:

(क) आवश्यक पर्ने भएमा, प्रस्थानको घोषणा सक्षम भन्सार कार्यालयमा विधिवत् रूपमा पेस गरिएको;

(ख) उपयुक्तता अनुसार, भन्सार सिल लगाइएको;

(ग) नियन्त्रण उद्देश्यका लागि आवश्यक पर्ने भएमा तोकिएको भन्सार मार्ग अपनाइएको; र

(घ) व्यापारिक प्रयोगको ढुवानीको साधनको प्रस्थानमा कुनै अनधिकृत ढिलाइ नभएको ।

### १४. सिफारिस गरिएको अभ्यास

भन्सारले तोकिएका आगमन घोषणाको फारामसँग मिल्दाजुल्दा ढाँचाको प्रस्थानको घोषणाको फारामको प्रयोग गर्न अनुमति दिनुपर्छ। तर ती फारामहरूमा प्रस्थानको उद्देश्यका लागि प्रयोग गरिएको कुरा स्पष्ट रूपमा उल्लेख गरिएको हुनुपर्दछ ।

### १५. मापदण्ड

व्यापारिक प्रयोगको ढुवानीको साधनलाई जुन भन्सार क्षेत्रबाट ती साधन आगमन भएका थिए, सोभन्दा अन्य भन्सार कार्यालयबाट प्रस्थान गर्न अनुमति दिइनेछ ।

## विशेष अनुसूची झ

## परिच्छेद ४

## भण्डार

यस परिच्छदको प्रयोजनका लागि:

१. "बाहक" भन्नाले वास्तविक रूपमा मालवस्तु ढुवानी गर्ने वा इन्चार्ज वा ढुवानीका साधन सञ्चालन गर्ने जिम्मेवार व्यक्ति सम्झनुपर्छ;

२. "भण्डारमा लागू हुने भन्सार प्रक्रिया" भन्नाले सम्बन्धित व्यक्तिले र भन्सारले भण्डारको सम्बन्धमा सञ्चालन गर्ने सबै कारबाही सम्झनुपर्छ;

३. "भण्डार सम्बन्धी भन्सारको प्रबन्ध" भन्नाले प्रदान गरिने सबै सुविधा र भण्डारमा लागू हुने सबै भन्सार प्रक्रिया सम्झनुपर्छ;

४. "भण्डार" भन्नाले:

- उपभोगका लागि भण्डार; र
- अन्यत्र लैजान सकिने भण्डार सम्झनुपर्दछ;

५. "उपभोगका लागि भण्डार" भन्नाले:

- पानीजहाज, वायुयान वा रेलमा रहेका यात्रुहरू र चालक दलका सदस्यहरूबाट उपभोग हुने भनी राखिएका बिक्री भए वा नभएका मालवस्तु; र
- पानीजहाज, वायुयान वा रेलको सञ्चालन र मर्मत-सम्भारका लागि आवश्यक पार्टपुर्जा र उपकरण बाहेकका लुब्रिकेन्ट र इन्धन;

जुन भाडा लिई व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय पारवहन गराउन सञ्चालनमा रहेका वा सञ्चालन हुने पानीजहाज, वायुयान वा रेलको भन्सार क्षेत्रमा आगमन हुँदा पानीजहाज, वायुयान वा रेलभित्र रहेको वा तिनमा ल्याइएको वा भाडा लिई वा नलिई मालवस्तुको औद्योगिक वा व्यापारिक ढुवानीको साधनमा हुन्छ, लाई सम्झनु पर्छ ।

६. "अन्यत्र लैजान सकिने भण्डार" भन्नाले आगमनका बखत बोर्ड गरिएको वा भाडा लिई व्यक्तिहरू ओसारपसार गर्न वा भाडा लिई वा नलिई मालवस्तुको औद्योगिक वा व्यावसायिक ढुवानी गर्न अन्तर्राष्ट्रिय आवागमनमा प्रयोग गरिने पानीजहाज तथा

वायुयान भन्सार क्षेत्रमा रहेको समयमा पानीजहाज र वायुयानबाट अवतरण हुने यात्रु र चालक दलका सदस्यहरूलाई बिक्री गरिने मालवस्तु सम्झनु पर्छ ।

## सिद्धान्त

### १. मापदण्ड

भण्डारको भन्सार प्रवन्धका हकमा यस परिच्छेदका व्यवस्था र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

### २. सिफारीश गरिएको अभ्यास

पानीजहाज तथा वायुयान दर्ता भएको मुलुक वा सोको स्वामित्व जे जुनसुकै भए तापनि भण्डारको भन्सार प्रबन्ध समान रूपमा लागू गर्नुपर्छ ।

## आगमनमा रहेका पानीजहाज तथा वायुयान वा रेलमा रहेका भण्डार

### (क) पैठारी महसुल र कर छुट

### ३. मापदण्ड

भन्सार क्षेत्रमा पुगिरहेका पानीजहाज तथा वायुयानमा ल्याइएका भण्डारहरूमा पैठारी महसुल र कर छुट हुनेछ । तर ती भण्डार पानीजहाज तथा वायुयानभित्र रहेको हुनुपर्दछ ।

### ४. सिफारिस गरिएको अभ्यास

यात्रु र चालक दलको उपभोगका लागि अन्तर्राष्ट्रिय द्रुत रेलको व्यवस्था अनुसार पैठारी गरिएको भण्डारले पैठारी महसुल र करछुट पाउनेछ । तरः

(क) त्यस्ता मालवस्तु सो अन्तर्राष्ट्रिय रेलले पार गरेको मुलुकहरूमा मात्र खरिद गरिएको; र

(ख) त्यस्ता मालवस्तु खरिद गरिएको मुलुकमा तिनमा लाग्ने महसुल र कर भुक्तानी गरिएको हुनुपर्दछ ।

### ५. मापदण्ड

पानीजहाज, वायुयान तथा रेल सञ्चालन र मर्मत-सम्भारका लागि आवश्यक भई भन्सार क्षेत्रमा आइरहेका यी ढुवानीका साधनको उपभोगका लागि तिनमा रहेको भण्डारमा पैठारी महसुल र करबाट छुट हुनेछ । तर यी ढुवानीका साधन भन्सार क्षेत्रमा रहँदासम्म त्यस्तो भण्डार ती साधनभित्रै रहनुपर्छ ।

**(ख) कागजात**

**६. मापदण्ड**

भन्सार क्षेत्रमा आगमन हुने पानीजहाजभित्र रहेका भण्डारसँग सम्बन्धित घोषणा भन्सारलाई आवश्यक पर्ने भएमा भन्सार नियन्त्रणको उद्देश्यका लागि त्यस्तो जानकारी न्यूनतम रूपमा सीमित राखिनेछ ।

**७. सिफारिस गरिएको अभ्यास**

भन्सारले पानीजहाजभित्र रहेको भण्डारबाट झिकी उपलब्ध गराउन अनुमति दिएको भण्डारको परिमाण भण्डारसँग सम्बन्धित भन्सार क्षेत्रमा पानीजहाजको आगमनमा भन्सारमा पेस गर्नुपर्ने घोषणामा अभिलेख गर्नुपर्छ र सो सम्बन्धमा छुट्टै फाराम भन्सारमा पेस गर्नु पर्दैन ।

**८. सिफारिस गरिएको अभ्यास**

भन्सार क्षेत्रमा रहँदाको समयमा पानीजहाजमा आपूर्ति गरिएको भण्डारको परिमाण भन्सारले आवश्यक भनेको भण्डारसँग सम्बन्धित घोषणामा अभिलेख गर्नुपर्छ ।

**९. मापदण्ड**

भन्सारले वायुयानमा बाँकी रहेको भण्डारका लागि छुट्टै घोषणा प्रस्तुत गर्न लगाउने छैन ।

**(ग) उपभोगका लागि भण्डार उपलब्ध गराउने**

**१०. मापदण्ड**

यात्रुहरू र चालक दलका सदस्यहरूको संख्या तथा भन्सार क्षेत्रमा पानीजहाज रहने अवधिलाई दृष्टिगत गरी भन्सारले मुनासिव देखेको परिमाणमा भन्सार क्षेत्रमा पानीजहाज रहेको अवधिमा पानीजहाजको उपभोगका लागि भण्डार उपलब्ध गराउन भन्सारले अनुमति दिनेछ ।

**११. सिफारिस गरिएको अभ्यास**

पानीघाट वा सिपयार्डमा पानीजहाजको मर्मत-सम्भार भइरहेको समयमा चालक दलका सदस्यहरूले पानीजहाजमा उपभोग गर्नका लागि भन्सारले भण्डार उपलब्ध गराउन अनुमति दिनुपर्छ । तर पानीघाट वा सिपयार्डमा बस्ने अवधि मुनासिब माफिकको हुनुपर्छ ।

**१२. सिफारिस गरिएको अभ्यास**

कुनै वायुयान भन्सार क्षेत्रभित्रका एक वा धेरै विमानस्थलमा अवतरण गर्ने भएमा, सो वायुयान त्यस्ता विमानस्थलहरूमा रहँदाको अवधि तथा त्यस्ता विमानस्थलहरूबीचको उडानको

अवधि अर्थात् दुवै अवधिमा वायुयानमा उपभोगका लागि भण्डार उपलब्ध गराउन भन्सारले अनुमति दिनुपर्छ ।

**(घ) भन्सार नियन्त्रण**

**१३. मापदण्ड**

भण्डारको कुनै पनि अनधिकृत प्रयोग रोक्न बाहकले आवश्यकता अनुसार भण्डारको सिलबन्दी गर्नेलगायतका उपयुक्त उपायहरू अपनाउनुपर्ने व्यवस्था भन्सारले गर्नेछ ।

**१४. मापदण्ड**

भन्सारले आवश्यक देखेको अवस्थामा मात्र भन्सार क्षेत्रमा रहँदाको अवधिमा पानीजहाज, वायुयान वा रेलबाट भण्डार अन्यत्रै भण्डारणका लागि हटाउनुपर्ने व्यवस्था गर्नेछ ।

## महसुल र कर छुट पाउने भण्डारको आपूर्ति

**१५. मापदण्ड**

अन्तिम वैदेशिक गन्तव्यका लागि प्रस्थान गर्ने पानीजहाज र वायुयानले महसुल र कर छुट पाउने गरी पानीजहाज र वायुयानमा देहायको भण्डार राख्न पाउनेछन्-

(क) यात्रुहरू र चालक दलका सदस्यहरूको संख्या, यात्रा वा उडानको अवधि तथा तिनमा राखिसकिएको भण्डारको परिमाणलाई दृष्टिगत गरी भन्सारले मुनासिव देखेको परिमाणको भण्डार; र

(ख) तिनमा राखिसकिएको भण्डार परिमाणलाई समेत दृष्टिगत गरी यात्रा वा उडानको अवधिमा तिनको सञ्चालन र मर्मत-सम्भारका लागि मुनासिव देखिएको परिमाणमा आवश्यक उपभोगको भण्डार ।

**१६. मापदण्ड**

भन्सार क्षेत्रमा आइपुगेका र अन्तिम गन्तव्य यात्राका लागि भन्सार क्षेत्रमा भण्डार पुनः आपूर्तिको आवश्यकता भएका पानीजहाज र वायुयानका हकमा भण्डारको पुनः आपूर्तिमा महसुल र कर छुटको अनुमति दिइनेछ ।

**१७. मापदण्ड**

भन्सारले पानीजहाज र वायुयान भन्सार क्षेत्रमा रहँदा तिनमा उपभोगका लागि आपूर्ति गरिएको भण्डारमा लागु हुने यस परिच्छेदका सर्त र आगमनमा रहेका पानीजहाज र वायुयानमा उपभोगका लागि समान सर्त अन्तर्गत भण्डार उपलब्ध गराउन अनुमति दिनेछ ।

## प्रस्थान

### १८. सिफारिस गरिएको अभ्यास

भन्सार क्षेत्रबाट पानीजहाजको प्रस्थानको समयमा भण्डार सम्बन्धी छुट्टै घोषणा आवश्यक पर्ने छैन ।

### १९. मापदण्ड

भन्सार क्षेत्रबाट प्रस्थान गर्दा पानीजहाज वा वायुयानमा राखिएको भण्डारका सम्बन्धमा घोषणा आवश्यक पर्ने भएमा त्यस्तो जानकारी भन्सार नियन्त्रण प्रयोजनका लागि आवश्यक न्यूनतममा सीमित राखिनेछ ।

## भण्डारको अन्य बेचबिखन वा निसर्ग

### २०. मापदण्ड

भन्सार क्षेत्रमा आगमन भएका पानीजहाज, वायुयान र रेलमा रहेका भण्डारका हकमा देहायब मोजिम गर्न अनमुति दिइनेछः

(क) प्रत्येक अवस्थामा लागू हुने सर्त र प्रक्रियाको परिपालना गर्ने गरी आन्तरिक उपभोगका लागि जाँचपास गर्ने वा अन्य भन्सार कार्यविधि अन्तर्गत राख्ने; वा

(ख) भन्सारले दिएको पूर्व अख्तियारीको अधीनमा रही, अन्तर्राष्ट्रिय आवागमनमा रहेका क्रमशः अन्य पानीजहाज, वायुयान वा रेललाई हस्तान्तरण गर्ने ।

## विशेष अनुसूची झ

## परिच्छेद ५

## राहत खेप

## परिभाषा

यस परिच्छेदको प्रयोजनका लागि:

१. "राहत खेप" भन्नाले:

- मालवस्तु, सवारी साधन र अन्य ढुवानीका साधन, खाद्य पदार्थ, औषधि, लत्ताकपडा, कम्बल, पाल, पूर्वनिर्मित घर, पानी शुद्धीकरण गर्ने र पानी भण्डारण गर्ने साधन वा अन्य उच्च आवश्यकताका मालवस्तु, विपद् प्रभावितका लागि दिइएको सहयोग समेत; र

- विपद्‌बाट उद्धार गर्ने कर्मचारीहरूलाई आफ्नो कर्तव्य पालना गर्न र तिनलाई विपद्का क्षेत्रमा तिनको कार्यअवधि भरि रहन र काम गर्न सहयोगी हुने सबै उपकरण, सवारी साधन र अन्य ढुवानीका साधन, विशेष रूपमा प्रशिक्षित जनावर, खुराक, आपूर्ति, निजी सरसामान र अन्य मालवस्तु सम्झनुपर्छ ।

## सिद्धान्त

**१. मापदण्ड**

राहत खेपको जाँचपासका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

**२. मापदण्ड**

निकासी, पारवहन, अस्थायी पैठारी र पैठारीका लागि राहत खेपको जाँचपास प्राथमिकताका साथ गरिनेछ ।

## प्रयोगको क्षेत्र

### ३. मापदण्ड

राहत खेपका हकमा भन्सारले देहायको व्यवस्था गर्नेछः

- सरलीकृत मालवस्तु घोषणा वा तोकिएको अवधिभित्र घोषणा पूरा गर्ने गरी अस्थायी वा अपूर्ण मालवस्तु घोषणा पेस गर्ने;
- मालवस्तुको आगमन पूर्व मालवस्तु घोषणा र समर्थन कागजात पेस गर्ने र दर्ता गर्ने वा जाँच गर्ने र आगमनमा मालवस्तु छोड्ने;
- तोकिएको कार्य समयभन्दा अघिपछि वा भन्सार कार्यालयभन्दा टाढा जाँचपास गर्ने र सो सम्बन्धमा कुनै शुल्क लाग्ने भए छुट दिने; र
- असाधारण परिस्थितिमा मात्र मालवस्तुको जाँच र/वा नमुना संकलन गर्ने ।

### ४. सिफारिस गरिएको अभ्यास

उत्पत्तिको मुलुक, आगमन मुलुक वा गन्तव्यको मुलुक जुनसुकै भए तापनि राहत खेपको जाँचपास गर्नपर्छ ।

### ५. सिफारिस गरिएको अभ्यास

राहत खेपका हकमा कुनै आर्थिक पैठारी निषेध वा प्रतिबन्ध लागू नहुने र अन्य अवस्थामा निकासी महसुल र कर भुक्तानी गर्नुपर्ने भएमा पनि निकासी महसुल र कर छुट हुने व्यवस्था गर्नुपर्छ ।

### ६. सिफारिस गरिएको अभ्यास

स्वीकृत संगठनले वा सोको नियन्त्रण अन्तर्गत प्रयोग गर्नका लागि वा निःशुल्क वितरण गर्न त्यस्तो संगठनले उपहारको रूपमा प्राप्त गरेको राहत खेपलाई पैठारी महसुल र कर नलाग्ने गरी र आर्थिक पैठारी निषेध वा प्रतिबन्धको अधीनमा नरहने गरी पैठारी गर्ने अनुमति दिनुपर्दछ ।

## विशेष अनुसूची ञ

## उत्पत्ति

## परिच्छेद १

## उत्पत्तिको नियम

### परिभाषा

यस परिच्छेदको प्रयोजनका लागिः

१. "मालवस्तुको उत्पत्तिको मुलुक" भन्नाले भन्सार दर, परिमाणात्मक बन्देज वा व्यापारसँग सम्बन्धित अन्य कुनै उपाय कार्यान्वयन गर्न तोकिएको मापदण्ड बमोजिम मालवस्तु उत्पादन वा निर्माण गरिएको मुलुक सम्झनु पर्छ;

२. "उत्पत्तिको नियम" भन्नाले मालवस्तुको उत्पत्ति निर्धारण गर्न राष्ट्रले अपनाएको राष्ट्रिय कानुन वा अन्तर्राष्ट्रिय सम्झौता ("उत्पत्तिको मापदण्ड") बाट स्थापित सिद्धान्तबाट विकसित विशेष व्यवस्था सम्झनु पर्छ;

३. "सारभूत परिवर्तन सम्बन्धी मापदण्ड" भन्नाले वस्तुलाई त्यसको आवश्यक विशेषता दिन पर्याप्त मानिने अन्तिम सारभूत निर्माण वा प्रशोधन जुन मुलुकमा गरिन्छ, सो मुलुकलाई उत्पत्तिको मुलुकको रूपमा मानी उत्पत्ति निर्धारण गरिने मापदण्ड सम्झनु पर्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

पैठारी र निकासी दुवैमा लागू गर्न भन्सार उत्तरदायी भएका उपायहरूको कार्यान्वयनका लागि आवश्यक उत्पत्तिको नियम यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू अनुसार निर्धारण गरिनेछ ।

### उत्पत्तिको नियम

**२. मापदण्ड**

कुनै राष्ट्रमा पूर्ण रूपमा उत्पादित मालवस्तु सो राष्ट्रमा उत्पत्ति भएको मालवस्तु मानिनेछ । देहायका मालवस्तुलाई मात्रै सम्बन्धित राष्ट्रमा पूर्णरूपमा उत्पादित भएको मानिनेछः

(क) माटो, इलाकाभित्रको पानी वा सोको पिँधबाट झिकिएको खनिजजन्य उत्पादन;

(ख) सो राष्ट्रमा उत्पादन वा संकलन गरिएको वनस्पतिजन्य उत्पादन;

(ग) सो राष्ट्रमा जन्मिएको र हुर्काइएको जीवित पशु;

(घ) सो राष्ट्रमा जीवित पशुबाट प्राप्त उत्पादन;

(ङ) सो राष्ट्रमा गरिएको शिकार वा माछा मार्ने कामबाट प्राप्त उत्पादन;

(च) सो राष्ट्रमा समुद्री माछा मार्ने कामबाट प्राप्त उत्पादन र सोही राष्ट्रको पानीजहाजले समुद्रबाट झिकेका अन्य उत्पादन;

(छ) प्रकरण (च) मा समेटिएको सम्पूर्ण रूपको उत्पादनको किसिमबाट सोही राष्ट्रको पानीजहाजको कारखानाबाट प्राप्त उत्पादन;

(ज) सो राष्ट्रको सतही पानीभन्दा बाहिर रहेको समुद्री बालुवा वा अधोभूमिबाट उत्खनन गरिएको उत्पादन, तर सो राष्ट्रलाई सो बालुवा र अधोभूमिमा काम गर्न एकाधिकार भएको हुनुपर्दछ;

(झ) उत्पादन र प्रशोधन प्रक्रियाबाट निस्केको पत्रु र अवशेष र र कच्चा पदार्थको पुनर्प्राप्तिका लागि योग्य सो मुलुकमा संकलन गरिएको प्रयोग भैसकेको वस्तुहरू;

(ट) सो राष्ट्रमा प्रकरण (क) देखि (झ) सम्म उल्लेख गरिएका उत्पादनहरूबाट मात्र उत्पादन गरिएका मालवस्तु ।

## ३. सिफारिस गरिएको अभ्यास

दुई वा सोभन्दा वढी राष्ट्रहरू मालवस्तुको उत्पादनमा संलग्न भएकोमा, मालवस्तुको उत्पत्तिको निर्धारण सारभूत परिवर्तन मापदण्ड बमोजिम गर्नुपर्छ ।

## ४. सिफारिस गरिएको अभ्यास

सारभूत परिवर्तन मापदण्ड लागू गर्दा हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा संकेतीकरण प्रणाली सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको प्रयोग गर्नुपर्छ ।

## ५. सिफारिस गरिएको अभ्यास

मूल्यगत प्रतिशत नियमका आधारमा सारभूत परिवर्तन मापदण्ड उल्लेख गरिएमा, देहायका मूल्यमा ध्यानमा राख्नुपर्छः

- पैठारी गरिएको सामग्रीका हकमा, पैठारीमा महसुल लाग्ने मूल्य वा उत्पत्ति निर्धारण नगरिएको सामग्रीको सम्बन्धमा जुन राष्ट्रमा उत्पादनको काम भएको हो, सो राष्ट्रको इलाकामा तिनका लागि भुक्तानी गरिएको पहिलो निर्धारणयोग्य मूल्य; र

- उत्पादन गरिएको मालवस्तुका हकमा, राष्ट्रिय कानुनको व्यवस्था बमोजिम पूर्व-काम मूल्य (एक्स-वर्क-प्राइस) वा निकासीको मूल्य ।

## ६. सिफारिस गरिएको अभ्यास

मालवस्तुको आवश्यक विशेषता वा गुणमा योगदान नदिने वा सानो परिमाणमा मात्रै योगदान दिने कामकारबाही र खासगरी देहायमा उल्लिखित एक वा सोभन्दा बढी कामकारबाहीमा सीमित कामकारबाहीलाई सारभूत निर्माण वा प्रशोधन गर्ने कामकारबाहीको रूपमा लिनु हुँदैनः

(क) ढुवानी र भण्डारण गर्दा मालवस्तुको संरक्षणका लागि आवश्यक कामकारबाही;

(ख) मालवस्तुको परिवेष्टन वा बजारी गुणको सुधार गर्ने कामकारबाही वा जहाज चलान गर्न गरिने मालवस्तुको पोका बनाउने प्याकेजको समूहीकरण, छनौट र ग्रेडिङ र पुनः प्याकिङ जस्ता तयारीका कामकारबाही;

(ग) सरल जडान कामकारबाही;

(घ) फरक-फरक उत्पत्ति भएका मालवस्तु मिसाउने काम । तर त्यसबाट उत्पन्न हुने उत्पादनको विशेषता मिसाइएका मालवस्तुको विशेषता भन्दा तात्विक रूपमा फरक हुनु हुदैन ।

# उत्पत्तिको योग्यताका विशेष अवस्था

## ७. सिफारिस गरिएको अभ्यास

यन्त्र, उपकरण, सरसामान वा सवारी साधनमा प्रयोग हुने सहायक सामानहरू, पार्टपुर्जाहरू र औजारहरूलाई यन्त्र उपकरण, सरसामान वा सवारी साधनको उत्पत्ति सरह नै मान्नुपर्छ, तर त्यस्ता सामानहरू पैठारी भएको हुनुपर्ने र सामान्यतया बिक्री गरिएको हुनुपर्ने र वस्तु र संख्यामा सामान्य उपकरणसँग तिनले मेल खानुपर्छ ।

## ८. सिफारिस गरिएको अभ्यास

खोलखाल गरिएको (डिस्एसेम्वल्ड) वस्तुलाई ढुवानी वा उत्पादनको कारणले एउटै खेपमा पैठारी गर्न संभव नभई एकभन्दा बढी खेपमा पैठारी गरिएकोमा त्यस्तो वस्तुलाई उत्पत्ति निर्धारण गर्ने प्रयोजनका लागि पैठारीकर्ताको अनुरोधमा एउटै वस्तुका रूपमा व्यवहार गर्नुपर्छ ।

## ९. सिफारिस गरिएको अभ्यास

उत्पत्ति निर्धारण गर्ने प्रयोजनका लागि प्याकिङमा रहेको मालवस्तुको उत्पत्तिलाई नै प्याकिङको उत्पत्ति मान्नुपर्छ । पैठारीको मुलुकको राष्ट्रिय कानुनले महसुल दरको प्रयोजनका

लागि प्याकिङको छुट्टै घोषणा गर्नुपर्ने व्यवस्था गरेकोमा प्याकिङको उत्पत्ति मालवस्तुको उत्पत्तिभन्दा छुट्टै रूपमा निर्धारण गर्नुपर्छ ।

### १०. सिफारिस गरिएको अभ्यास

मालवस्तुको उत्पत्ति निर्धारण गर्ने प्रयोजनका लागि मालवस्तुको उत्पत्तिलाई नै प्याकिङको उत्पत्ति मानिने अवस्थामा खासगरी प्रतिशत तरिका लागू गरिएकोमा सामान्यतया मालवस्तु खुद्रामा बिक्री गरिएको प्याकिङलाई मात्र ध्यानमा राख्नुपर्छ ।

### ११. मापदण्ड

मालवस्तुको उत्पत्ति निर्धारण गर्ने प्रयोजनका लागि मालवस्तुको उत्पादन वा प्रशोधनमा प्रयोग गरिएको ऊर्जा, संयन्त्र, यन्त्र र उपकरणको उत्पत्तिलाई ध्यानमा राखिने छैन ।

## प्रत्यक्ष ढुवानीसम्बन्धी नियम

### १२. सिफारिस गरिएको अभ्यास

उत्पत्तिको राष्ट्रबाट मालवस्तु सीधा ढुवानी गर्नुपर्ने व्यवस्था गरिएकोमा, खासगरी भौगोलिक कारण (उदाहरणका लागि भूपरिवेष्ठित राष्ट्रका हकमा) र तेस्रो राष्ट्रमा भन्सार नियन्त्रण अन्तर्गत रहेका मालवस्तुका सम्बन्धमा (उदाहरणका लागि मेला वा प्रदर्शनीमा राखिएको वा भन्सार गोदाममा राखिएको मालवस्तुका हकमा) त्यस्तो व्यवस्था अन्तर्गत सहुलियत लिन अनुमति दिनुपर्छ ।

## उत्पत्तिको नियमसँग सम्बन्धित जानकारी

### १३. मापदण्ड

उत्पत्तिको नियम वा तिनको प्रयोगको कार्यविधिमा भएको परिवर्तन निकासी बजार र आपूर्ति गर्ने राष्ट्र दुवैमा सरोकारवाला व्यक्तिहरूले नयाँ व्यवस्थाहरूको बारेमा जानकारी हासिल गर्नसक्ने गरी पर्याप्त सूचना दिइसकेपछि मात्र लागू हुनेछ ।

## विशेष अनुसूची ञ

## परिच्छेद २

## उत्पत्तिको लिखित प्रमाण

### परिभाषा

यस परिच्छेदको प्रयोजनका लागि:

१. "उत्पत्तिको प्रमाणपत्र" भन्नाले मालवस्तुलाई पहिचान गराउने त्यस्तो विशेष फाराम सम्झनुपर्छ, जसमा सो जारी गर्ने अधिकारप्राप्त अधिकारी वा निकायले सो प्रमाणपत्रले सम्बोधन गर्ने मालवस्तु निश्चित राष्ट्रमा उत्पन्न भएको भनी स्पष्ट रूपमा प्रमाणित गर्दछ । यो प्रमाणपत्रले निर्माणकर्ता, उत्पादक, आपूर्तिकर्ता, निकासीकर्ता वा अन्य सक्षम व्यक्तिबाट गरिएको घोषणा समेतलाई जनाउन सक्नेछ;

२. "उत्पत्तिको प्रमाणित घोषणा" भन्नाले अधिकारप्राप्त अधिकारी वा निकायले प्रमाणित गरेको "उत्पत्ति घोषणा" सम्झनु पर्छ;

३. "उत्पत्तिको घोषणा" भन्नाले निर्माता, उत्पादक, आपूर्तिकर्ता, निकासीकर्ता वा अन्य सक्षम व्यक्तिले मालवस्तुको निकासी सम्बन्धमा व्यावसायिक बीजक वा मालवस्तुसँग सम्बन्धित अन्य कुनै कागजातमा मालवस्तुको उत्पत्तिका बारेमा उल्लेख गरेको उपयुक्त कथन सम्झनु पर्छ;

४. "उत्पत्तिको लिखित प्रमाण" भन्नाले उत्पत्तिको प्रमाणपत्र, उत्पत्तिको प्रमाणित घोषणा वा उत्पत्तिको घोषणा सम्झनु पर्छ;

५. "क्षेत्रीय संज्ञा प्रमाणपत्र" भन्नाले अधिकारी वा स्वीकृतिप्राप्त निकायबाट तोकिएका नियमहरू अनुसार जारी गरिएको र त्यसमा उल्लेख गरिएको मालवस्तु सम्बन्धित क्षेत्र विशेषको संज्ञा (उदाहरणका लागि स्याम्पेन, पोर्ट वाइन, पार्मेसन चिज) का लागि योग्य छ भनी प्रमाणित गर्ने प्रमाणपत्र सम्झनुपर्छ ।

### सिद्धान्त

**१. मापदण्ड**

मालवस्तुको उत्पत्तिसँग सम्बन्धित लिखित प्रमाणको आवश्यकता, स्थापना र जारी गर्ने विषयमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

## उत्पत्तिको लिखित प्रमाणको आवश्यकता

### २. सिफारिस गरिएको अभ्यास

अतिसौविध्य भन्सार महसुल लागू गर्न वा एकपक्षीय रूपमा वा द्विपक्षीय वा बहुपक्षीय सम्झौता अन्तर्गत ग्रहण गरिएको आर्थिक वा व्यापारिक उपायहरू लागू गर्न वा स्वास्थ्य वा सार्वजनिक हितका लागि ग्रहण गरिएका उपायहरू लागू गर्न उत्पत्तिको लिखित प्रमाण आवश्यक भएमा मात्र उत्पत्तिको लिखित प्रमाण पेस गर्नुपर्ने व्यवस्था गनुपर्छ ।

### ३. सिफारिस गरिएको अभ्यास

देहायका अवस्थामा उत्पत्तिको लिखित प्रमाण आवश्यक पर्दैन:

(क) निजी व्यक्तिलाई सम्बोधन गरी सानो खेपमा पठाइएको वा यात्रुको झिटीगुन्टामा ल्याइएको मालवस्तु, तर त्यस्तो पैठारी गैरव्यापारिक प्रकृतिको हुनु पर्दछ र पैठारीको कुल मूल्य कम्तीमा १०० अमेरिकी डलरबराबरको रकमभन्दा वढी हुनु हुँदैन;

(ख) कुल मूल्य कम्तीमा ६० अमेरिकी डलर बराबरको रकमभन्दा बढी नभएको व्यापारिक खेप;

(ग) अस्थायी पैठारीका मालवस्तु;

(घ) भन्सार पारवहनमा रहेका मालवस्तु;

(ङ) क्षेत्रीय संज्ञा प्रमाणपत्र सहितका मालवस्तु एवं निश्चित विशेष मालवस्तु जहाँ ती मालवस्तुसँग सम्बन्धित द्विपक्षीय वा बहुपक्षीय सम्झौता अन्तर्गत आपूर्ति गर्ने राष्ट्रले पूरा गर्नुपर्ने सर्तहरूको प्रकृतिले लिखित प्रमाण आवश्यक नपर्ने हुन्छ ।

प्रकरण (क) र (ख) बमोजिमका अनेक खेपहरू एकै समयमा एकै माध्यमबाट एकै प्रापकलाई एकै प्रेषकबाट पठाईएको अवस्थामा समष्टि मूल्यलाई ती खेपहरूको कुल मूल्यको रूपमा लिइनेछ ।

### ४. सिफारिस गरिएको अभ्यास

उत्पत्तिको लिखित प्रमाणको आवश्यकतासँग सम्बन्धित नियमहरू एकपक्षीय रूपमा बनाइएकोमा ती नियमहरू जुन आर्थिक र व्यापारिक अवस्थाहरूको रोहमा जारी गरिएको थियो, ती अवस्थाहरूमा भएका परिवर्तनको सन्दर्भमा ती नियमहरू अझै पनि उपयुक्त भए नभएको यकिन गर्न कम्तीमा तीन वर्षको एकपटक ती नियमहरूको पुनरावलोकन गर्नुपर्छ ।

## ५. सिफारिस गरिएको अभ्यास

पैठारी गर्ने राष्ट्रको भन्सारले जालसाजीको शंका गर्नुपर्ने कारण भएको अवस्थामा मात्र उत्पत्तिको राष्ट्रका अधिकारप्राप्त अधिकारीबाट जारी गरिएको लिखित प्रमाण माग गर्नुपर्छ ।

## निवेदनहरू र उत्पत्तिका विभिन्न प्रकारहरूका लिखित प्रमाणको ढाँचा

## (ख) उत्पत्तिको प्रमाणपत्र

### फाराम र अन्तरवस्तु

## ६. सिफारिस गरिएको अभ्यास

उत्पत्तिको प्रमाणपत्रका वर्तमान फाराम पुनरावलोकन गर्दा वा नयाँ फाराम तयार गर्दा संविदाकारी पक्षहरूले परिशिष्ट २ मा उल्लिखित विवरणहरू बमोजिम र परिशिष्ट ३ मा उल्लिखित नियमहरूलाई दृष्टिगत गरी यस परिच्छेदको परिशिष्ट १ मा उल्लिखित नमुना फाराम प्रयोग गर्नुपर्छ ।

आफ्नो उत्पत्तिको प्रमाणपत्रको फारामलाई यस परिच्छेदको परिशिष्ट १ बमोजिमको नमुना फारामसँग मिलान गर्ने संविदाकारी पक्षले परिषद्को महासचिवलाई सोही बमोजिम सूचित गर्नुपर्छ ।

### प्रयोग गरिने भाषा

## ७. सिफारिस गरिएको अभ्यास

निकासीको राष्ट्रले छनोट गरेको भाषामा उत्पत्तिको प्रमाणपत्र मुद्रण गर्नुपर्छ र यी भाषा अंग्रेजी वा फ्रान्सेली भाषा नभएमा अंग्रेजी वा फ्रान्सेली भाषामा पनि सो प्रमाणपत्र मुद्रण गर्नुपर्छ ।

## ८. सिफारिस गरिएको अभ्यास

उत्पत्तिको प्रमाणपत्र पैठारी गर्ने राष्ट्रको भाषामा नभई अन्य भाषामा बनाइएकोमा सो राष्ट्रको भन्सारले कामकारबाहीको सिलसिलामा उत्पत्तिको प्रमाणपत्रमा उल्लेख गरिएको विवरणको अनुवाद पेस गर्न लगाउनु हुँदैन ।

## उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अधिकारी वा अन्य अधिकारप्राप्त निकाय

## ९. मापदण्ड

यो परिच्छेद स्वीकार गर्ने संविदाकारी पक्षहरूले तिनको स्वीकृतिको सूचनामा वा त्यसपछि उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अधिकारी वा अन्य अधिकारप्राप्त निकाय तोक्नेछन् ।

## १०. सिफारिस गरिएको अभ्यास

उत्पत्ति राष्ट्रबाट सिधा मालवस्तु पैठारी नगरिएको तर तेस्रो राष्ट्रको इलाकाबाट पठाइएकोमा, तेस्रो राष्ट्रमा त्यस्ता प्रमाणपत्र जारी गर्ने अख्तियार भएको अधिकारी वा निकायबाट मालवस्तुको उत्पत्ति राष्ट्रबाट त्यसअघि जारी गरिएको उत्पत्तिको प्रमाणपत्रका आधारमा उत्पत्तिको प्रमाणपत्र जारी गर्न अनुमति दिनुपर्छ।

## ११. सिफारिस गरिएको अभ्यास

उत्पत्तिको प्रमाणपत्र जारी गर्ने अधिकार भएका अधिकारी वा निकायले आफूले जारी गरेका उत्पत्तिको प्रमाणपत्रको निवेदन वा नियन्त्रण प्रति कम्तीमा दुई वर्षसम्म सुरक्षित राख्नुपर्छ।

## (ख) उत्पत्तिको प्रमाणपत्रबाहेकका अन्य लिखित प्रमाण

## १२. सिफारिस गरिएको अभ्यास

उत्पत्तिको लिखित प्रमाण आवश्यक भएकोमा देहायको अवस्थामा उत्पत्तिको घोषणा स्वीकार गर्नुपर्छः

(क) निजी व्यक्तिलाई सम्बोधन गरी सानो खेपमा पठाइएको वा यात्रुको झिटीगुन्टामा ल्याइएको मालवस्तु, तर त्यस्तो पैठारी गैरव्यापारिक प्रकृतिको हुनु पर्दछ र पैठारीको कुल मूल्य न्यूनतम ५०० अमेरिकी डलरबराबरको रकमभन्दा वढी हुनु हुँदैन;

(ख) कुल मूल्य न्यूनतम ३०० अमेरिकी डलर बराबर हुने रकमभन्दा बढी नभएको व्यापारिक खेप।

प्रकरण (क) र (ख) बमोजिमका अनेक खेपहरू एकै समयमा एकै माध्यमबाट एकै प्रापकलाई एकै प्रेषकबाट पठाइएको अवस्थामा समष्टि मूल्यलाई ती खेपहरूको कुल मूल्यको रूपमा लिइनेछ।

## अनुशास्ति (सजाय)

## १३. मापदण्ड

उत्पत्तिको लिखित प्रमाण प्राप्त गर्ने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण राखी कागजात तयार गरेमा वा तयार गर्न लगाएमा त्यस्तो व्यक्तिको विरुद्धमा सजाय हुने व्यवस्था गरिनेछ।

## परिशिष्ट १

<table>
<tr><td>१. निकासीकर्ता (नाम, ठेगाना, मुलुक)</td><td colspan="2" rowspan="3">२. नम्बर<br><br>उत्पत्तिको प्रमाणपत्र</td></tr>
<tr><td>३. प्रापक (नाम, ठेगाना, मुलुक)</td></tr>
<tr><td>४.ढुवानीको विवरण (आवश्यक भएमा)</td></tr>
<tr><td>५. संकेत र संख्याः प्याकेजका प्रकृति र संख्याः मालवस्तुको विवरण</td><td>६. कुल तौल</td><td>७.</td></tr>
<tr><td>८ अन्य जानकारी<br><br>छाप</td><td colspan="2">माथि उल्लेख गरिएका मालवस्तु ..... ......मा उत्पत्ति भएको प्रमाणित गरिन्छः<br><br>प्रमाणित गर्ने निकाय<br><br>जारी गरिएको स्थान र मिति<br><br>अधिकृत दस्तखत</td></tr>
</table>

# परिशिष्ट २

**विवरण**

१. प्रमाणपत्रको आकार अन्तर्राष्ट्रिय आईएसओ आकार ए४ (२१०x२९७ मिमि, ८.२७x११.६९ इन्च) को हुनुपर्छ। फाराममा शिरको मार्जिन १० मिमि र बायाँ हाततर्फको फाइलिङ मार्जिन २० मिमि हुनुपर्छ। हरफहरूबीचको स्पेसिङ ४.२४ मिमि (१/६ इन्च) को गुणाका आधारमा हुनुपर्छ र चौडाइ स्पेसिङ २.५४ मिमि १/१० इन्च) को गुणाका आधारमा हुनुपर्छ। आवरण परिशिष्ट १ मा उल्लेख गरिएको ईसीई आवरण ढाँचा अनुकूल हुनुपर्छ। जारी गर्ने मुलुकमा मेट्रिक नापतौल प्रणालीभन्दा अर्को प्रणालीको विद्यमानता, कागजातहरूको राष्ट्रिय सामञ्जस्यता प्रणालीका विशेषता आदि विशेष कारणले आवश्यक भएमा कोठाहरू आदिको वास्तविक आकारमा भएको सामान्य विचलन स्वीकार्य हुनुपर्दछ।

२. उत्पत्तिको प्रमाणपत्रका लागि निवेदन दिनुपर्ने व्यवस्था गर्न आवश्यक भएमा, निवेदनको फाराम र प्रमाणपत्रको फाराम एकै सत्रमा पूरा गर्न सकिने गरी संगतिपूर्ण हुनुपर्छ।

३. राष्ट्रहरूले प्रति २ वर्ग एम कागजको वजनको हिसाबले र मिथ्याकरण रोक्न मेसिनको बदलिँदो पृष्ठभूमिको प्रयोगसम्बन्धी मापदण्ड निर्धारण गर्न सक्नेछन्।

४. प्रयोगकर्ताहरूको मार्गनिर्देशनका लागि, उत्पत्तिको प्रमाणपत्र स्थापना गर्ने नियमलाई प्रमाणपत्रको पछाडि मुद्रण गर्न सकिनेछ।

५. पारस्परिक प्रशासनिक सहायता सम्झौता अन्तर्गत तथ्य पछिको नियन्त्रणका लागि अनुरोध पेस गर्न सकिने अवस्थामा सो प्रयोजनको लागि प्रमाणपत्रको पछाडि ठाउँ राख्न सकिनेछ।

६. नमुना फारामका कोठाहरूका सम्बन्धमा देहायका टिप्पणी लागू हुनेछन्:

कोठा नं १: “निकासीकर्ता” को सट्टा “प्रेषक”, “उत्पादक”, “आपूर्तिकर्ता” आदि प्रयोग गर्न सकिनेछ।

कोठा नं २: उत्पत्तिको एउटा मात्र सक्कल प्रमाणपत्र हुनुपर्छ। त्यस्तो प्रमाणपत्रको शीर्षक नजिक “सक्कल” भन्ने शब्द उल्लेख गरिएको हुनुपर्छ। हराएको सक्कल प्रमाणपत्रको सट्टा उत्पत्तिको प्रमाणपत्र जारी गरिएकोमा त्यसरी जारी गरिएको प्रतिस्थापन प्रमाणपत्रको शीर्षक नजिक “नक्कल” भन्ने शब्द उल्लेख गरिनेछ। सक्कल वा नक्कल प्रमाणपत्रको प्रतिलिपिमा सोको शीर्षक नजिक “प्रतिलिपि” भन्ने शब्द उल्लेख गरिनेछ।

यो कोठामा जारी गर्ने अधिकारीको नाम (लोगो, चिन्ह आदि) र अन्य कार्यालय प्रयोजनका लागि ठाउँ राख्नुपर्छ ।

कोठा नं ३ : यस कोठामा उल्लेख गरिएको विवरणलाई "आदेश दिने" र सम्भव भएमा गन्तव्य राष्ट्र भन्ने शब्दबाट प्रतिस्थापन गर्न सकिनेछ ।

कोठा नं ४: यो कोठा ढुवानीको साधन, मार्ग आदि सम्बन्धी अतिरिक्त जानकारीका लागि प्रयोग गर्न सकिनेछ । उदाहरणका लागि जारी गर्ने अधिकारीले यस्तो जानकारी उल्लेख गर्न चाहेमा यस कोठामा उल्लेख गर्न सकिनेछ ।

कोठा नं ५: "वस्तु नं" को संकेत आवश्यक पर्ने भएमा विशेषतः यस कोठाको किनारामा वा कोठाको प्रत्येक हरफको सुरुमा त्यस्तो संकेत राख्न सकिन्छ । "संकेत र संख्या" लाई "प्याकेजको संख्या र किसिम" तथा "मालवस्तुको विवरण" बाट ठाडो रेखाले छुट्टयाउन सकिन्छ । रेखा प्रयोग नगरिएकोमा यी विवरणलाई पर्याप्त अन्तरणबाट छुट्टयाउनुपर्छ । मालवस्तुको विवरणलाई विशेषतः महलको दाँया भागमा लागू हुने हार्मोनाइज्ड प्रणालीको शीर्षकको संख्या उल्लेख गरेर पुष्टि गर्न सकिन्छ । उत्पत्ति मापदण्डको विवरण आवश्यक भएमा यस कोठामा उल्लेख गर्नुपर्छ र त्यसलाई ठाडो रेखाको प्रयोग गरी अन्य जानकारीबाट छुट्टयाउनुपर्छ ।

कोठा नं ६: सामान्यतया मालवस्तुको पहिचान गर्न कुल तौल नै पर्याप्त हुनुपर्छ ।

कोठा नं ७: नाप वा अन्य कागजातको सन्दर्भ (उदाहरणका लागि व्यापारिक बीजक) जस्ता आवश्यक पर्नसक्ने कुनै अतिरिक्त विवरणका लागि यो महल खाली राखिएको छ ।

कोठा नं ६ र ७: निकासीकर्ताले पहिचान सहजीकरण गर्नका लागि उल्लेख गर्नसक्ने अन्य विवरण उपयुक्तता अनुसार कोठा ६ वा ७ मा राख्न सकिन्छ ।

कोठा नं ८: यो ठाउँ सक्षम अधिकारीले प्रमाणीकरणको विस्तृत विवरण उल्लेख गर्नका लागि आरक्षित गरिएको छ (प्रमाणीकरण लेजेन्ड, छाप, दस्तखत, जारी मिति र स्थान आदि) । विवरणको संक्षिप्त शब्द आदिलाई जारी गर्ने अधिकारीको तजबिजमा छोडिन्छ, नमुना फाराममा प्रयोग भएका शब्दहरू उदाहरण मात्र हुन् । यो कोठा निकासीकर्ता (वा आपूर्तिकर्ता वा उत्पादक) ले हस्ताक्षर गरिएको घोषणाका लागि समेत प्रयोग हुन सक्नेछ ।

# परिशिष्ट ३

## उत्पत्तिको प्रमाणपत्र स्थापना गर्ने नियम

उत्पत्तिको प्रमाणपत्र (र लागू हुने अवस्थामा त्यस्तो प्रमाणपत्रको प्रयोग) स्थापना गर्ने नियम माथि उल्लेख गरिएका विवरणलाई ध्यानमा राखी राष्ट्रिय अधिकारीको तजबिजमा छोडिन्छ। तर अन्य कुराको अतिरिक्त देहायका व्यवस्थाहरूको परिपालनाको प्रत्याभूत गर्न आवश्यक हुन सक्नेछ:

१. कुनै पनि प्रक्रियाबाट फाराम भर्न सकिनेछ। तर प्रविष्टि मेट्न नसकिने र पढ्न सकिने हुनुपर्छ;

२. प्रमाणपत्र (वा निवेदन) मा केरमेट गर्न वा थपेर लेख्न पाइने छैन। कुनै पनि परिवर्तन गर्नुपरेमा त्रुटिपूर्ण सामग्री काटी आवश्यक विवरण थप्नुपर्छ। त्यस्तो परिवर्तन गर्नेले सो अनुमोदन गर्नुपर्छ र उपयुक्त अधिकारी वा निकायले सो कुरा प्रमाणित गर्नुपर्छ;

३. प्रयोग नगरिएको कुनै पनि ठाउँमा पछि थप हुनबाट रोक्न क्रस गर्नुपर्छ;

४. निकासी व्यापारको आवश्यकताबाट वाञ्छनीय भएमा सक्कल प्रतिको अतिरिक्त एक वा बढी प्रति तयार पार्न सकिनेछ।

# विशेष अनुसूची ञ

## परिच्छेद ३

## उत्पत्तिको लिखित प्रमाणको नियन्त्रण

**परिभाषा**

यस परिच्छेदको प्रयोजनका लागिः

१. "उत्पत्तिको प्रमाणपत्र" भन्नाले मालवस्तुलाई पहिचान गराउने त्यस्तो विशेष फाराम सम्झनुपर्छ, जसमा सो जारी गर्ने अधिकारप्राप्त अधिकारी वा निकायले सो प्रमाणपत्रले सम्बोधन गर्ने मालवस्तु निश्चित राष्ट्रमा उत्पन्न भएको भनी स्पष्ट रूपमा प्रमाणित गर्दछ । यो प्रमाणपत्रले निर्माणकर्ता, उत्पादक, आपूर्तिकर्ता, निकासीकर्ता वा अन्य सक्षम व्यक्तिबाट गरिएको घोषणासमेतलाई जनाउन सक्नेछ;

२. "उत्पत्तिको प्रमाणित घोषणा" भन्नाले अधिकारप्राप्त अधिकारी वा निकायले प्रमाणित गरेको "उत्पत्तिको घोषणा" सम्झनु पर्छ;

३. "उत्पत्तिको घोषणा" भन्नाले निर्माता, उत्पादक, आपूर्तिकर्ता, निकासीकर्ता वा अन्य सक्षम व्यक्तिले मालवस्तुको निकासीको सम्बन्धमा व्यापारिक बीजक वा मालवस्तुसँग सम्बन्धित अन्य कुनै कागजातमा मालवस्तुको उत्पत्तिको बारेमा उल्लेख गरेको उपयुक्त कथन सम्झनु पर्छ;

४. "उत्पत्तिको लिखित प्रमाण" भन्नाले उत्पत्तिको प्रमाणपत्र, उत्पत्तिको प्रमाणित घोषणा वा उत्पत्तिको घोषणा सम्झनु पर्छ ।

## सिद्धान्त

**१. मापदण्ड**

उत्पत्तिको लिखित प्रमाणको नियन्त्रणका लागि प्रशासनिक सहायताका हकमा यस परिच्छेदका व्यवस्थाहरू र लागू हुने हदसम्म सामान्य अनुसूचीका व्यवस्थाहरू लागू हुनेछन् ।

## पारस्परिकता

**२. मापदण्ड**

अनुरोध गर्ने संविदाकारी पक्षको सक्षम अधिकारीले नियन्त्रणका लागि अनुरोध प्राप्त गरेको अवस्थामा नियन्त्रण सम्बन्धी सहयोग उपलब्ध गराउन नसक्ने भएमा नियन्त्रण सम्बन्धी सहयोगको अनुरोध प्राप्त गर्ने संविदाकारी पक्षको सक्षम अधिकारीले सो अनुरोध पालना गर्न आवश्यक हुँदैन ।

## नियन्त्रणको अनुरोध

**३. सिफारिस गरिएको अभ्यास**

यो परिच्छेद स्वीकार गरेको संविदाकारी पक्षको भन्सार प्रशासनले देहायको अवस्थामा यो परिच्छेद स्वीकार गरेको र आफ्नो इलाकामा उत्पत्तिको लिखित प्रमाण स्थापित गरिएको संविदाकारी पक्षको सक्षम निकायलाई त्यस्तो प्रमाणको नियन्त्रणका लागि अनुरोध गर्न सक्नेछः

(क) कागजातको आधिकारिकतामा शंका गर्नुपर्ने मुनासिव आधार भएमा;

(ख) त्यसमा दिइएको विवरणको यथार्थमा शंका गनुपर्ने मुनासिव आधार भएमा;

(ग) अनियमित आधारमा ।

**४. मापदण्ड**

सिफारिस गरिएको अभ्यास ३ (ग) मा व्यवस्था भए बमोजिम अनियमित आधारमा नियन्त्रणका लागि गरिएको अनुरोधलाई सोहीरूपमा पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण सुनिश्चित गर्न न्यूनतम आवश्यकतामा सीमित राख्नुपर्छ ।

**५. मापदण्ड**

नियन्त्रणको अनुरोधमाः

(क) अनियमित आधारमा नियन्त्रणको अनुरोध गरिएकोमा बाहेक अनुरोध गर्ने भन्सार प्रशासनले पेस गरिएका कागजातको आधिकारिकताको बारेमा वा त्यसमा उल्लेख गरिएको विवरणको यथार्थका बारेमा गरेको शंकाको कारण उल्लेख गर्नेछ;

(ख) उपयुक्तता अनुसार, पैठारीको राष्ट्रमा मालवस्तुमा लागू हुने उत्पत्तिको नियम र सो राष्ट्रले अनुरोध गरेका कुनै अतिरिक्त जानकारी उल्लेख गरिनेछ;

(ग) जाँच गर्नुपर्ने उत्पत्तिको लिखित प्रमाण वा सोको प्रतिलिपि तथा उपयुक्तता अनुसार नियन्त्रण सहजीकरण गर्ने बीजक, पत्राचार आदि अन्य कुनै कागजात संलग्न हुनेछ ।

**६. मापदण्ड**

यो परिच्छेद स्वीकार गरेको कुनै संविदाकारी पक्षबाट नियन्त्रणका लागि गरिएको अनुरोध प्राप्त गर्ने कुनै पनि सक्षम अधिकारीले आफैँले आवश्यक नियन्त्रण गरी वा अन्य प्रशासनिक अधिकारी वा सो प्रयोजनका लागि अधिकृत निकायबाट आवश्यक अनुसन्धान गराई सो अनुरोधको जवाफ दिनेछ ।

**७. मापदण्ड**

नियन्त्रणका लागि अनुरोध प्राप्त गर्ने अधिकारीले अनुरोध गर्ने भन्सार प्रशासनले सोधेका प्रश्नहरूको जवाफ दिने र आफूले सान्दर्भिक ठानेका अन्य कुनै जानकारी उपलब्ध गराउनेछ ।

**८. मापदण्ड**

नियन्त्रणको अनुरोधको जवाफ ६ महिनामा नबढ्ने गरी तोकिएको अवधिभित्र दिइनेछ । अनुरोध प्राप्त गर्ने अधिकारीले ६ महिनाभित्र जवाफ दिन नसकेमा सोको जानकारी अनुरोध गर्ने भन्सार प्रशासनलाई दिनेछ ।

**९. मापदण्ड**

नियन्त्रणको अनुरोध तोकिएको अवधिभित्र गर्नुपर्छ र सो अवधि विशेष परिस्थितिमा बाहेक अनुरोध गर्ने संविदाकारी पक्षको भन्सार कार्यालयसमक्ष कागजात पेश गरिएको मितिले एक वर्षभन्दा बढी हुनु हुँदैन ।

## मालवस्तु फुकुवा गर्ने

**१०. मापदण्ड**

नियन्त्रणको अनुरोधले मालवस्तु फुकुवा गर्न रोक लगाउने छैन । तर ती मालवस्तु पैठारी गर्न निषेध गरिएको वा प्रतिबन्ध लगाइएको र जालसाजीको संशंयमा रहेको हुनु हुँदैन ।

## विविध व्यवस्थाहरू

### ११. मापदण्ड

यस परिच्छेदका व्यवस्थाहरू अनुसार सम्प्रेषण गरिएको कुनै पनि जानकारीलाई गोप्य जानकारीको रूपमा व्यवहार गरिने र भन्सार प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ ।

### १२. मापदण्ड

सक्षम अधिकारी वा अधिकारप्राप्त निकायले आफूबाट जारी गरिएका उत्पत्तिको लिखित प्रमाणको नियन्त्रणका लागि आवश्यक कागजात पर्याप्त अवधिसम्म सुरक्षित राख्नुपर्छ । त्यस्तो अवधि लिखित प्रमाण जारी गरिएको मितिले दुई वर्षभन्दा कम हुनु हुँदैन ।

### १३. मापदण्ड

यो परिच्छेद स्वीकार गर्ने संविदाकारी पक्षहरूले नियन्त्रणका अनुरोधहरू प्राप्त गर्न सक्षम अधिकारीहरू तोकी तिनको ठेगानाको जानकारी परिषद्का महासचिवलाई दिनेछन् र महासचिवले त्यस्तो जानकारी यो परिच्छेद स्वीकार गरेका अन्य संविदाकारी पक्षहरूलाई सम्प्रेषण गर्नेछन् ।

भन्सार कार्यविधिहरूको सरलीकरण तथा सामञ्जस्यीकरण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि संशोधन गर्ने प्रोटोकल